'दरबार हत्याकाण्डको रहस्य प्रहरीले पत्ता लगाउन सक्छ'

आइतबार • २९ असोज २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय सा

केपी ओली र पुष्पकमल दाहाल, १७ असोजमा पार्टी एकीकरणको सहमति घोषणा कार्यक्रममा

फन्को – १८०°

एमाले–माओवादी केन्द्रबीचको वर्षौं लामो शत्रुता एकाएक मित्रतामा परिणत

K. L. DUGAR GROUP
Skyworth
My Wonderful Life
Skyworth
दशैं हुन्छ
Worthfull
उपहार छ
भरपुर
OLED
4K
यो दशैं र तिहारमा पाउनुहोस् Skyworth TV, Washing Machine, Vacuum Cleaner र Air Conditioner को हरेक खरिदमा Sure Shot Prizes
GLOBAL LED TV BRAND TOP 5
IDEA Inc. 2017
Model No.: G9300, 65inch
FREE Skyworth Microwave Oven (30Ltr.)
Worth Rs. 21,900/-
FEATURES
4Kx2K Screen Resolution
JBL Soundbar
5.27 MM Thickness
Smart Plus
Energy Saving
Skyshare
USB 3.0
HIGH DEFINATION MULTIMEDIA INTERFACE HDMI 2.0
49/55/65inch
FREE Fagor Pressure Cooker
Worth Rs. 10,000/-
43inch
FREE Skyworth Rice Cooker (3.2 Ltr.)
Worth Rs. 4,300/-
49inch SMART
FREE Fagor Pressure Cooker
Worth Rs. 10,000/-
49/55inch Normal
FREE Skyworth Rice Cooker (3.2 Ltr.)
Worth Rs. 4,300/-
43inch SMART
FREE Skyworth Rice Cooker (2.2 Ltr.)
Worth Rs. 3,000/-
32inch SMART
FREE Skyworth Rice Cooker (1.8 Ltr.)
Worth Rs. 2,900/-
39/40/43inch Normal
FREE Skyworth Rice Cooker (1.8 Ltr.)
Worth Rs. 2,900/-
24/32 inch Normal
FREE Skyworth Steam Iron
Worth Rs. 1,790/-
Front Load 9KG
FREE Skyworth Rice Cooker (3.2 Ltr.)
Worth Rs. 4,300/-
Front Load 7.5KG
FREE Fagor Fan
Worth Rs. 4,000/-
Front Load 6KG
FREE Skyworth Rice Cooker (2.2 Ltr.)
Worth Rs. 3,300/-
Top Load 9KG
FREE Fagor Fan
Worth Rs. 4,000/-
Drum Vacuum Cleaner
FREE Skyworth Steam Iron
Worth Rs. 1,790/-
Air Conditioner
FREE Installation of
Worth Rs. 4,000/-
*Conditions Apply
SmartAppliances
CORPORATE OFFICE: SANOGAUCHARAN, NAXAL, KATHMANDU, TEL: 01-4443738
EXCLUSIVE SHOWROOMS: KATHMANDU: NORKHANG COMPLEX, GROUND FLOOR, JAWALAKHEL - TEL: 01-5009030

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
त्रास हैन विश्वास छ
किनकि जगदम्बा ई छ
यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।
PRISMA - O&M/16
NS QUALITY AWARD 2015
M/S JAGDAMBA STEELS P. LTD
SIMARA, BARA
NS QUALITY AWARD-2015
NEPAL BUREAU OF STANDARDS AND METROLOGY
KATHMANDU, NEPAL
*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।
JAGDAMBA E
JAGDAMBA E Fe 500
NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।
facebook.com/jagdambasteels
• अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
• अन्तर्राष्ट्रिय गुणस्तर
किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार
जडी - बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

भित्र

आइतबार, २९ असोज २०७४ (वर्ष १८, अंक १०)
NEPAL National Weekly, 15 Oct 2017 (Vol. 18, No.10)

नेपाल
www.nepal.ekantipur.com

फन्को १८० डिग्रीको

आवरण २६

१६ संवाद
‘प्रहरी सेलिब्रिटी बन्ने चलनले पनि बिगारिरहेको छ’
– हेमन्त मल्ल ठकुरी

२० विद्यालय शिक्षा
ध्वस्तै पार्ने प्रबन्ध

२३ बेथिति
अर्थमन्त्रीका तीन अनौठा एजेन्डा



४० इतिहास
विभाग छन्, वेत्ता छैनन्

कृष्णाभीर-२	१५
दृष्टिकोण : हस्त गुरुङ	१८
विमर्श : अच्युत वाग्ले	३४
अभिमत : अंगराज तिमिल्सिना	३६
सकसमा अर्जेन्टिना	३८
परदेशबाट : विश्वास हमाल	४५

५४ झल्याकझुलुक
उडायो सपना
दंग दीपिका

४२ युवापुस्ता
लेदरका घरेलु उद्यमी

स्थायी स्तम्भ >>
पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २२ असोज २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

आय आर्जनको माध्यम

खासमा तराईवासी सामान्य किसान परिवारका लागि अब साइकल सोख र रमाइलोको साधन मात्र रहेन *(साइकल जिन्दगी, २२ असोज)*। सामान्य किसान परिवारका लागि त साइकल आय आर्जन र जीवन गुजाराको उपयुक्त माध्यम पनि बनेको छ। अहिले साइकलका ८० प्रतिशत उपभोक्ता भनेका किसान नै हुन्। पाँच दशकअघि सान र इज्जत मानिने साइकल अहिले आममानिसको निर्वाह र आयआर्जनको मुख्य साधन बनेको छ। अहिले स्कुटी, मोटरसाइकल वा कार जे-जेमा रमाए पनि ती व्यक्ति एक न एकपटक साइकलबाट अवश्य गुज्रिएको हुन्छ। अहिले तराईमा साइकल घरघर होइन, व्यक्तिपिच्छे भइसकेका छन्। तसर्थ, हाम्रा लागि अब साइकल सोख होइन, आवश्यकता बनिसकेको छ।

● **कृष्णभूषण चौधरी**
टीकापुर, कैलाली

सरल सरला



राजा त्रिभुवनकी भित्रिया सुन्दरी अर्थात् रानी सरलासम्बन्धी सामग्री रोचक लाग्यो *(राजा त्रिभुवनकी गुमनाम रानी, २२ असोज)*। राजा त्रिभुवन स्त्रीलम्पट थिए भन्ने कुरा विभिन्न प्रसंगमा चर्चा भएकै हो। यस सामग्रीले त्यस कुरालाई थप पुष्टि गर्ने काम गरेजस्तो लाग्यो। वास्तवमा रानी सरलाको जीवनकथा मार्मिक रहेछ। सामग्री पढ्दा धेरै जिज्ञासा जगाउँछ तर ती जिज्ञासा मेटाउने काम गरेजस्तो लागेन।

● **मिलन तुलाधर**
असन, काठमाडौँ

मुलुककै बेइज्जत

संविधानतः व्यवस्था भएको पूर्वराष्ट्रपतिलाई दिइने सुविधामा यति धेरै किचकिच किन *(महामहिमलाई डेराकै तनाव, २२ असोज)*। सरकारले आफ्ना कार्यकर्ता र आसेपासे पोस्न जति पनि रकम निकासा गर्न सक्ने तर पूर्वराष्ट्रपतिलाई उपलब्ध गराउने भनिएको घरभाडामा किन यस्तो किचलो ? भ्रष्टाचार गर्न जति पनि सक्ने तर पूर्वराष्ट्रपतिका निम्ति उपलब्ध गराएको घरको भाडा तिर्न किन यति लापरबाही ? कतै सरकारी कर्मचारीले कमिसन नपाउने भएर त यस्तो भएको होइन ? यदि सुविधा दिनु छैन भने कानुन र संविधानबाटै उक्त सुविधा दिने प्रावधान हटाइदिए त झन्झटै समाप्त हुन्छ नि !

● **श्रवण श्रेष्ठ**
पाटन, ललितपुर

पूर्वराष्ट्रपति रामवरण यादवलाई आफ्नो पुर्ख्यौली घर धनुषा फर्किएर सामान्य जीवन बिताउन के कुराले रोकेको छ ? अमेरिकाका पूर्वराष्ट्रपति त आफ्नो कार्यकाल समाप्त भएपछि घर फर्किएर प्राइभेट जागिर खान्छन् भने यादवलाई यसो गर्न के कुराले रोकेको छ ? पेन्सन लिन्न भन्ने तर सेवा-सुविधा पाइनँ भनेर रोइलो गर्नुको अर्थ बुझिएन।

● **दिलीपकुमार गुरुङ**
काठमाडौँ

राजनीतिक नेतृत्व जिम्मेवार

साझा विवेकशील पार्टीका सह-संयोजक रवीन्द्र मिश्रका खरा कुरा घत पर्‍यो ('संविधानले बनाएको संरचना उल्टाउने हाम्रो मनसाय छैन', २२

असोज)। प्रजातान्त्रिक शैली र संस्कार अँगालेर संसारका धेरै मुलुक कहाँबाट कहा पुगिसके, हामी भने झन्पछि झन् अछाडि परेका छौँ। यसमा हाम्रो राजनीतिक नेतृत्व नै मूल रूपमा जिम्मेवार छ। यस्तो अवस्थामा केही गर्ने मनसाय बोकेर राजनीतिमा हाम फालेका मिश्रको आलोचना गर्ने बेला भइसकेको छैन।

● **विष्णु कुइँकेल**
चाबहिल, काठमाडौँ

- पत्रकारिता क्षेत्रमा प्राप्त गरेको सम्मान र कदर राजनीतिमा लागेर गुम्ने खतरा पनि उत्तिकै छ। रवीन्द्र मिश्र बेलैमा यस कुरामा सचेत भए राम्रो। किनभने, फलानो यस्तो, ढिस्कानो उस्तो भनेर आलोचना गर्न जति सहज छ, काम गरेर देखाउन उत्तिकै गाह्रो छ।

● **खेमराज तमोली**
गुजरात, भारत

गतिलो झापड

नेपालमा सियो पनि उत्पादन हुँदैन भन्नेका लागि कोबोल्ड ब्रान्डका महँगा घडी नेपालमै बन्छन् र यहीँ बिक्री हुन्छन् भन्ने समाचार गतिलो झापड हो *(मूल्य : साढे १६ लाख, मेड इन नेपाल, २२ असोज)*। मुलुकमै यस्ता घडी बन्छन् भन्ने कुरा सुखद समाचार हो। त्यसो त ३० वर्षअघि पनि बालाजु औद्योगिक क्षेत्रमा डोल्मा नामको घडी उत्पादन हुन्थ्यो। रेडियो नेपालले नेपालमा बनेको बलियो र भरपर्दो डोल्मा घडी भन्दै विज्ञापन बजाउँथ्यो। यस कम्पनीले त्यस्तो नियति भोग्नु नपरोस्।

● **ओम शाक्य**
काठमाडौं

फिल्मजस्तो जीवन

कुनै बेलाका चर्चित पत्रकार पदम ठकुराठीको व्यक्तिचित्र फिल्मजस्तै लाग्यो

(बोनस ३१ वर्ष, २२ असोज)। पत्रकारितामा लागेर उनले भोगेको सास्ती र कष्ट वास्तवमै संघर्षपूर्ण छ। पत्रकार भएकै कारण गोली खान बाध्य भएका ठकुराठीको सरल जीवन र सादगीपूर्ण दिनचर्याबाट आजको पुस्ताले धेरै कुरा सिक्न सक्छ।

● **कृष्ण भट्ट**
महेन्द्रनगर, कञ्चनपुर

रोचक दसैं साहित्य

विभिन्न विधामा कलम चलाउने साहित्यकारका अनुभूतिपरक रचनासँगै यो वर्षको दसैं विदा बिताउन पाइयो। समग्रमा

दसैं साहित्य प्याकेज रोचक लाग्यो। कथा, कविताबाहेकको साहित्य नै हुँदैन भन्नेहरूका लागि यो सामग्री गतिलो जवाफ पनि हो। वसन्त थापा, राजेश मिश्र, खगेन्द्र संग्रौला, चित्रबहादुर चौधरी, नारायण ढकाल, भवसागर घिमिरे र सिपी अर्यालका अनुभूतिपरक रचना उम्दा छन्।

● **नवीन आचार्य**
नयाँ बानेश्वर, काठमाडौं

सुदूरपश्चिमका हीरा

रामलाल जोशीको अनुभूति पढ्दा आँखै



रसाएर आए *(पात्र र पाठक, १ असोज)*। जीवन भोगाइको वास्तविकतालाई उनले ऐनामा जस्तै छर्लंग पारेका छन्। देखावटी र काल्पनिक शृंगारभन्दा जीवन भोगाइका पीडालाई भिन्न रूपमा कलममार्फत अभिव्यक्त गर्न सफल छन् जोशी। सुदूरपश्चिमको साहित्य जगत्का हीरा जोशीको जति प्रशंसा गरे पनि कमै हुन्छ।

● **राजेन्द्रविक्रम शाही**
दिपायल, डोटी

विदेशबाट

तीनवर्षे जीवित देवी

हिन्दु र बौद्धमार्गी दुवैले पुज्ने जीवित देवी 'कुमारी'मा तीनवर्षे तृष्णा शाक्य चयन भएकी छन् । अन्तिम चयनका लागि शाक्यहरू बीचबाट चार जना छनोटमा परेका थिए । निर्णायक मण्डलले केही दिन लगाएर उनको चिना, राशि एवं शारीरिक खोटहरूबारे बुझ्ने र विवेचना गर्ने काम सकेर तृष्णालाई कुमारीका लागि चयन गरेको हो । जीवित देवी हुनका लागि उनको शरीरमा कुनै किसिमको खोट हुनुहुँदैन ।

'हाम्रो परम्परामा कुमारी १२ वर्ष पुगेपछि अर्की कुमारीको खोज सुरु हुन्छ । हामीले चयन गर्ने कुमारीले देशका लागि राम्रो भाग्य लिएर आउन सकून् भन्ने हेतुले उपयुक्त ढंगले खोजिन्छ,' निर्णायक मण्डलका एक गौतम शाक्यले बताए । काठमाडौंमा आयोजित कुमारी सार्वजनिक समारोहमा सयौं भक्तजन तथा श्रद्धालु लामबद्ध भएर रातो पहिरनमा फूलमालाले सजिएकी कुमारीको दर्शन गरे । कुमारीघरमा जान लागेकी उनलाई घर छाड्ने बेला मानिसहरूले चकलेट, अन्डा, मिठाई र फलफूल दिएका थिए ।

अमेरिकी समाचार संस्था *एपी*सँग कुमारीका बाबु विजयरत्न शाक्यले आफ्नी छोरी अब देशकै देउताका रूपमा रहनेमा प्रशन्नता व्यक्त गर्दै भने, 'म खुसी छु । तर, आफूलाई रूनबाट रोक्न सकिनँ ।' ◆

तस्बिरमा इतिहास

पञ्चायतकालका प्रहरी :
४७ वर्षअघि राजधानीमा सुरक्षार्थ खटिएका प्रहरी ।

सुर-बेसुर

"लेनिनको एउटा उक्ति छ, यदि तपाईंले राजनीतिलाई हस्तक्षेप गर्नुभएन भने राजनीतिले तपाईंको जीवनमा हस्तक्षेप गर्छ । मेरो जीवनमाथि पनि धेरै ठूलो राजनीति भयो । म राजनीतिमा आउन प्रशिक्षित भएको व्यक्ति थिइनँ । बरू, मुलुकप्रति जीवन समर्पण गरेको सिपाही थिएँ । तर, मैले राजनीति नअँगाले आफ्नो अस्तित्वमाथि प्रश्नचिह्न खडा हुन्छ भनेर नै आज यहाँ उपस्थित छु ।"

नवराज सिलवाल, पूर्वडीआईजी
(नेकपा एमाले प्रवेश कार्यक्रम, २० असोज ०७४)
ईकान्तिपुर

सोझै



तथ्यचित्र

आव ०७४/७५ मा

कति होला आर्थिक वृद्धि ?



सकारात्मक संकेत

- ऊर्जा व्यवस्थापनले औद्योगिक क्षेत्रको विस्तार
- पर्यटनमा सुधार
- खुद्रा तथा थोक व्यवसायमा सुधार

घट्न सक्नु पछाडिका प्रमुख कारण

- तराईमा आएको मनसुनी डुबान
- कटान गरेको खेतियोग्य जमिन
- घट्न कृषि उत्पादन दर

स्रोतः नेपाल सरकार/विश्व बैंक/एडीबी | इन्फोग्राफिक्स : यमन मानन्धर

सातका चर्चित

नगेन्द्रराज शर्मा साहित्यिक
रोचक घिमिरे पत्रकार

दुई लाख रुपियाँसहित 'पद्मश्री साधना सम्मान'बाट संयुक्त रूपमा सम्मानित भएकाले । साहित्यिक पत्रकारितामा दीर्घ योगदानको कदर गर्दै सो सम्मान गरिएको हो ।

रूजेश शाही
बडी बिल्डर

मंगोलियामा आयोजित नवौं विश्व शारीरिक सुगठन प्रतियोगिताको ६० किलो तौल समूहमा तेस्रो स्थान हासिल गरेकाले ।

चुनाव चिह्न भाडामा

यहाँ चुनाव चिह्न भाडामा पाइन्छ । समयमै दल दर्ता गर्न नसकेर चुनाव लड्न नपाएकाहरू, आफ्नो चुनाव चिह्नमा विश्वास नभएकाहरू जो जो हुनुहुन्छ, अब चिन्ता लिनुपर्दैन । आउनुहोस्, छिटो गर्नुहोस् । हाम्रो चुनाव चिह्न भाडामा उपलब्ध छ । सबै कानुनी प्रक्रिया पुगेको, उस्तै परे बैंक ग्यारेन्टी र बिमासमेतको व्यवस्था भएको चुनाव चिह्न हामीसँग छ । हाम्रो चिह्न आममतदाताबीच परिचित भएकाले विज्ञापनमा धेरै खर्च गर्नु पर्दैन । दसैं, तिहार, छठ, नेपाल संवत्को नयाँ वर्षलगायत सम्पूर्ण चाडपर्वको अवसरमा हामीले चुनाव चिह्नसम्बन्धी विभिन्न स्किम सार्वजनिक गरेका छौं । एउटा मात्र चुनाव लड्ने, दुईवटा चुनाव लड्ने, पाँच वर्ष, १० वर्ष, १५ वर्ष, २० वर्षदेखि ४० वर्षसम्म हाम्रो चुनाव चिह्न लिजमा उपलब्ध छ । सेवा, सर्त र भाडा शुल्क आपसी समझदारीमा तय गरिनेछ । विस्तृत जानकारीका लागि पार्टी मुख्यालयमा सम्पर्क गर्नुहोला । दलालमार्फत आउँदा विशेष छूट पाइनेछ ।

■ **रुन्चे राइँलो**

पुनर्कम्युनिस्ट भवः

बिरालोले खेदेर हैरान पारेपछि एउटा मुसाले आफ्नो मालिक जोगीसँग बिरालो बनाइदिन आग्रह गरेछ । जोगीको शक्तिले तत्कालै ऊ बिरालो बनेछ । तैपनि, समस्या टरेन, बिरालो बनेको मुसालाई टोलभरिका कुकुरले आक्रमण गर्न खोजेपछि भागेर फेरि जोगीसित आफूलाई कुकुर बनाइदिन भनेछ । जोगीले तथास्तु भनेपछि ऊ कुकुर भइहाल्यो । फेरि उसलाई बाघले आक्रमण गर्न खोजेपछि भागेर जोगीसित बाघ बनिपाऊँ भनी माग्यो । बाघ के बनेथ्यो, उसले जोगीलाई नै झम्टन खोज्यो र जोगीले हत्तपत्त पुनर्मुसिको भवः भनेर मन्त्र फुकेपछि पुनः मुसामा परिणत भइहाल्यो । पुराणको कथा फेरि दोहोरिएको छ ।

पार्टीभित्र प्रचण्डको 'ज्यादती' सहन नसकेपछि कमरेड बाबुराम भट्टराईले माओवादको सिद्धान्त त्याग्दै भीष्मप्रतीज्ञा गरे, 'अब कुनै पनि हालतमा प्रचण्डसित मिलाप हुने छैन ।' त्यसैले कम्युनिज्मको नीति-नियमबाट चोखो, विशुद्ध नयाँ पार्टी, नयाँ शक्ति खोले । तर, उनको

भाटे किराँती

सॉँच्चै क्रान्तिकारी कामरेड रहेछन्, गोपाल किराँती । कामरेड केपी ओली र प्रचण्डको 'ठूला वाम : एक ठाम'लाई महाबली कांग्रेसले चुनौती दिन सकेन, अर्को गठबन्धन बनाउने रून्चे घोषणामै खुम्चेको छ । बरू पहिलो र ठूलो पार्टीको पिलन्धरे सपनाबाट दुईतिहाइ बहुमतको सरकारमा बढुवा भएका ओली र प्रचण्डलाई उनले ठाडै पार्टी पुनर्गठन, लडाकू दस्तादेखि भाटे कारबाहीसम्मको धम्की दिएको दियै छन् । कहिले राई, कहिले खुम्बु त कहिले किराँती थरमा बदलिरहने गोपालले छापामार स्वभाव देखाएपछि कामरेडहरूको रक्तचाप बढेको बढ्यै छ । उतिबेलाका पक्का पहिचानवादी अनि महामधेसवादी प्रचण्ड नै 'ओलीवादी' भएर निस्केपछि उनी के गरून् ? बरू 'उत्पात प्रचण्डवादी' गोपाल अब पदको उधारो मोलमोलाइमा टुंगिएलान् कि साँच्चै 'भाटे किराँती' नै बन्लान् ? लाल कुमाल उनको क्रान्तिकारिता नाप्न उत्सुक छ । कमरेडको जो मर्जी ।

■ **लाल कुमाल**

माकफुइँ एक वर्ष पनि टिकेन । उनको हालत उही बाघको अनुहार भएको मुसाको जस्तै पो भयो । दायाँबायाँ कसैले नगनेपछि उनले मनमनै कामना गरे र कहाँबाट हो कुन्नि, 'पुनर्कम्युनिस्ट भवः' भन्ने आवाज आएलगत्तै प्रचण्डशक्ति र ओलीशक्तिमा बाबुरामशक्ति विलय भएछ ।

■ छुल्याहा गुरु

क्रमभंगको भय

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड निरन्तरतामा क्रमभंग गर्न खप्पिस छन् । उनले एमालेसँगको चुनावी तालमेल घोषणासभामा भनेछन्, 'फेरि निरन्तरतामा क्रमभंग गरेको छु ।' प्रचण्डका क्रमभंग गनी नसक्नु छन् । कहिले जनवाद ल्याउन राजा र राजनीतिक दलसँग युद्ध, कहिले राजनीतिक दललाई सिध्याउन राजासँग मिल्ने प्रस्ताव, कहिले

भारतमा बसेर भारतकै विरूद्ध सुरूङ युद्धको घोषणा । अन्तिममा चाहिं नयाँ दिल्लीमा दलहरूसँग १२ बुँदे समझदारी र शान्तिपूर्ण राजनीतिमा अवतरण । प्रचण्डका यी सबै क्रमभंगमा १ सय ८० डिग्रीका अन्तर छन् । पछिल्लो समयमा प्रधानमन्त्री बन्न नपाएपछि एमालेसँग क्रमभंग गरेर शेरबहादुर देउवाको प्रस्तावमा प्रधानमन्त्री भए । प्रधानमन्त्रीबाट हटेपछि अहिले देउवासँग क्रमभंग गरेर केपी ओलीसँग पुनः क्रम मिलाउँदै छन् । एमालेसँग ६०-४० को क्रमभंगमा कांग्रेसले भोलि ५०-५० को प्रस्ताव गर्‍यो भने के गर्लान् ? फेरि एमालेसँग क्रमभंग गर्न बेर छैन । जुवाडेलाई चिन्ता छ, कतै क्रमभंगको भार थेग्न नसकेर प्रचण्ड र उनको पार्टी नै भंग त हुने होइन ?

■ जुवाडे जेठो

झटारो | ■ लक्ष्मण गाम्नागे

आकाशको फल

उहिलेउहिले सञ्चारमाध्यमले दिने कतिपय समाचार सुन्दा पढ्दा हाम्रो आङै जिरिङ्ग हुन्थ्यो । हत्या, बलात्कार, भ्रष्टाचारी पक्राउ परेका, तस्करीका सुन वा रक्तचन्दन समातिएका, मिसावट गरेका खाद्यान्न बेचेको अभियोगमा व्यापारीहरू पक्राउ परेका इत्यादि समाचारले हामीलाई उद्वेलित बनाउँथ्यो । त्यस्ता 'हट न्युज'हरू हामी स्तब्ध भएर हेर्थ्यौं, सुन्थ्यौं । त्यस्ता समाचारले हाम्रो शरीरमा काँडा उम्रन्थे, रगत उम्लन्थ्यो ।

उहिलेका कुरा खुइलिए अब । अब हामी एकदमै शिथिल भइसक्यौं, उत्तेजनाहीन भइसक्यौं । संवेदना, उत्तेजना, करुणा, कौतूहल उत्पन्न गर्ने हामीभित्र रहेको हार्मोन नै निख्रिइसक्यो । दुई-चार जना मान्छे मारेको समाचार सुन्दा हाम्रो मन अलिकति पनि हल्लिँदैन अचेल । दसवर्षे हिंसात्मक द्वन्द्व भोगेपछि हामीलाई हत्या-हिंसाका घटना सामान्य लाग्न थाले । टनका टन तस्करीको सुन पटक-पटक हाम्रा एयरपोर्ट र भन्सारबाट आहोरदोहोर गर्दा पनि जाँचकीहरूले देख्न छाडेपछि १०-२० किलो सुन समातिएका समाचारले हामीलाई छुन छाडे । जुन दिनदेखि जुत्ता, मोजा र पशुका आन्द्राभुँडीबाट उत्पादित रक्सी वर्षौंदेखि हाम्रा उपभोक्ताले दन्काइरहेको थाहा पायौं, त्यस दिनदेखि खानेकुरामा के मिसावट गर्न हुने, के नहुने भन्ने कुनै सीमा हुँदो रहेनछ भन्ने हामीले बुझ्यौं । यसपछि अरू कुनै पनि खाद्य मिसावटका समाचार हामीलाई बेकार लाग्न थाले । भ्रष्टाचारको परिमाणले क्रान्तिकारी छलाङ मारेर लाखौं, करोडौं र अर्बौं मात्र होइन, आधा खर्ब छेउछाउको राजस्व छाडा साँढेले घाँस खाएजसरी खाएका समाचार आएपछि जाबो लाख-करोडका भ्रष्टाचारका समाचारमा हाम्रो देब्रे कान पनि ठडिन छाड्यो ।

हामी यति थेत्तरा भइसक्यौं, अब हामीलाई पत्रपत्रिका वा टेलिभिजनले अपराधका सामान्य समाचार सुनाएर जिस्क्याउन छाडे हुन्छ, त्यसबाट हामी पटक्कै उत्तेजित हुँदैनौं । जग्गा खरिदमा केही करोड घोटाला गरेको, ट्याक्सीले यात्रु ठगेको, पेट्रोलपम्पले ग्राहक लुटेको, सुन, रक्तचन्दन, यार्सा वा अरू कुनै बहुमूल्य वस्तुको तस्करीमा प्रहरी, सांसद, गृहमन्त्री वा प्रधानमन्त्रीकै संलग्नताको शंका रहेको जस्ता सामान्य समाचार हाम्रा लागि दालभात खाएवराबर भइसके । नेताहरू दिल्लीमा गएर लम्पसार परेको, विदेशीले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको, नेताहरू बिक्री भएको, प्रधानमन्त्रीले नदीनाला बेच्ने सम्झौतामा हस्ताक्षर गरेको, प्रधानन्यायाधीशले नागरिकता सच्याएर जागिर अवधि बढाएको, विधायकहरूले भ्रष्टाचारीले चुनाव लड्न पाउनुपर्ने माग गरेको, यी पनि हाम्रा लागि केटाकेटी समाचार भए ।

हामीलाई छक्क पार्ने समाचार अब के नै बाँकी होलान् र मुलुकमा ! भ्रष्टाचार वा फौजदारी अपराधमा बहालवाला मन्त्री, प्रधानमन्त्रीलाई पक्राउ गरेको समाचार कुनै बेला सुन्न पाएदेखि अलिकति नौलो मान्थे होलान् हाम्रा कानले । सुन तस्करीका घटनामा भरिया वा ड्राइभरको सट्टा मालिक स्वयं पक्राउ परेको समाचार हेर्न पाए हामी एकछिन छक्क पर्थ्यौं होला । हाम्रा नेताहरू दिल्लीसँग लम्पसार परेका समाचार के समाचार ? देशै बेचेको सम्झौतामा सही गरेको समाचार सुन्न पाए हाम्रो आङ एकछिन जिरिङ्ग हुन्थ्यो होला । अर्ब-खर्बको भ्रष्टाचार गरिदिने निमित्त पात्रहरू पक्राउ पर्नु, सफाइ पाउनु र छुट्नु कुनै नौलो भएन, तिनका संरक्षकहरू, धर्मपिताहरूलाई पाता फर्काएको समाचार सुन्न पाए हाम्रो मन अलिकति रोमाञ्चित हुन्थ्यो होला । तर, यस्ता समाचार हाम्रा लागि आकाशको फल भए । त्यस्ता समाचार हेर्न आँखा तर्दा तर्दै हामी भुतुक्कै हुने भयौं । गतिला समाचार सुन्नै नपाई हामी मर्ने भयौं ।

kathmandupost.ekantipur.com
HUMAN RESOURCE
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
It takes exceptional talent to see the potential of others. But, is it nature or nurture? What factors are to be considered before employing someone?
Find all you need to know about Human Resource Management.
KMG
KANTIPUR MEDIA GROUP
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

राजाबाट २० हजार क्षतिपूर्ति

भर्खर मात्र नारायणहिटी दरबारकै विशेष जाहेरी विभागमा सरुवा भएको थिएँ । आमनागरिकले आफ्ना दुखेसा र अन्यायमा परेका वेदना बिसाउने दरबारको आधिकारिक निकाय थियो त्यो । दैनिक करिब तीन हजारसम्म बिन्तीपत्र दर्ता हुन्थे । तिनलाई पढ्न मात्र हरेक दिन करिब आठ घन्टा खर्च हुन्थ्यो । पढेर प्राथमिकताक्रम छुट्याउँदै राजामा जाहेर गर्नैपर्ने किसिमका भए जाहेर गर्नुपर्थ्यो ।

यस्तैमा एक दिन डोटी स्थायी घर भएका र भद्रगोल जेलमा आजीवन कारावासको सजाय पाएर कैदी जीवन व्यतीत गरिरहेका एक सामान्य किसानले हालेको बिन्तीपत्र पढेँ, ज्यादै दर्दनाक र हृदयविदारक लाग्यो । ती कैदीले कारागारबाटै हालेको बिन्तीपत्रमा लेखेका थिए, '१४ वर्षअघि मैले जुन मानिसलाई मारेको भनेर सर्वस्वसहित आजीवन कारावासको सजाय भोगिरहेको छु, त्यो मानिस अहिले गाउँमा परिवारसहित बसिरहेको छ ।'

आफूले गरेको बिन्ती झूट्टा ठहरे मुलुकी ऐन, २०१९ ले आजीवन कारावासको सजाय २० वर्ष कायम गरे पनि कारावासमै पूरै जीवन बिताउन तयार रहेको लेखेका थिए । 'जाहेर गरेको कुरा सत्य ठहरे १४ वर्षसम्म मेरा बालबच्चासँग बस्न, हिँडडुल गर्न र आफ्नो पेसा गरी स्वतन्त्र ढंगले जीवन यापन गर्न नपाएकामा त्यसको क्षतिपूर्तिसमेत पाउनुपर्ने' माग पनि उनले बिन्तीपत्रमार्फत गरेका थिए ।

बिन्तीपत्रको बेहोरा जस्ताको तस्तै जाहेर गरेपछि राजाद्वारा 'निवेदकको गाउँमै गई गोप्य रूपमा हेरी/बुझी सत्यतथ्य जाहेर गर्नू' भनी डोटी जिल्लाका बडाहाकिमलाई निर्देशन भयो । बडाहाकिमले स्थलगत अध्ययन गरी निवेदकले भनेको बेहोरा साँचो रहेको भन्दै गोप्य जाहेरी राजालाई बुझाए । त्यसपछि 'मुद्दाको सम्पूर्ण मिसिल झिकाई हेरी सुरु कारबाही तथा किनारा गर्ने न्यायाधीश, कारिन्दा, पुनरावेदन सुन्ने न्यायाधीश र सर्वोच्च अदालतबाट निर्णय गर्ने न्यायाधीश को-को रहेछन्, तिनीहरूको समेत विवरण जाहेर गर्नू' भनी राजाबाट हामीलाई आदेश भयो ।

वास्तवमा डोटी जिल्लाका दुई जना ठालू बाबुसाहेबबीचको लडाइँको घानमा ती सोझा किसान पिसिन पुगेका रहेछन् । दुई जना किसानबीच जग्गाको मुद्दामा सामान्य भनाभन हुँदा एक जनाले 'तँलाई नमारी छोड्दिनँ' भनेको विषय बढेर त्यो तहमा पुगेको रहेछ । सोझो किसानलाई उक्साएर 'अब त्यसले तँलाई नमारी छोड्दैन, तसर्थ तँ फरार भइस् भने बँच्छस्' भनेर एक जना किसानलाई बाटो खर्चसमेत दिएर बम्बई पठाइएको रहेछ र अर्को सोझो किसानलाई उसको हत्या गरेको अभियोग लगाएर फसाउने काम भएको रहेछ ।

जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतसम्मले ज्यान मारेको अभियोग ठहऱ्याई पहिले आजीवन र २०१९ को मुलुकी ऐनपछि २० वर्ष कारावास सजाय पाएका रहेछन् । उनलाई दाहिने गालामा दामल चिह्न खोपेर भद्रगोल जेलमा राखिएको थियो । त्यतिबेला आजीवन कारावासको सजाय पाएको व्यक्तिको गालामा दामल खोप्ने चलन थियो । यदि जेलबाट कैदी फरार भए त्यही चिह्नका आधारमा देख्नेले नजिकका सरकारी कर्मचारी वा प्रहरी प्रशासनलाई खबर गरिदिन्थे र उसलाई पुनः पक्राउ गरी जेल हालिन्थ्यो ।

घटना भएको करिब आठ वर्षपछि अब त मुद्दा सामसुम भयो होला भन्ठानेर मारिएको भनिएको किसान बम्बईबाट गाउँ फर्केपछि मुद्दाले नयाँ रूप लियो । भद्रगोल जेलमा थुनिएका ती किसानकी श्रीमतीले मारिएको भनिएको किसान गाउँ फर्किएको कुरा लिएर काठमाडौं आएकी रहिछन् । र, विशेष जाहेरी विभागमा बिन्तीपत्र हालिएको रहेछ ।

विभागले घटनाको सत्यतथ्य राजामा जाहेर गरेपछि बिनाकसुर जेलमा थुनिएका व्यक्तिले मुक्ति पाए । तर, उनले दाबी गरेको क्षतिपूर्तिबापतको रकम दिने कानुन भने त्यतिबेला थिएन । राजाले न्याय क्षेत्रका विशिष्ट व्यक्तिहरूसँग रायसुझाव लिई आफ्नो विशेष कोषबाट २० हजार रुपियाँ भने ती किसानलाई दिए । मुद्दाको कारबाहीका क्रममा लापरबाही गर्ने तलदेखि माथिसम्मका सबै न्यायाधीश-कर्मचारी कारवाहीका भागीदार भए । सुरु फैसला गर्ने न्यायाधीश जागिरबाटै हटाइए भने अन्यलाई सचेत गराउने, तलबसुविधा कटौती गर्नेसम्मका कारबाही भए ।

|| प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो, जानकारी, परामर्श सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
ekantipur
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

तस्बिरहरू : कपिल अवस्थी

पहिरो गएको ठाउँ र बाटोमा अड्किएका यात्रुको भीड (दायाँ)

कृष्णभीर–२

सिद्धबाबा पहिरोको बाह्रैमासे सास्ती

मुक्तिनाथ गैहे/बुटवल

दसैंको टीका थाप्न स्याङ्जा, मालुंगास्थित माइती हिँडेकी सूर्यपुरा, रुपन्देहीकी गौरी तिवारी सिद्धार्थ राजमार्गको रुपन्देही-पाल्पा सीमामा पर्ने सिद्धबाबाको पहिरोका कारण लगातार दुई दिन बुटवलसम्म धाएर घर फर्किनुपर्‍यो । दशमी र एकादशीका दिन क्षणक्षणमै आएको पहिरोले उनलाई त गाडी नचढीकनै घर फर्कायो तर सयौंलाई बीच बाटोमै अलपत्र पार्‍यो ।

भीर कुँदेर बनाइएको र ढुंगा झरिरहने साँघुरो बाटोमा गाडीमा अलपत्र परेका यात्रु झरेर हिँड्दा हेर्दाहेर्दै भीड मेलाझैं भयो । सुक्खा ढुंगे पहिरोले सामान्य मौसममा समेत थुप्रैको ज्यान लिएको त्यो झन्डै पाँच किलोमिटर सडक खण्डको मानव लस्करसमेत तनावग्रस्त भयो । पहिरो पन्छाइने काम निरन्तर भइरहँदा पनि झरिरहने क्रम थुप्रैपटक दोहोरिएपछि धेरैले एक दशक पुरानो पृथ्वी राजमार्गको कृष्णभीरको नयाँ शृंखलाका रूपमा सम्झिए ।

दसैं टीकाको दिन साँझपख दुईपाङ्ग्रे र साना सवारी चल्न सक्ने गरी बाटो खुलाउन स्थानीय प्रशासन सफल भए पनि त्यही रात झरी परेपछि झन् ठूलो पहिरो झर्‍यो । अवरुद्ध सडक पूर्णिमासम्मै पूर्ण रूपमा खुल्न सकेको थिएन । अरू बेला समेत त्यो खण्ड पार नगरुन्जेल यात्रुहरू कतिखेर रोकिनुपर्ने हो भन्ने त्रास बोकेर यात्रा गर्छन् ।

यो पहिरो लामो समयदेखि पश्चिम नेपालको साझा समस्याका रूपमा लुम्बिनी, गण्डकी र धौलागिरि अञ्चलका बासिन्दाको टाउको दुखाइ बनेको छ । कृष्णभीरको पहिरोले बाटो छेक्नेसम्मको समस्या गर्थ्यो । तर, रुपन्देही जिल्लाको बुटवल उपमहानगरको सीमाबाटै सुरु हुने पाल्पाको सिद्धबाबा मन्दिर क्षेत्रको यो पहिरो भने बिचित्रको छ । पहिरोका कारण बाटोमा बार लगाउने मात्र होइन, वर्षौंदेखि धुले वा हिले पहिरो, ढुंगा खस्ने, गाडी नै पुरिदिने वा नदीमा खस्नेसम्म भएको छ ।

सिद्धबाबा क्षेत्रको पहिरो झर्न कुनै मौसम, महिना वा बारको आवश्यकता पर्दैन । चैतदेखि जेठसम्म पनि पहिरो झरेको हुन्छ, कात्तिकदेखि फागुनसम्म पनि पहिरो झरेको हुन्छ । एकै वर्षमा कैयौंपटक तर जहिलेसुकै पहिरो गइरहने हुँदा पहिरो खस्नासाथ हटाउन सकियोस् भनेर पाल्पातर्फ एउटा र बुटवलतर्फ एउटा डोजर तयारी अवस्थामा राखिएका छन् ।

दोभान प्रहरी कार्यालय पाल्पाका अनुसार यसपटकको वर्षात् सुरु भएपछि मात्र २० भन्दा बढी पटक पहिरो खसेर बाटो अवरुद्ध भएको छ । खस्नैका लागि तयारी अवस्थामा रहेजसरी त्यहाँका चट्टान भित्तामा झुन्डिएका छन् । जुनसुकै बेला वा जहिलेसुकै ती चट्टान खस्न सक्ने भएकाले सधैं उच्च सतर्कता अपनाउनुपर्ने अवस्था रहेको प्रहरी नायब निरीक्षक सन्तबहादुर बस्नेत बताउँछन् । पहिरोले थिचेकै कारण यस वर्ष चार जनाको मृत्यु भइसकेको छ भने दर्जनौं घाइते र अंगभंग भएका छन् ।

विसं ०२१ मा सिद्धार्थ राजमार्ग निर्माणका क्रममा यो सडक खण्डमा ढुंगे चट्टानहरूको निकै नै विस्फोट गराइएको थियो, जसले उतिखेरैदेखि सडकको जग कमजोर बन्न पुगेको विज्ञहरू बताउँछन् । पछिल्लो भूकम्पले यस भागलाई पुनः चलायमान बनाएको छ । त्रिभुवन विश्वविद्यालयका भूगोलका प्राध्यापक भोजराज कडेरिया भन्छन्, "चुरे पहाडको गेग्रचान, बालुवा, ढुंगा आदि सहितको खुकुलो किसिमको माटोका कारण आकाशे पानी सीधै भित्र पसेर घुल्न थालेपछि पहिरोको मात्रा बढ्ने गर्छ ।"

त्यही कमजोर भूभागमा गाडीहरूको थर्काहटले पनि भुरभुरे माटोसहितको पहिरो खसिरहन्छ । यहाँको पहाडमा माटोको मात्रा कम र बालुवा तथा ढुंगा बढी हुने, त्यसै गरी भएको माटोको मात्रा पनि खसेर सकिँदै जाने गर्दा पहिरो बढी गइरहेको हो ।

दैनिक औसत १ हजार ५ सय सवारी साधन गुड्ने यो सडक पश्चिम नेपालका पहाडी जिल्लाहरूका लागि 'लाइफ लाइन' हो । देशका दुई प्रमुख पर्यटकीय गन्तव्य पोखरा र लुम्बिनीलाई जोड्ने सबैभन्दा छोटो बाटो पनि यही हो । विदेशी पर्यटकका लागि बनाइएका महँगा प्याकेजमा समेत यही पहिरोका कारण सुनिश्चित हुन नसकिएको पर्यटन व्यवसायीहरू चिन्ता व्यक्त गर्छन् । मुग्लिन-नारायणगढ खण्ड विकल्पका रूपमा प्रयोग गर्दा झन्डै दोब्बर दूरी र समय लाग्छ, जुन अहिले उताको बाटोका कारण पनि समयमै यात्रा गर्न सकिने अवस्था छैन । पर्यटन प्याकेजहरूमा धक्का नै पर्न थालेपछि हालै पोखरा-भैरहवा हवाई उडान सुरु गरिएको छ ।

यद्यपि, बुटवलको पश्चिमी क्षेत्रबाट बेलबास दोभान निस्कने दुई लेनको १७ किलोमिटर लामो वैकल्पिक बाटो पनि निर्माणाधीन छ । अर्कोतर्फ पाल्पाको बाँसटारी-झडेवा-गोठादी हुँदै रुपन्देहीको खैरेनीसम्म आउने सडकको समेत ट्र्याक खोल्ने काम पूरा भइसकेको छ । डिभिजन सडक कार्यालय पाल्पाका प्रमुख इन्जिनियर बाबुराम सापकोटा भन्छन्, "यी दुवै सडकको पूर्णता र स्तरोन्नति अपरिहार्य भइसकेको छ, जसले सिद्धबाबाको बाटोमा सवारी चाप त घटाउनेछ नै, स्तरोन्नतिका लागि समेत बाटोलाई पूर्ण रूपमा बन्द गरेर काम गर्न सकिनेछ ।" ◆

संवाद

‘दरबार हत्याकाण्डको रहस्य प्रहरीले पत्ता लगाउन सक्छ’

नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक (डीआईजी) **हेमन्त मल्ल ठकुरी** अपराध अनुसन्धानमा अब्बल मानिन्छन् । लागूऔषध नियन्त्रण ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), अपराध महाशाखाको नेतृत्व सम्हाल्ने क्रममा उनले रानीबारी हत्याकाण्ड, न्यायाधीश रणबहादुर बम हत्याकाण्डलगायत थुप्रै गम्भीर र जटिल किसिमका अपराधको अनुसन्धान गरेका थिए । १० महिनाअघि प्रहरी सेवाबाट निवृत्त भएर नागरिक जीवन बिताइरहेका तिनै पूर्वप्रहरी अधिकारी मल्लसँग **मनबहादुर बस्नेत**ले नेपाल प्रहरीको अनुसन्धान पद्धति, प्रवृत्ति र क्षमताबारे लामो कुराकानी गरे, त्यसैको सम्पादित अंश :

सेवा निवृत्त जीवन कसरी बिताइरहनुभएको छ ?

केही काम गर्ने नयाँ द्वारहरू हेरिरहेको छु । कुनै व्यवसाय सुरु गर्छु होला । इन्भेस्टमेन्टसम्बन्धी एउटा कम्पनी पनि खोलेका छौँ । जन्मथलो कैलालीतिर पनि केही गरौँ भनेर विचार गरिरहेको छु ।

तपाईंको अनुभवका आधारमा अपराध अनुसन्धान के हो ?

अनुसन्धान भनेको मानिसमा जन्मैदेखि आएको हुने रहेछ । अहिले पनि अनुसन्धान भन्नासाथै केही प्रहरी अधिकृतहरूको मात्र नाम आउँछ । ७२ हजार जनाको फौज भएको प्रहरीमा अनुसन्धान अधिकारीको नाम लिनुपर्दा १०/१५ जना मात्रै छन् । अनुसन्धान खुबी तालिम दिएर भन्दा पनि जन्मजात गुण हो । यस्तो क्षमतालाई थोरै बाटो देखाइदिए त्यसमा निखार आउने रहेछ ।

यति थोरै जनशक्ति मात्रै अनुसन्धानमा पोख्त रहेछ, यो त गम्भीर कुरा होइन ?

गम्भीर नै हो । यस्तो जनशक्ति तयार गर्न अनुसन्धान गर्न सक्ने खुबी भएकालाई चिन्न सक्नुपर्छ । यो पहिचान ‘सुपरभाइजर’ले गर्ने हो । अनुसन्धानलाई प्राथमिकतामा राखेर काम गर्ने हो भने यस्तो जनशक्ति तयार गर्न सकिन्छ ।

अपराध अनुसन्धानको जनशक्ति कम हुनुको कारण के देख्नुहुन्छ, तपाईं ?

प्रहरीको जागिर भनेको कस्तो भने पोसाक लगाएपछि रवाफ देखाउन सकिन्छ भन्ने मनोविज्ञान छ । तर, बिनाबर्दी निरन्तर खटिएर गरिने अनुसन्धानले यस्तो रवाफ पाउँदैन । नयाँ भर्ना हुनेहरूले बर्दी लगाएर आफू ठूलो भएको महसुस गर्न र गराउन चाहन्छन् । अनि, कहाँ उनीहरू यस्तो अनुसन्धान गर्ने काममा मन लगाउँछन् त ? केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), अपराध महाशाखामा त एक/एक वर्षमै अधिकारीहरू आउने/जाने भइरहन्छ । उनीहरू अडिँदैनन् । यस्तो अवस्थामा अनुसन्धान गर्ने टिम कसरी तयार गर्न सकिन्छ ?

अनुसन्धानप्रति विकर्षण हो यो ?

अनुसन्धान गर्दा पनि ‘करिअर’ छ भन्ने कुरा संगठनले देखाइदिन सक्नुपर्छ । म १३ वर्ष लगातार एकै ठाउँ लागूऔषध अनुसन्धानमा बसेँ । तीनपटक त्यहीँ बढुवा भएँ । मेरो करिअरमा त त्यसले राम्रै गर्‍यो । त्यसैले बिनाबर्दी बस्नुपर्दा ‘एक्सपोजर’ हुँदैन भन्ने मनोविज्ञान चिर्नुपर्छ ।

गम्भीर र जटिल प्रकृतिका घटनाको सफल अनुसन्धान गर्‍यो भने त त्यसले दिने एक्सपोजर धेरै बढी हुन्छ नि बर्दीको तुलनामा, होइन ?

हो । तर, त्यो धैर्य कसलाई छ र ? तुरुन्तै परिणाम खोज्ने प्रवृत्ति छ । अनुसन्धान त धेरै समय लाग्छ । निरन्तर खटिरहनुपर्छ । जबकि, फास्टफुडको जमाना छ अहिले ।

हाम्रो अनुसन्धानको कमजोर पक्ष के हो ?

बयानमुखी अनुसन्धान । बयानमा जे बोल्यो, त्यही अन्तिम बनाउँछ प्रहरीले । अभियोगी



तस्बिर : भास्कर ओझा

कसैले पनि अदालतमा आफ्नो अपराध कबोल गर्दैन । प्रहरीले जबरजस्ती बयान लिएको भन्छ । त्यसैले प्रहरीले अभियोग पुष्टि गर्ने अन्य प्रमाणहरू जुटाउनेतिर अनुसन्धान केन्द्रित गर्नुपर्ने हो । तब न अभियोग बलियो हुन्छ । प्रमाण नै जुटाउँदैन । त्यही भएर अदालतमा मुद्दा दायर भएपछि दोषी छुट्छन् ।

किन यस्तो भएको ?

मिहिनेत गर्ने चलन छैन हामीकहाँ । सजिलो बाटो खोज्छौं । प्रमाण संकलन गर्ने फुर्सदै छैन । बरू बयान गरायो, पठायो, टन्टै साफ । प्रमाण जुटाएर अभियोग बलियो नबनाउने अनि रुवाबासी गर्ने- पैसा खाएर छोड्यो भन्दै । हाम्रो काम अनुसन्धान गर्नेभन्दा पनि प्रक्रियामा लैजाने र झन्झट सार्ने मात्रै भइरहेछ ।

भनेपछि त हामी अनुसन्धानमा निकै नै कमजोर रहेछौं, होइन ?

साँच्चै भन्नुपर्दा कमजोर नै छौं । प्रहरीका केही युनिटहरूले गरेका काम राम्रा पनि छन् । जस्तै : सीआईबी, अपराध महाशाखा, लागूऔषध ब्युरो, विशेष ब्युरो आदि । तर, यी मात्रै त प्रहरी युनिट होइनन् । ७५ जिल्लामै मुद्दा चलाउने युनिटहरू छन् । समग्रमा, अनुसन्धान कमजोर छ ।

कतै प्रहरीको 'सेलिब्रिटी' बन्ने रहरले यस्तो भएको त होइन ?

प्रहरी सेलिब्रिटी बन्ने चलनले पनि बिगारिरहेको छ । हुन त समाजमा सेलिब्रिटी बन्ने प्रवृत्ति प्रहरीमा मात्रै छैन । अहिले मन्त्रीहरू नै सेलिब्रिटी भइरहेका छन् । काठमाडौंको दरबार मार्गमा मन्त्री आफैं पुगेर पसल सिल गरे । धनगढीमा मन्त्री आफैं टाँचा लगाउँदै हिँडे । सञ्चारमन्त्री टेलिफोनको तार काट्न तैनाथ भए । मन्त्रीहरूले नै यस्तो काम गर्दै हिँडेपछि कर्मचारीले के गर्ने ? भोलिदेखि गृहमन्त्री खानतलासी, छापा मार्न हिँड्न थाले भने प्रहरीले चाहिँ के गर्ने ? अनुसन्धान गर्ने निकाय मिडियाबाजीमा लागेपछि मूल कामबाट टाढा हुनु स्वाभाविक हो ।

> **प्रहरीको जागिर भनेको कस्तो भने पोसाक लगाएपछि रवाफ देखाउन सकिन्छ भन्ने मनोविज्ञान छ । तर, बिनाबर्दी निरन्तर खटिएर गरिने अनुसन्धानले यस्तो रवाफ पाउँदैन ।**

तपाईंको अनुभवमा लागूऔषधको कारोबारमा कस्ता व्यक्तिहरू संलग्न हुँदा रहेछन् ?

पञ्चायतकालमा त ठूला व्यक्तिहरूको हात हुन्छ भनिन्थ्यो । मैले अनुसन्धानका क्रममा त्यस्तो पाइनँ । तर, यो एकदमै संगठित अपराध भएकाले यसको सञ्जाल अन्तर्राष्ट्रिय हुन्छ । संगठित अपराधको 'चेन'को एउटा 'सिक्वेन्स' गायब भयो भने त्यहाँबाट अगाडि पनि बढ्न सकिन्न, पछाडि हट्न पनि सकिन्न ।

संगठित अपराधको सम्पूर्ण 'सिन्डीकेट' तोडेको मेरो जीवनमा एकदमै कम छ । त्यसमध्येको हो, डान्स बारमार्फत युवतीहरूलाई विभिन्न मुलुकमा पुर्‍याएर बेच्ने धन्दा । सीआईबीमा हुँदा यो अप्रेसन भएको थियो ।

संगठित तवरले हुने धन्दामा कहीं न कहीं पहुँचवालाहरूको संलग्नता हुन्छ भनिन्छ । यसले पनि अनुसन्धान टुंगोमा पुग्न नसकेको त होइन ?

संगठित अपराधलाई पनि हामीले अलग-अलग हिसाबले हेर्नुपर्छ । लागूऔषधमा प्रभावशाली मानिसहरूको प्रत्यक्ष संलग्न हुने 'चान्स' मचाहिँ देख्दिनँ, यदाकदा भए मात्र । डलर, सुनको धन्दामा पटक-पटक पहुँचवालाहरूको संलग्नता खुलेकै छ । कुनै समय राज्य संयन्त्र नै लागेर सुन तस्करी भएकै हो । त्यसैले सुन, डलर काण्डमा ठूला मानिसहरूको संलग्नता नहोला भन्न सकिन्न ।

तपाईंलाई अनुसन्धानका क्रममा कुनै दबाब आयो कि आएन ?

आइहाल्छ नि ! उदाहरणका लागि सञ्जय साह (टकला)को घटना लिन सकिन्छ । धेरै प्रभावशाली व्यक्तिहरूले दबाब दिएका थिए । नाम नभनौं । दबाब दिने, भन्ने उनीहरूको काम हो, अनुसन्धान गर्ने हाम्रो कर्तव्य । त्यसैले हामी रोकिएनौं र उनी अहिले जेलमा छन् ।

अनि, प्रलोभन नि ?

लागूऔषधमा हुँदा ठूलो प्रलोभन आएको थियो । अपराध महाशाखामा बस्दा पनि आयो । कसले, कुन केसमा भनेर नभनौं । आउँछ, प्रलोभनमा पर्ने/नपर्ने तपाईंको इच्छा ।

अनुसन्धानका क्रममा प्रहरीलाई अन्य सरकारी निकायको पनि सहयोग चाहिन्छ । के उनीहरूको व्यवहार सहयोगी हुने गरेको छ ?

एकदमै हुँदैन । सबैले आ-आफ्नो फलामे गेट बनाएका छन् । सबैमा 'मै ठूलो' भन्ने इगो छ । प्रहरीको केन्द्रीकृत प्रणालीले मात्रै अनुसन्धान धानेको हो । संघीयतामा संविधानले परिकल्पना गरेजस्तो प्रान्तैपिच्छे स्वतन्त्र प्रहरी हुने हो भने प्रहरीको यो बल पनि कमजोर हुनेछ ।

कसरी ?

भारतमा प्रान्तीय प्रहरीलाई स्वायत्त छाड्दा त्यहाँ 'चेन अफ कमान्ड'मा समस्या देखिइसकेको छ । त्यहाँ प्रान्त-प्रान्तका प्रहरीबीच खटपट छ । त्यही भएर केन्द्रीय स्तरमा नयाँ-नयाँ एजेन्सीहरू खुलिरहेका छन् । यही अवस्था नेपालमा आउन सक्छ । त्यसैले केन्द्रीय हेडक्वार्टर राखेर केन्द्रीकृत प्रणालीमै जानुपर्छ । नत्र, त्यसले अनुसन्धानमा असर पर्छ ।

स्रोत-साधन हुने हो भने नेपाल प्रहरीको हैसियत कस्तो परिकल्पना गर्नुहुन्छ तपाईं ?

मलाई आउने सूचनाले कहिलेकाहीं त हामी विश्वकै उत्कृष्ट प्रहरी हौंजस्तो लाग्थ्यो । हामीसँग प्रविधिमा आधारितभन्दा पनि 'ह्युमन इन्टेलिजेन्स'मा आधारित सूचना हुन्थ्यो र त्यो ठ्याक्कै मिल्थ्यो । विदेशीहरू छक्क पर्थे । हामीसँग प्रविधिलगायतका स्रोत-साधन हुने भए साँच्चै उत्कृष्ट कार्य सम्पादन गर्न सक्थ्यौं ।

अबचाहिँ गाह्रो छ । किनभने, अहिलेको इन्टेलिजेन्स भनेको 'कमोडिटी' (वस्तु) हो । कमोडिटी नकिनी पाइन्छ ? विकसित देशहरूले सूचना खरिद गर्न थालेका छन् । हामी त्यो स्तरमा कहिले पुग्ने, थाहा छैन । पैसा नभई कसैले पनि सूचना दिँदैन, अहिलेको जमानामा ।

तपाईंले धेरै जटिल र लामो समयदेखि रहस्यमा रहेका हत्याकाण्डको अनुसन्धान गर्नुभयो । राजदरबार हत्याकाण्डको रहस्य पत्ता लगाउन सक्दैन प्रहरीले ?

राजदरबार हत्याकाण्डको रहस्य नेपाल प्रहरीले नै पत्ता लगाउन सक्छ । त्यो क्षमता र हैसियत राख्ने अधिकृत प्रहरीमा अझै छन् ।

त्यसो भए अहिलेसम्म किन अनुसन्धान नगरेको त ?

तत्कालीन अवस्थामा दरबारमा भएका घटनाको अनुसन्धान प्रहरीले गर्न सक्दैनथ्यो । राजनीतिक प्रकृतिको आयोग बन्यो र त्यसले प्रतिवेदन दिने किसिमले मात्र छानबिन गर्‍यो । अपराधी पत्ता लगाउने किसिमले वास्तविक अनुसन्धान भएकै छैन । अझै पनि प्रहरीलाई जिम्मा दिने हो भने रहस्य पत्ता लाग्छ । ◆

हस्त गुरुङ

सप्तकोसी हाइड्रो बम

मधेसमा स्थानीय निर्वाचन सम्पन्न भएपछि देशको राजनीति सङ्लिन थालेको छ । हिंसा, आक्रोश र बितन्डाको धमिलो बाढी मत्थर हुँदैछ। अबको राजनीति जनताको घरवास र जीविकाको सुरक्षामा केन्द्रित हुने आशा पलाएको छ। नवनिर्वाचित प्रतिनिधिहरूले यस्तै वाचा गरिरहेका छन्। तर, मधेसमा अबको राजनीति सजिलो हुने छैन।

मधेसको घरवास र जीविका ध्वस्त पार्न हाइड्रोजन बम चाहिँदैन, हाइड्रो (पानी) बम भए पुग्छ। सुनसरीको बराह क्षेत्र र उदयपुरको मैनामैनीमा त्रिशूल आकारको २ सय ६९ मिटर (८ सय ८३ फिट) अग्लो सप्तकोसी उच्च बाँध नामक चुरे पर्वतजत्रो भीमकाय हाइड्रो बम राख्न नेपाल तयार भएको छ। यसको पूर्वी बाँधले तमोर, बीचको बाँधले अरुण र पश्चिम बाँधले सुनकोसीको पानी थुनेर सप्तकोसी स्टोरेज (महाकुण्ड)मा १३.५ अर्ब घनमिटर पानी जम्मा गर्नेछ। जसमा चार अर्ब घनमिटर पानी अचल (डेड स्टोरेज) भएर बस्नेछ। यो संरचना दक्षिण एसियाकै शक्तिशाली पानी बम (हाइड्रो बम) हुनेछ। संक्रमणकालीन अन्धकारको फाइदा उठाएर, मध्यमधेसको टाउको र मध्यपहाडको कोखामा यो बम राख्न विसं २००९ मा मातृकाप्रसाद कोइरालाले, ०६६ मा माधवकुमार नेपालले र ०७४ मा शेरबहादुर देउवाले भारतलाई अनुमति दिइसकेका छन्।

देउवाले मधेसको चुनावी सभामै हुंकार गरेका छन्, यसले मधेसको हित गर्नेछ। यसको पानीले बिहारको ११ लाख र नेपालको झापादेखि पर्साको ठोरीसम्मको ५ लाख ५० हजार हेक्टर भूमिमा सिँचाइ गर्ने योजना छ। यसैबाट ३ हजार ३ सय मेगावाट विद्युत् उत्पादन गरिनेछ। र, कोसीमा पाँच अर्ब घनमिटर पानी छाडिनेछ।

खतराको घन्टी

भूकम्प संवेदनशील क्षेत्र शिवालिक पर्वतमालाको बलौटे ढिस्कामा खडा हुन लागेको यस संरचनाले नेपालको भीमनगर, हनुमाननगर, गोबरगाढा र राजविराज तथा भारत बिहारको वीरपुर, पूर्णिया, कटिहार, निर्मली र कुर्सेला बजारलाई आतंकको छायामा राख्नेछ। जल भण्डारणका कारण धनकुटाको मूलघाट बजारलाई पूर्णतः डुबाउनेछ। धनकुटा, उदयपुर, संखुवासभा, भोजपुर, खोटाङ, तेह्रथुम, पाँचथर र ओखलढुंगाका ३ सय १ गाउँ र मधेसका मोरङ, सुनसरी र सप्तरीका ४२ गाउँका ५५ देखि ७५ हजार मानिसको उठिबास गराउनेछ। मधेसको रक्षा गर्न उभिएको चुरेलाई कोसीको पानीमा डुबाएर, बालुवा बनाउँदै बंगालको खाडीमा पुर्‍याइदिनेछ। पहाडमा डुबान र पहिरो तथा मधेसमा कटान, डुबान तथा मरुभूमीकरण निम्त्याउनेछ। कदाचित दुर्घटना भइहाल्यो भने महाविनाश अवश्यम्भावी छ।

सप्तकोसीको जलाधार क्षेत्र एक लाख वर्ग किलोमिटरभन्दा बढी छ। कञ्चनजंघा, जनक, सगरमाथा, महालङ्गुर र लाङटाङ हिमालदेखिको पानी र बाढी सोहोरिएर सप्तकोसीमै आउँछ। यसका मुख्य शाखा तामाकोसी, भोटेकोसी र अरुण नदी सात हजार मिटर उचाइको तिब्बतबाट आउँछन्। त्रिवेणीमा सुनकोसी र तमोर थपिन्छ। सगरमाथाबाट दूधकोसी, रोल्वालिङबाट लिखु र लाङटाङबाट इन्द्रावती आएर यसैमा मिसिन्छन्। तमोर र अरुणको जलाधार क्षेत्रमा रहेको हिमतालबाट निस्केको वरुण नदी कोसीमै आउँछ। तिब्बत र नेपालका साना-ठूला गरी २ हजार ५ सयजति नदीको पानीले बराह क्षेत्रको गल्छीमा सप्तकोसीको रूप लिन्छ। यही पानी मधेस झरेपछि उद्दण्ड हुन्छ र विनाशकारी रूप लिन पुग्छ। कोसीमा सामान्यतः २हजारदेखि २ हजार १ सय ६६ घनमिटर/प्रतिसेकेन्ड पानी बग्छ। वर्षात्को समयमा यही पानी १८ गुणासम्म बढेर पूर्वमा ५० माइल र पश्चिममा ८० माइलसम्म डुबान, कटान गर्छ।

सप्तकोसीको पानीको धार इस्पातको तरबारजत्तिकै छ, जसले तीव्र कटान गर्छ। अत्यधिक ढुंगा, माटो र बालुवा बोकेर हिँड्छ।

यसको चरित्र चीनको ह्वाङ–हो नदीजस्तै महाकाल रूपको छ। त्यसैले यसलाई 'बिहारको दुःख' भनिएको हो।

बिहार सरकारको अभिलेख अनुसार कोसीमा हरेक तीन वा पाँच वर्षमा प्रलय आउँछ। सन् १९५४ मा कोसीमा २४ हजार २ सय घनमिटर/प्रतिसेकेन्ड पानी आएको थियो। यो बाढी अहिलेसम्मको सबैभन्दा ठूलो र विनाशकारी थियो। नेपाल, भारत र बंगलादेशमा ठूलो क्षति गरेको थियो। त्यसैले कोसी व्यारेजलाई २७ हजार १४ घनमिटर/प्रतिसेकेन्ड पानी थाम्न सक्ने क्षमताको बनाइएको थियो। त्यसै वर्ष गरिएको अध्ययनमा त्यत्रो बाढी आउनुमा अरुण क्षेत्रका पाँचवटा र सुनकोसी क्षेत्रका चारवटा हिमताल फुटेको पाइएको थियो।

त्यसयता कोसीमा १४ पटक ठूलो बाढी आएको छ। ०६५ मा आएको बाढीले कोसी किनाराका तटबन्ध भत्काएर नेपालका २ सय ४१ गाउँ र बिहारका ६ हजार गाउँलाई बिचल्लीमा पारेको थियो। यस वर्षको बाढीले पनि मधेस र बिहारलाई चिल्लीबिल्ली बनायो। यी बाढीहरू सामान्य स्तरका भनिए पनि विनाशकारी थिए। यसैलाई नियन्त्रण गर्ने निहुँमा सप्तकोसीमा उच्च बाँध बनाउन लागिएको हो।

अरुण जलाधार क्षेत्रमा ७ सय ३७ हिमकुण्ड र २ सय २९ हिमताल

छन् । यीमध्ये २४ हिमताल खतराको सूचीमा छन् । दूधकोसी जलाधार क्षेत्रमा ३६ हिमकुण्ड र २ सय ९६ हिमताल छन् । सुनकोसी जलाधार क्षेत्रका ४५ हिमतालमध्ये १० खतरनाक छन् । अरुण क्षेत्रका तीन र सुनकोसी क्षेत्रका चारवटा हिमताल कुनै पनि बेला फुट्ने अवस्थामा छन् । अरुणका पाँच र सुनकोसीका चारवटा हिमताल फुटिसकेका छन् । हाललाई बुझ्नुपर्ने कुरा यति हो, सप्तकोसी जलाधार क्षेत्रमा १ हजार ३ सय ५० भन्दा बढी हिमताल छन् । तिनलाई मध्यमस्तरका भूकम्पले पनि फुटाउन सक्छन् । यिनलाई नियन्त्रण गर्ने शक्ति र प्रविधि भारत र नेपाल दुवैसँग छैन ।

बाँध अभियान

सप्तकोसी उच्च बाँध कोसी सम्झौताकै अंग हो । सम्झौतामा यति ठूलो बाँध राख्ने सर्त थिएन । सम्झौतापछि दुई सरकारबीच भएका लेटर अफ एक्सचेन्जहरूका आधारमा सन् १९६६ मा यो विशाल संरचना थपिएको हो । भारतले मुख्य स्वार्थहरू लेटर अफ एक्सचेन्जबाट पूरा गर्ने नीति सन् १९५० को सन्धिदेखि नै लिँदै आएको छ ।

सिम्रौनगढका कर्नाटवंशी राजाहरूले आफ्नो राज्य जोगाउन कोसीको पश्चिम किनारामा बर्सेनि तटबन्ध लगाउने गरेको इतिहास पाइन्छ । अंग्रेजहरूले सन् १७३८ देखि बाढीको रेकर्ड राखेको देखिन्छ । भारतको केन्द्रीय सरकारले मुख्य इन्जिनियर डब्ल्यू ई इंग्लिसको नेतृत्वमा सन् १८९३ मा कोसीको फिल्ड सर्वे गराएर रिपोर्ट लिएको थियो । त्यस रिपोर्टमा कोसीलाई नियन्त्रण गर्नुभन्दा प्राकृतिक रूपमै छोड्नु उपयुक्त हुने, कोसीलाई बाँध्न खोजे ठूलो खतरा मोल्नुपर्ने चेतावनी दिइएको थियो ।

सन् १९४१ को बाढीले नेपालको हनुमाननगर र भीमनगर बगायो, बिहारमा ठूलो क्षति गर्‍यो । त्यसै वर्ष भारतको केन्द्रीय सिँचाइ तथा जल कमिसनका निर्देशक कालड इंग्लिसले फिल्ड सर्वेक्षण गरेर नेपालको त्रियुगा क्षेत्रमा बाँध लगाउनुपर्ने सुझाव दिए । १९४५ मा लर्ड बेबेलले हवाई सर्वे गरेर बराह क्षेत्रमै बाँध लगाउनुपर्ने निष्कर्ष दिए । १९४६ मा भारतको जल तथा ऊर्जा विभागका केन्द्रीय अध्यक्ष एएन खोसलाको प्राविधिक कमिटीले बराह क्षेत्रमा २ सय ८३ मिटर अग्लो बाँध र चतरामा सानो बाँध लगाउन सुझाव दियो । त्यसले बराह क्षेत्रमा महाकुण्ड (स्टोरेज) बनाएर ३ हजार ३ सय मेगावाट विद्युत् उत्पादन गर्न सकिने र भारत तथा नेपालको तीन हजार वर्ग माइल क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याउन सकिने सुझाव दिएको थियो ।

सन् १९४७ मा बिहारको निर्मलीमा भएको प्राविधिकहरूको बैठकले खोसला योजनाको बाँध ५ मिटर बढाएर, बराह क्षेत्रको दक्षिणमा २ सय ८८ मिटर अग्लो बनाउनुपर्ने निष्कर्ष निकाल्यो । तर, बराह क्षेत्रको धार्मिक स्थल डुबानमा पर्ने देखिएपछि बाँधस्थल १.६ किलोमिटर उत्तर सारेर सुनाखम्बी क्षेत्रमा बनाउने योजना दियो । सन् १९५४ मा कलकत्तामा बसेको प्राविधिकहरूको बैठकले २ सय १२ वर्ष (१७३८-१९५०)को अन्तरालमा कोसी नदी ७१.५० किलोमिटर पश्चिम सरेको पाएपछि पश्चिम किनारामा तत्काल बाँध लगाउन सुझाव दियो ।

भारत स्वतन्त्र हुनुअघि सन् १९४६ मा अंग्रेजले सप्तकोसी परियोजनालाई तीन चरणमा डिजाइन गरिदिएको थियो । कोसीको बाढी नियन्त्रण गर्न भीमनगरमा ब्यारेज बनाउने पहिलो चरणको काम सन् १९५९–६३ मा पूरा भयो । कोसी ब्यारेज पूर्व-पश्चिम राजमार्गको अंग बन्यो । कोसीको पूर्वी किनारामा १ सय ३२ र पश्चिम किनारामा १ सय ४१ किलोमिटर तटबन्ध बनाउने दोस्रो चरणको काम सन् १९५७ मा गरिए । यसका कारण हरेक वर्ष नेपालका ४५ र भारतका ३ सय ८६ गाउँ डुबानमा पर्छन् । तेस्रो चरणको काम बराह क्षेत्रमा बहुद्देश्यीय उच्च बाँध बनाउनु थियो । तर, पञ्चायतकालमा यो काम अघि बढ्न सकेन ।

> **सप्तकोसी जलाधार क्षेत्रमा १ हजार ३ सय ५० भन्दा बढी हिमताल छन् । तिनलाई मध्यमस्तरका भूकम्पले पनि फुटाउन सक्छन् । यिनलाई नियन्त्रण गर्ने शक्ति र प्रविधि भारत र नेपाल दुवैसँग छैन ।**

बहुदल आएपछि महाकाली र पञ्चेश्वर तथा गणतन्त्र आएपछि कर्णाली र अरुण लिएपछि भारतले नेपालको राजनीतिक वातावरण आफू अनुकूल पायो । अनि, सप्तकोसी उच्च बाँध बनाउन दबाब दियो । विसं ०६६ मा माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा यसले पनि स्वीकृति पायो । डेढ महिनाअघिको भारत भ्रमणका दौरान प्रधानमन्त्री शेरबहादुर देउवाले दिल्लीमा कोसी उच्च बाँध परियोजना कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । नेपालमा खोलिएको जेपीओ (ज्वाइन्ट प्रोजेक्ट अफिस)मार्फत संयुक्त प्राविधिक टोलीले यसको डीपीआर बनाउँदैछ ।

विकल्पको मृत्यु

नेपालको पहिलो नहर चन्द्रनहरका इन्जिनियरद्वय बीएन शर्मा र नरमर्दन थापाले सप्तकोसी उच्च बाँध भारतको हितमा हुने तर नेपाललाई भने लाभभन्दा बढी क्षति हुने सुझाव दिएका थिए । त्यसैले नेपालले सप्तकोसी उच्च बाँध रोक्न सन् १९८५ मा सुनकोसी-कमला डाइभर्सन परियोजनालाई विकल्पका रूपमा अघि सार्‍यो । कुरुलेमा १६.६ किलोमिटर सुरुङ बनाएर सुनकोसीको पानी कमलामा झारेर सप्तकोसीको बाढी घटाउने, कमला सिँचाइमार्फत सिरहा, सर्लाही, रौतहट र धनुषासम्म सिँचाइ पुर्‍याउने, त्यसबाट १ हजार ६ सय मेगावाट विद्युत् समेत उत्पादन गर्ने योजना थियो । यस योजनामा उदयपुरको कुरुले गाउँ उठाए पुग्थ्यो । तर, यसलाई भारतले रोकिदियो, माधव नेपालले निमोठी दिए र अन्ततः देउवाले सद्गत गरिदिए । सप्तकोसी उच्च बाँध बन्ने पक्का भयो । यसको डीपीआर स्वीकृत भएपछि नेपालमा उठिबास सुरु हुनेछ ।

नेपाल सरकारले बस्ती उठाएर मानिसलाई अलपत्र पारेको फेहरिस्त ठूलै छ । तर, व्यवस्थित गरेको रेकर्ड छैन । अब यस्तो समस्याको समाधान गर्ने जिम्मा स्थानीय र प्रदेश सरकारको टाउकोमा पर्नेछ । कोसीका बाढीपीडितको अगुवाइ गरेका पूर्वशिक्षक एवं सामाजिक अभियन्ता उपेन्द्र यादवको संघीय समाजवादी फोरम अहिले मधेसको प्रभावशाली राजनीतिक पार्टी बनेको छ । तर, पनि चिन्ता जीवित छ, नवनिर्वाचित प्रतिनिधिहरूले सप्तकोसी हाइड्रो बमको आतंकबाट पहाड र मधेसको घरवास र जीविकाको आधार सुरक्षित गर्न सक्छन् कि सक्दैनन् ? सकेनन् भने महाविनाशको आह्वान गर्नेहरूले पनि कोसीकै उत्ताल छालमा परेर अलापविलाप गर्नुपर्नेछ । यसमा शंका छैन । ◆

ध्वस्तै पार्ने प्रबन्ध

थोत्रा अस्थायी शिक्षकलाई फेल भए पैसा, पास भए स्थायी जागिर दिने कानुन पारित भएपछि सार्वजनिक शिक्षा उठ्नै नसक्ने गरी थला पर्ने अवस्थामा

बाबुराम विश्वकर्मा

संसारभरिका शिक्षाप्रेमी र शिक्षकहरूले हरेक वर्ष ५ अक्टोबरलाई विश्व शिक्षक दिवसका रूपमा मनाउँछन् । यस वर्ष पनि स्तरीय शिक्षाका निम्ति 'शिक्षकहरूको पेसागत स्वायत्तता र सशक्तीकरण' तय गरिएको नाराका साथ यो दिवस मनाइयो, १९ असोजमा । यो नाराको लक्ष्य हो- विद्यार्थीले उम्दा र योग्य शिक्षकमार्फत गुणस्तरीय शिक्षा पाउनु। त्यसैले यस वर्षको विश्व शिक्षक दिवसमा धेरै देशले योग्य शिक्षक र स्तरीय शिक्षामै आफ्नो लक्ष्य केन्द्रित गर्ने प्रतिबद्धता जनाए ।

तर, हाम्रो संसद्, सरकार र राजनीतिक दलले चाहिँ यस वर्षको शिक्षक दिवसको मूल भाव विपरीत सार्वजनिक शिक्षालाई ठीक उल्टो बाटो र गन्तव्यमा धकल्ने निधो गरे, शिक्षा ऐन, २०२८ को नवौं संशोधनमार्फत । संसदीय समितिहरूमा छलफलबिनै १७ असोज ०७४ मा संसद्ले पारित गरेको त्यो संशोधनले सरकारी विद्यालयका थोत्रा र अयोग्य शिक्षकलाई नाम मात्रको जाँचमा सहभागी गराएर स्थायी गर्ने अनि भविष्यका कर्णधार बालबालिकाको भविष्य चौपट पार्ने बाटो खुला गरिदिएको छ ।

संशोधनले २६ हजार शिक्षक दरबन्दीमध्ये ७५ प्रतिशत अस्थायी शिक्षकका लागि आरक्षित गरेको छ। त्यसमा अस्थायी शिक्षकबीच मात्र प्रतिस्पर्धा हुन्छ र त्यो पनि सय पूर्णांकमा, जसमा ४० अंक मात्र आए पनि उत्तीर्ण गराइन्छ। उदेकलाग्दो के छ भने अस्थायीलाई आरक्षित गरेर बचेको बाँकी २५ प्रतिशत खुला विज्ञापनमा चाहिँ अध्यापन अनुमतिपत्र लिएर प्रतिस्पर्धा गर्न तयार सात लाख जनशक्ति भिड्नुपर्नेछ ।

हुन त अस्थायी शिक्षकको ७५ प्रतिशत आरक्षित सिटमा प्रतिस्पर्धा गरेका शिक्षकमध्ये कोही अनुत्तीर्ण भएमा तिनलाई 'गोल्डेन ह्यान्डसेक'सहित स्थायी शिक्षकसरह उपदान दिएर बिदा गर्ने व्यवस्था गरिएको छ। अनुत्तीर्ण उम्मेदवारका हकमा सम्भवतः संसारको कुनै पनि देशमा नभएको व्यवस्था गरेर संसद्ले अनौठो काम गरेको छ । शिक्षक तालिमविज्ञ शिवकुमार सापकोटा भन्छन्, "जाँचमा फेल हुँदा पुरस्कृत गर्ने व्यवस्था त कतै पनि छैन । यो प्रबन्धलाई जस्टिफिकेसन गर्न सकिँदैन ।"

जे माग्यो, त्यही

शिक्षा ऐनको यो उल्टोपाल्टो संशोधन शिक्षामन्त्री गोपालमान श्रेष्ठको विशेष अग्रसरतामा भएको हो । यसले एक वर्षअघि संसद्ले पारित गरेको शिक्षा ऐनको आठौं संशोधनको व्यवस्थालाई उल्टाइदिएको छ । १५ असार ०७३ मा गरिएको आठौं संशोधनले सरकारी विद्यालयको २६ हजार शिक्षक दरबन्दीमा २२ साउन ०६१ अघि नियुक्त भई कार्यरत अस्थायी शिक्षकलाई ४९ प्रतिशत सिट आरक्षित गरी ५१ प्रतिशतमा खुला विज्ञापन गर्ने व्यवस्था गरेको थियो। त्यस अनुसार अस्थायी शिक्षकले आन्तरिक परीक्षामा सहभागी हुन नचाहेमा जाँचअघि नै स्थायीसरह उपदान दिने व्यवस्था गरिएको थियो ।

त्यसैले मुलुकभरका १० हजार अस्थायी शिक्षकले ऐनको त्यो व्यवस्था अनुसार आफूहरू परीक्षामा सामेल नहुने भन्दै उपदानका लागि आवेदन दिएका थिए । तर,

राजधानीको भद्रकालीमा प्रदर्शनरत अस्थायी शिक्षकहरू

अहिलेको संशोधनले तिनलाई पनि परीक्षामा सहभागी गराउने र अनुत्तीर्ण भए पनि राज्य कोषबाट उपदान दिएर बिदा गर्ने व्यवस्था गरेको छ । शिक्षाकर्मी तथा ज्ञानोदय उच्च माविका पूर्वप्रधानाचार्य धनञ्जय शर्मा भन्छन्, "यो त तीन हातमा लड्डु हो । एक- परीक्षाबिना अस्थायी शिक्षक हुनु, दुई-अस्थायीको आरक्षित कोटामा जाँच दिएर स्थायीको अवसर पाउनु, तीन-अनुत्तीर्ण भइहाले ठूलो धनराशिबाट पुरस्कृत हुनु । यो लड्डुले सार्वजनिक शिक्षालाई डाइबेटिज हुन्छ ।"

शिक्षा ऐनको आठौं संशोधनका आधारमा शिक्षक सेवा आयोगले अस्थायी शिक्षकको अलग्गै परीक्षा सञ्चालन गर्न गत चैतमा विज्ञापन खोलेको थियो । त्यो विज्ञापन पनि कति रोचक छ भने अस्थायी शिक्षकलाई आरक्षित गरिएको भन्दा कम संख्यामा आवेदन परेको छ । अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गर्न कुल २६ हजार दरबन्दीमध्ये १९ हजार पदमा विज्ञापन गरिएको थियो । त्यसमा दुईपटक आवेदन दिने म्याद थप गर्दा पनि जम्मा १५ हजार अस्थायी शिक्षकले मात्र आवेदन दिएका थिए । पदपूर्ति गर्नुपर्नेभन्दा कम आवेदन पर्दा पनि चित्त नबुझेर अस्थायी शिक्षकहरूले आफूहरूका निम्ति अलग्गै पाठ्यक्रमका आधारमा परीक्षा लिइनुपर्ने अडान राखे । आयोगले पनि अस्थायी शिक्षकहरूको दबाब थेग्न नसकेर खुला विज्ञापनका लागि अलग्गै पाठ्यक्रम र अस्थायीका लागि अलग्गै पाठ्यक्रम बनाएको छ । आयोगका तत्कालीन सदस्य-सचिव लक्ष्मीराम पौडेल भन्छन्, "अस्थायी शिक्षकहरूले धेरै नै सजिलो खोजे, साह्रै दबाब दिएपछि आन्तरिकका लागि प्रश्नको ढाँचा र ग्रिड परिवर्तन गरिएको छ ।"

खुला प्रतिस्पर्धाबाट शिक्षक बन्ने लक्ष्यका साथ अध्यापन अनुमतिपत्र लिएर बसेका युवा जनशक्तिको संख्या सात लाख छ । तर, तिनलाई शिक्षक हुनबाट वञ्चित गरेर पुरानै शिक्षकलाई परीक्षा लिएजस्तो गरेर स्थायी गर्ने चाँजोपाँजो मिलाइएको छ । जबकि, अहिलेको शिक्षक सेवा आयोगको परीक्षा छनोट प्रणालीमा पनि एक सयमा ४० अंक प्राप्त गर्ने व्यक्ति उत्तीर्ण हुन्छ । शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्, "प्रश्न नै सजिलो, उत्तीर्णांक थोरै अनि आन्तरिक प्रतिस्पर्धा गरेर छान्नु शिक्षक हुनै नसक्नेलाई शिक्षक बनाउनु हो । शिक्षामा यो अहिलेसम्मकै ठूलो बर्बादी हो ।"

शिक्षकका पेसागत संस्थाहरूको दबाबमै एक वर्षअघि शिक्षा ऐनको आठौं संशोधन गरी अस्थायी शिक्षकहरूलाई नाम मात्रको जाँच लिएर स्वतः स्थायी गर्ने प्रपञ्च रचिएको हो । त्यो प्रपञ्चलाई हालका शिक्षामन्त्री श्रेष्ठले अरू फिलतो बनाएर सबै अस्थायीलाई एकैपटक स्थायी गर्ने तरिका निकाले । यसले अब अस्थायी शिक्षक पास भए स्थायी, फेल भए मनग्य धनराशि लिएर घर जाने भएका छन् ।

शिक्षक भ्रातृ संस्था खुसी

सार्वजनिक शिक्षा ध्वस्त पार्ने गरी शिक्षा ऐनमा गरिएको नवौं संशोधनको राजनीतिक दलका शिक्षक भ्रातृ संस्थाहरूले स्वागत मात्र गरेका छैनन्, त्यसको बचाउसमेत गरेका छन् । नेपाल शिक्षक महासंघका महासचिव तिलक कुँवरले लेख नै लेखेर ऐन संशोधनको विरोध गर्नेहरूको धज्जी उडाएका छन् । नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव लक्ष्मण शर्मा यो संशोधनले अस्थायी शिक्षकको समस्या सम्बोधन गरेको बताउँछन् । भन्छन्, "यो संशोधनबाट मुलुक पछि हट्न सक्दैन । यसले अस्थायी शिक्षकको समस्या समाधान गरेको छ ।"

हुन पनि देशभरिका १५ राजनीतिक दलका १५ वटा शिक्षक भ्रातृ संगठनकै दबाबमा अहिलेको शिक्षा ऐनको यो संशोधन आएको हो । शिक्षा ऐनले सरकारी विद्यालयका शिक्षकलाई राजनीतिक दलको सदस्य बनेर राजनीति गर्न बर्जित गरे पनि राज्यकोषबाट तलब खाने सबैजसो शिक्षकहरू शिक्षक भ्रातृ संस्थामा आबद्ध छन् *(हेर्नूस्, भएजति शिक्षक पार्टीका पिछलग्गु, नेपाल, ९ असोज ०७३)* ।

पार्टीका यिनै पिछलग्गु शिक्षकहरूको दबाबमा शिक्षालाई ध्वस्त पार्ने गरी शिक्षा ऐनको नवौं संशोधन भएको हो । शिक्षाविद्, नागरिक समाजका अगुवालगायतले संशोधनको विरोध गरे पनि आफ्ना शिक्षक भ्रातृ संस्थाकै कारण राजनीतिक दलहरू मौन छन् ।

शिक्षक नियुक्तिका पाँच घातक तथ्य

१ ०४८ मा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारद्वारा २० हजार शिक्षकलाई कुनै पनि जाँच नलिई स्वतः स्थायी ।

२ ०५२ मा तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीले हरेक जिल्लामा शिक्षक सेवा आयोग बनाएर ४० जनाको दरबन्दीमा पाँच सय जनालाई उत्तीर्ण गराउँदै त्यसको आठ वर्षपछि मौखिक परीक्षा गरी २० हजार शिक्षकलाई स्थायी नियुक्ति । यो प्रक्रियामा पनि पहिला भर्ना गरिएका अस्थायी शिक्षक नै स्थायी ।

३ ०६३ मा फेरि अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याएर स्थायी गर्न नाम मात्रको आन्तरिक परीक्षा । १५ हजार अस्थायी शिक्षक स्थायी ।

४ ०६२/६३ को जनआन्दोलन लगतै आफ्ना मान्छे र कार्यकर्ता भर्ती गर्न राज्यको ढुकुटीबाट तलब खाने गरी राहत शिक्षक नामक नयाँ दरबन्दी सिर्जना गरी ०६४-०६६ को बीचमा ३९ हजार कार्यकर्तालाई बिनापरीक्षा शिक्षकमा नियुक्ति ।

५ ०६४ देखि सबै सरकारी विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र खोलेर देशभरिमा ३० हजार सहयोगी कार्यकर्ता भर्ना ।

अक्षम्य अपराध

हुन पनि अहिलेको कदमले विद्यालय शिक्षामा अक्षम शिक्षकहरूको वर्चस्व अरू बढाउँछ भने शिक्षाको गुणस्तर झन् ध्वस्त पार्छ । अहिले मात्र होइन, पहिले पनि सरकारी विद्यालयले विश्वसनीय प्रतिस्पर्धा उत्तीर्ण गरेर आएका योग्य शिक्षक पाउनै सकेका छैनन् । शिक्षाविद् कोइराला अहिलेको व्यवस्थाले काम नलाग्ने शिक्षकलाई स्थायी गरेर बालबालिकाको गतिलो शिक्षा पाउने हक कुण्ठित गरेको बताउँछन् । भन्छन्, "मूर्ख मानिसलाई दुर्भाग्यले सांसद भन्नु परेको छ, कुनै पनि देशका सांसदले यसरी देशको शिक्षालाई कोमामा पुऱ्याउने महाअपराध गरेका छैनन् । यो अक्षम्य अपराध हो ।"

पहुँच र भनसुनका भरमा शिक्षक भएकाले भरिएका छन्, सरकारी विद्यालय । निजी स्रोत तथा स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकको कुरा छाडौं, राज्य कोषबाट तलब खाने डेढ लाख सरकारी शिक्षकमध्ये ८० प्रतिशत शिक्षकहरू राष्ट्रिय प्रतिस्पर्धाबिना नै शिक्षक भएका हुन् । तीमध्ये करिब १९ हजार शिक्षकहरूले मात्र शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेका छन्

(हेर्नूस्, अक्षम शिक्षक ध्वस्त शिक्षा, नेपाल, २६ भदौ ०७३) ।

परीक्षाबिना शिक्षक भएकाहरूकै कारण मुलुकले सार्वजनिक शिक्षामा जतिसुकै लगानी बढाए पनि नतिजाचाहिँ उल्टो आइरहेको छ । जस्तो : ०६२ मा राज्यको शिक्षा क्षेत्रमा लगानी कुल २१ अर्ब २५ करोड रुपियाँ थियो, चालू आर्थिक वर्षमा यो १ खर्ब २५ अर्ब रुपियाँमा उक्लेको छ, जुन पाँच गुणा ज्यादा हो । यो लगानीको ५७ प्रतिशत हिस्सा त शिक्षकको तलबमै जान्छ । शिक्षामा राष्ट्रले गरेको यति ठूलो वृद्धिको अनुपातमा राष्ट्रिय नतिजा बढ्नुको साटो घटेको छ । ०६२ मा एसएलसीको सरकारी विद्यालयको नतिजा ३६.४५ थियो भने ०७० मा चाहिँ २८.२९ प्रतिशत । परीक्षा नियन्त्रक अम्बिका रेग्मीका अनुसार अहिलेको एसईईको सरकारी नतिजा पनि अंकमा रूपान्तरण गर्ने हो भने ३२ प्रतिशतभन्दा बढी हुँदैन ।

सार्वजनिक शिक्षा यतिबेला इतिहासमै सबैभन्दा जर्जर विन्दुमा पुगेको छ । विद्यालय, शिक्षक, विद्यार्थी तथा भौतिक पूर्वाधारको संख्यात्मक बढोत्तरी भए पनि शिक्षाको गुणस्तर झन्झन् कमजोर हुँदै गएको छ । जबकि, देशको शैक्षिक भौतिक पूर्वाधार नभएको एसएलसीको पहिलो वर्ष विसं १९९० को नतिजासमेत ७५.५८ प्रतिशत थियो ।

एसएलसी मात्र होइन, तल्लो तहको स्थिति पनि उस्तै नाजुक छ । जस्तो: शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ०७२ मा सिकाइ उपलब्धि परीक्षण गरेका विषयहरूमध्ये कक्षा ३ को नेपालीबाहेक सबै विषयमा औसत राष्ट्रिय उपलब्धि स्तर ५० प्रतिशतभन्दा माथि छैन । केन्द्रको परीक्षणमा कक्षा ३ को नेपाली र गणित विषयमा राष्ट्रिय औसत क्रमशः ५२ र ४५ प्रतिशत छ भने कक्षा ५ को नेपाली, गणित र अंग्रेजी विषयमा राष्ट्रिय औसत क्रमशः ४६, ४८ र ४७ प्रतिशत छ । शिक्षाविद् मनप्रसाद वाग्ले भन्छन्, "शिक्षाको गुणस्तर यसरी ध्वस्त हुनुमा जाँचबिना जथाभावी हुलिएका शिक्षकको अयोग्यताले काम गरेको छ । त्यसैले अब फेरि तथाकथित जाँच लिएर अस्थायीलाई स्थायी गर्न खोज्नु भनेको सार्वजनिक शिक्षाको ढाडै भाँच्नु हो ।" ◆

नवौं संशोधनले हुने सम्भावित क्षति

- योग्यता प्रणाली ध्वस्त हुने र झन्डै २२ हजार अस्थायी शिक्षकले नाम मात्रको जाँचबाट स्थायी शिक्षक हुने अवसर पाउने ।
- नाम मात्रको जाँचमा समेत अनुत्तीर्ण हुनेहरूलाई स्थायीसरह उपदान दिएर बिदा दिनु पर्दा राज्य कोषबाट ठूलो धनराशि खर्च हुने ।
- शिक्षक बन्ने उद्देश्यले शिक्षाशास्त्र अध्ययन गरी शिक्षण लाइसेन्स लिएर प्रतिस्पर्धा गर्न तयार सात लाख नयाँ र आधुनिक जनशक्ति खुला प्रतिस्पर्धाबाट वञ्चित हुने ।
- बालबालिकाको स्तरीय शिक्षा पाउने नैसर्गिक हक हनन हुने र अक्षम एवं निम्छरो जनशक्तिको हातमा कक्षा शिक्षण पुग्ने ।
- शिक्षामा जति लगानी बढाए पनि नतिजा जहाँको त्यहीँ होइन, अरू ध्वस्त हुने । जस्तोः ०४८ को स्वतः स्थायीको असरजस्तै अहिलेको क्षति विद्यालय शिक्षाले आउँदो धेरै वर्ष बेहोर्नुपर्ने ।
- अस्थायीलाई प्रक्रिया पुऱ्याएर स्थायी गरेपछि पहुँच र भनसुनका भरमा हुलिएका ३९ हजार राहत, ३० हजार सहयोगी कार्यकर्तालगायत विद्यालय कर्मचारीलाई पनि यस्तै प्रक्रियाबाट स्थायी हुन बाटो खुल्ने ।

उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ

अर्थमन्त्रीका तीन एजेन्डा

विवादित व्यापारी तथा कम्पनीको स्वार्थमा निर्णय गर्न दबाब

रामबहादुर रावल

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पदमा बहाल भएकै दिनदेखि गर्न खोजेका र नसकेका केही कामका कारण तनावमा छन् । हरेक दिनजसो उनी अर्थसचिव शान्तराज सुवेदी, अर्थ अन्तर्गतकै राजस्व सचिव शिशिरकुमार ढुंगाना, सहसचिवहरू, नेपाल राष्ट्र बैंकका वरिष्ठ अधिकारी र पूर्वअर्थसचिवहरूसँग छलफल गर्छन् । तर, उपाय निस्किँदैन । अहिलेसम्म कुनै जिम्मेवार अधिकारीले ती काम सम्पन्न हुने सहज बाटो देखाउन सकेका छैनन् । मन्त्रालयभन्दा बाहिरबाट प्राप्त कतिपय सुझाव अर्थ मन्त्रालयको प्रशासनिक नेतृत्वले नमानेका कारण अर्थमन्त्री कार्कीले चाहे अनुरूप काम अघि बढाउन सकेका छैनन् ।

अर्थमन्त्री कार्कीले यसरी अघि बढाउन खोजेका काम कुनै ठूला विकास परियोजना वा राजस्व प्रशासन सुधारका योजना होइनन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारको प्रमुख एजेन्डाकै रूपमा अर्थमन्त्री कार्कीले अघि बढाउन खोजेका ती मुख्य एजेन्डा हुन्, दूरसञ्चार सेवा प्रदायक एनसेलको ८० प्रतिशत सेयर स्वामित्व बिक्रीबापतको पुँजीगत लाभकरमा उन्मुक्ति, पोखरास्थित फूलबारी होटलका सञ्चालक पियूषबहादुर अमात्यको ऋणबापतको ब्याज मिनाहा र विवादास्पद व्यापारी अजेयराज सुमार्गीले नेपाल भित्र्याउन खोजेको तर स्रोत नखुलेको तीन अर्ब रुपियाँ नेपाल राष्ट्र बैंकबाट फुकुवा । अर्थ मन्त्रालयका एक सहसचिव भन्छन्, "मलाई पनि दबाब छ, यी तीन काम नगरी भएको छैन भन्नुहुन्छ । तर, यसको जस्टिफिकेसन कतैबाट मिल्दैन ।"

के हुन् यी तीन प्रकरण ?

एनसेल प्रकरण : ६० अर्ब ७१ करोड रुपियाँ पुँजीगत लाभकर बुझाउनुपर्नेमा एनसेलले दुई वर्षमा दुई किस्ता गरी २३ अर्ब २६ करोड रुपियाँ मात्र बुझाएको छ । बाँकी रकम नबुझाई उम्किने बाटो खोजिरहेको छ । एनसेलले जुन बाटो खोजेको हो, अर्थमन्त्री कार्कीले खोजेको बाटो पनि त्यही हो । अर्थात्, एनसेललाई लाभकरबापतको बाँकी रकम ३७ अर्ब ४५ करोड रुपियाँ मिनाहा कसरी दिन सकिन्छ भन्नेमा अर्थमन्त्रीको समय बितिरहेको छ ।

स्वीडेनको टेलियासोनेरा नामक कम्पनीले एनसेलमा रहेको आफ्नो स्वामित्वको सेयर मलेसियाको एक्जिएटालाई बिक्री गर्दा लाभकर तिरेको थिएन । टेलियासोनेराले एनसेल सञ्चालन गर्दा लगानीकर्ता कम्पनीका रूपमा भने सेन्ट किट्स एन्ड नेभिसमा रेनोल्ड होल्डिङ्स दर्ता गरेको थियो र त्यसैका नाममा सम्पूर्ण कारोबार गरेको थियो । एनसेलको ८० प्रतिशत सेयर स्वामित्व रहेको टेलियासोनेराले एक्जिएटालाई बेच्दा १ खर्ब ३६ अर्ब रुपियाँको कारोबार भएको थियो । त्यसबापतको पुँजीगत लाभकर नेपाल सरकारलाई बुझाउनुपर्नेमा तत्कालीन प्रशासनिक संयन्त्र तथा राजनीतिक नेतृत्वको आडमा उसले त्यतिखेर त बुझाएन नै, यस क्रममा पुँजीगत लाभकर एक्जियटाले तिर्ने कि टेलियासोनेराले भन्ने कृत्रिम विवाद सिर्जना गरेर समेत विषयलाई अन्यत्र मोड्न खोजियो । अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग,

विषय

एनसेललाई पुँजीगत लाभकर मिनाहा

रकम

३७ अर्ब ४५ करोड रुपियाँ (तिर्न बाँकी)

तर्क

बिक्रेता कम्पनी भागिसकेको, मुलुककै ठूलो करदाता कम्पनीलाई थप मारमा पार्न नहुने

विषय

नेपाल राष्ट्र बैंकले व्यापारी अजेयराज सुमार्गीका नाममा ब्रिटिस भर्जिन आइल्यान्ड तथा साइप्रसबाट आएको स्रोत नखुलेको रकम फुकुवा

रकम

तीन अर्ब रुपियाँ (आठ अर्ब यसअघि नै निकासा भइसकेको)

तर्क

प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गर्न

उद्योग विभाग, संसदीय समिति, दूरसञ्चार प्राधिकरण आदि नियामक निकायहरू मौन बसे। एनसेलकै २० प्रतिशत सेयरका मालिक निरजगोविन्द श्रेष्ठले सुनेभेरा क्यापिटल भेन्चरकी भावनासिंह श्रेष्ठलाई बिक्री गर्दा २ अर्ब ८३ करोड रुपियाँ पुँजीगत लाभकर असुल गरिएको थियो।

सार्वजनिक तहबाट व्यापक विरोध र महालेखा परीक्षकको कार्यालयले बेरुजु अंकित गरेपछि पनि एनसेलले सहजै कर तिर्न तत्परता देखाएन। राजनीतिक नेतृत्वले समेत करमुक्तिकै पक्षमा 'लबिङ' गर्न थालेपछि कर असुली ढिलाइ भइरहेको छ। राजस्व अधिकारीहरूका अनुसार कानुनी रूपमा एनसेललाई करमुक्ति दिने कुनै उपाय छैन। आन्तरिक राजस्व विभागका निर्देशक अर्जुनप्रसाद भट्टराई भन्छन्, "कर निर्धारण भइसकेको छ। ठूला करदाता कार्यालयले असुलीको प्रक्रिया अघि बढाएको छ।"

यसअघि कर फर्स्योट आयोग गठन गरेरै एनसेललाई लाभकरमा उन्मुक्ति दिन खोजिएको थियो। त्यसका निम्ति तत्कालीन अर्थसचिव लोकदर्शन रेग्मीले फाइल नै तयार गरिसकेका थिए। त्यसबीचमा रेग्मीको गृह मन्त्रालयमा सरुवा भएपछि त्यो प्रक्रिया रोकियो। अर्थसचिवमा शान्तराज सुवेदीको सरुवा भएपछि उनले तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराको दबाबका बाबजुद आयोग गठन-प्रक्रिया अघि बढाउनै मानेनन्। पूर्वअर्थमन्त्री रामशरण महतले गठन गरेको लुम्बध्वज महत नेतृत्वको आयोगले ३३ अर्ब रुपियाँभन्दा बढी राजस्व मिनाहा दिई राज्यकोषमा हानि पुऱ्याएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएपछि महरा पनि हच्किए।

अहिले अर्थमन्त्री फेरिएका छन् तर सचिव सुवेदी नै छन्। सुवेदीले एनसेललाई उन्मुक्ति दिनै नसकिने भन्दै अडान राखेका छन्। तर, अर्थमन्त्री कार्की अन्य उपायबाट भए पनि एनसेललाई राहत पुग्ने निर्णयका लागि प्रयासरत छन्। यही प्रयासस्वरूप उनले अर्थसचिव परिवर्तन गर्न नखोजेका पनि होइनन्।

सुमार्गी प्रकरण : स्रोतको वैधानिकता खुलाउन नसकेका कारण व्यापारी अजेयराज सुमार्गीका नाममा ब्रिटिस भर्जिन आइल्यान्ड र साइप्रसबाट आएको ११ अर्ब रुपियाँ नेपाल राष्ट्र बैंकले चार वर्षदेखि रोक्का गरेको थियो। उक्त कारोबारलाई शंकास्पद सूचीमा राखी राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई जानकारीसमेत गराएको थियो। तर, अर्थ मन्त्रालय अन्तर्गतको यस विभागले अनुसन्धान त गरेन नै, बरू आठ अर्ब रुपियाँ वैदेशिक लगानीबापत भित्र्याएको सुमार्गीको दाबीमा सही थाप्न उद्योग विभागदेखि राज्यका सबै सरोकारवाला निकाय तयार भए। बाँकी तीन अर्ब रुपियाँ निकासाका लागि अर्थमन्त्री कार्कीले जोडबल गरिरहेका छन्।

यसका लागि कार्कीले राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपालसँग पनि पटक-पटक छलफल गरिसकेका छन्। नेपालले आफूमातहतका अन्य अधिकारीहरूसँगको छलफलमा पनि यो कुरा राखेका छन्। ती अधिकारीहरूले भने उद्योग विभागको स्वीकृतिपत्र चाहिने बताएका छन्। उद्योग विभागले खोजेका कागजपत्र भने सुमार्गीले उपलब्ध गराउन सकेका छैनन्। स्रोतका अनुसार सुमार्गीले आफू राष्ट्र बैंकसँग सम्पर्कमा रहेको र सबै आवश्यक कागजात राष्ट्र बैंकलाई नै बुझाउने भन्दै उद्योगका अधिकारीहरूलाई झारा टार्ने शैलीका जवाफ पठाइरहेका छन्। उद्योग विभागका महानिर्देशक शंकर अर्याल भने सुमार्गीको रकम फुकुवा गर्न उद्योगका तर्फबाट तत्काल कुनै प्रक्रिया अघि नबढेको बताउँछन्। भन्छन्, "प्रत्यक्ष वैदेशिक लगानीको स्वीकृति दिने हामीले नै हो। त्यसरी रकम फुकुवा गर्न मिल्ने गरी कुनै प्रक्रिया अघि बढेजस्तो मलाई लाग्दैन।"

अर्थमन्त्री कार्कीले भनेजसरी पनि त्यो रकम फुकुवा गर्नुपर्ने भन्दै विभिन्न चरणमा आफूमातहतका कर्मचारी र राष्ट्र बैंकका अधिकारीहरूसँग छलफल चलाएका छन्। यसका निम्ति पूर्वअर्थसचिव र अर्थका अनुभवी कर्मचारीहरूको समेत उनले सल्लाह मागेका छन्। सुमार्गीको रकममा अर्थको नेतृत्वको चासो रहेको कुरा किन पनि प्रमाणित हुन्छ भने अर्थमातहतकै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले यसबारे कुनै अनुसन्धान र कारबाही अघि बढाएको छैन।

जबकि, चिनियाँ नागरिक ऊ ली भिङका नाममा भैँसेपाटी, ललितपुरस्थित नेपाल बंगलादेश बैंकको शाखामा अमेरिकाबाट आएको १० लाख अमेरिकी डलर प्रकरणमा छानबिन गरी विशेष अदालतमा मुद्दा नै चलाइएको थियो। त्यतिखेर पनि चिनियाँ राजदूतावास र विभिन्न शक्तिकेन्द्रबाट दबाब आए पनि अर्थ मन्त्रालयका तत्कालीन सचिव रामेश्वर खनालको निर्देशनमा सम्पत्ति शुद्धीकरण विभागले तदारुकतासाथ छानबिन अघि बढाएको थियो। तर, सुमार्गीका लागि चलखेल गर्ने अवसर दिएर राज्यले नै सहयोग गरेको टिप्पणी गर्छन्, विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की। उनकै भनाइमा यस्ता शंकास्पद कारोबारमा राज्यका सबै निकाय परिचालन गरी तत्काल छानबिन अघि बढाउनुपर्नेमा सम्पत्ति शुद्धीकरण विभाग, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलगायत निकायले चासो दिएर अनुसन्धान गर्नुपर्नेमा सबै निकाय मौन बस्नु भनेको राज्यकै इच्छाशक्ति नभएको देखिन्छ। कार्की भन्छन्, "भारतले यस्ता मुद्दामा राज्यबाटै

एजेन्डा ३

विषय

पोखरास्थित फूलबारी रिसोर्टका सञ्चालक पियूषबहादुर अमात्यलाई नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल औद्योगिक विकास निगम, सञ्चय कोषलगायतबाट प्रवाहित ऋणमा ब्याज मिनाहा

रकम

करिब दुई अर्ब रुपियाँ (१ अर्ब २२ करोड साँवाबाहेक)

तर्क

फेरि व्यावसायिक रूपमा उद्योग सञ्चालन हुन सक्ने, रोजगारी र राजस्व गुम्न नदिन

लगानी गरेर भए पनि अनुसन्धान गरेको पाइन्छ। हाम्रोमा पनि अन्य प्रकरणमा विदेशमा रहेका आरोपितलाई समेत झिकाएर अनुसन्धान गरिन्छ भने यहीं भएका मान्छेका बारेमा अनुसन्धान गर्न केले रोकेको छ ?”

पियूषबहादुर अमात्य प्रकरण : नियतवश ऋण नतिरी बैंक डुबाउनेहरूको सूचीमा अग्रपंक्तिमा रहेका व्यापारी पियूषबहादुर अमात्यको पोखरास्थित फूलबारी रिसोर्टको माउ कम्पनी दी फूलबारी लिमिटेडका नाममा जारी ऋणबापतको ब्याज मिनाहा दिलाउन पनि यतिखेर अर्थमन्त्री कार्कीको उत्तिकै ऊर्जा खपत भइरहेको छ। नेपाल बैंकको नेतृत्वमा राष्ट्रिय वाणिज्य बैंक, नेपाल औद्योगिक विकास निगम, सञ्चय कोषलगायतको १ अर्ब २२ करोड रुपियाँ साँवा ऋण उक्त परियोजनामा प्रवाहित छ। ०५२ सालदेखिको यो ऋणमा ब्याजसमेत थपिँदै चार अर्बको नजिक पुग्न लागेको छ।

०७० मा केपी ओली नेतृत्वको सरकारका उद्योगमन्त्री कर्णबहादुर थापाको प्रस्तावमा फूलबारी रिसोर्टलगायत १० वटा उद्योगलाई रुग्ण घोषणा गर्दै मन्त्रिपरिषद्बाटै सुविधा दिने निर्णय गरेपछि अमात्यलाई राहत भएको छ भने ऋणदाता संस्थाहरूलाई भने आहत । मन्त्रिपरिषद्ले रुग्ण उद्योग घोषणा गरेसँगै आफूले ब्याज मिनाहा पाउनुपर्ने दाबी अमात्यले गर्दै आएका छन्। मन्त्रिपरिषद्को निर्णय बोकेर उनी नेपाल राष्ट्र बैंक पटक-पटक धाइसकेका छन्। राष्ट्र बैंकले पनि उनको पक्षमा ऋणदाता संस्थाहरूलाई पत्राचार गरिदिएको छ। तर, ती संस्थाहरूले सर्वसाधारणको लगानी र निक्षेप डुबाउने गरी राष्ट्र बैंकको निर्देशन मान्न सकिरहेका छैनन् । कम्तीमा चार प्रतिशत ब्याज आफूहरूले पाउनुपर्ने ती संस्थाहरूको अडानका कारण अमात्यलाई त्राण दिने सरकार तथा राष्ट्र बैंकको तयारी सफल हुन सकेको छैन ।

अर्थमन्त्री कार्कीले भने त्यत्रो ठूलो उद्योग बन्द हुँदा सयौं रोजगाररत जनशक्ति कामविहीन हुने, करबापत प्राप्त हुने राज्यको आम्दानी गुम्न सक्ने भन्दै अमात्यको पक्षमा ‘लबिङ’ गरिरहेका छन्। यस प्रकरणमा राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपाल र अर्थमन्त्री कार्कीको मुख मिले पनि ऋणदाता संस्थाहरूले आफ्नै घाँटी रेट्ने निर्णयलाई शिरोपर गर्न सकिरहेका छैनन् । “सर्वसाधारणको लगानी र निक्षेप रहेका बैंक र कर्मचारी सञ्चयकोष डुबाएर एउटा डिफल्टरको पक्षमा निर्णय गर्नु कति उचित हो ?” ऋणदातामध्येका एक बैंकका प्रमुख कार्यकारी अधिकृत *नेपाल*सँग भन्छन्, “दबाब त कति आए, आए। हामीभन्दा माथिका भएजतिका सबै उच्च ओहोदाका पदाधिकारीहरूले फोन गर्न भ्याइसके । तर, हामी आफ्नै खुट्टामा बञ्चरो हानेर नियतवश ऋण नतिर्ने एउटा व्यापारी पोस्ने गरी नजिर बसाल्न सक्दैनौं । कि त सरकारले नै ब्याज हाम्रो खातामा जम्मा गरिदिनुपर्छ ।”

दबाब कसको ?

मन्त्री कार्कीले माथिका तीनवटै प्रकरण आफ्नो कार्यकालमा टुंग्याउनैपर्ने बाध्यता भएको र आफूमाथि दबाव रहेको कुरा निकटस्थहरूसामु बताए पनि उनलाई कहाँबाट दबाब परेको हो भन्ने कुरा खोलेका छैनन्। अर्थात्, अर्थका अधिकारीहरूले कसको दबाब हो भनेर सोध्ने आँट गरिरहेका छैनन्।

देउवा सरकार गठन भएलगत्तै कांग्रेसवृत्तमा पूर्वअर्थमन्त्री महेश आचार्यको पुनरागमनको चर्चा थियो । तर, आचार्य अर्के गुटका भएकाले देउवाको ‘किचन क्याबिनेट’बाट एकाएक कार्कीको नाम अघि सारी शपथको तारतम्य मिलाइएको थियो ।

यी तीन एजेन्डामा बाधक देखिएका अर्थसचिव सुवेदीलाई हटाएर आफू अनुकूलका सचिव ल्याउने तयारी पनि कार्कीले नगरेका होइनन् । अर्थमा जानका लागि तत्कालीन पर्यटन सचिव (हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय) शंकरप्रसाद अधिकारीले पनि निकै जोडबल गरेका थिए । देउवा र उनको किचन क्याबिनेटलाई खुसी पार्न उनीहरूकै माग अनुसार अधिकारीले पर्यटन मन्त्रालयबाट ५ देखि १५ लाख रुपियाँ बराबरका केही परियोजना पनि बाँडेका थिए। यति मात्र होइन, नेपाल वायु सेवा निगमको जहाज खरिदमा भएको कारोबारमा समेत देउवाकै किचेन क्याबिनेटलाई विश्वासमा लिनुपरेको थियो। तर, माओवादीनिकट मानिने सुवेदीलाई अवकाशको मुखैमा अर्थबाट सरुवा गर्दा माओवादी चिढिने भय देखियो। किनभने, सुवेदीलाई मुख्यसचिव बन्नबाट रोकेर छोटो कार्यकाल भएका राजेन्द्रकिशोर क्षत्रीलाई मुख्यसचिव बनाउँदा नै माओवादी नेतृत्व असन्तुष्ट भइसकेको थियो । देउवा सरकारले क्षत्रीलाई मुख्यसचिव बनाउनुको उद्देश्य गृहसचिव लोकदर्शन रेग्मीलाई मुख्यसचिव बनाउन मार्ग प्रशस्त गर्नु थियो ।

आउँदो ८ कात्तिकपछि देउवा सरकारले गर्न चाहेका यी तीन काममा प्रशासनिक नेतृत्व अनुकूल बनिदिन सक्ने विश्लेषण प्रशासनिक वृत्तमा गरिँदैछ । किनभने, अर्थसचिव सुवेदी आउँदो तिहारपछि कार्यालयमा हाजिर हुने छैनन् भने ८ कात्तिकमा निवृत्त हुने मुख्यसचिव क्षत्रीको ठाउँमा एनसेललगायत माथि उल्लिखित प्रकरणहरूमा नरम देखिएका पूर्वअर्थसचिव रेग्मीलाई नियुक्त गरेपछि प्रशासनिक नेतृत्वबाट हुने अवरोधको सामना देउवा सरकारले गर्नु नपर्ने हुन सक्छ। त्यसैगरी अहिले मुख्यसचिवकै लागि जोडबल गरिरहे पनि दौडमा रेग्मीभन्दा पछि परेमा तत्कालीन अवस्थामा वरिष्ठतम सचिवका रूपमा शंकर अधिकारीले रोजेको ठाउँ पाउन सक्नेछन्। र, त्यतिखेर अवश्य पनि अधिकारीले अर्थ नै रोज्ने अनुमान गर्न सकिन्छ। कारण, अर्थमा सरुवा यसअघिदेखिकै प्रयास हो उनको ।

अर्थसचिव र मुख्यसचिव दुवै प्रमुख प्रशासनिक निकायमा आफू अनुकूलको व्यक्ति ल्याइसकेपछि उल्लिखित तीन प्रकरण अर्थमन्त्री कार्कीले चाहे अनुरूप नै टुंगिएमा आश्चर्य हुने छैन। तर, नेपाल सरकारकै एक बहालवाला सचिव भन्छन्, “आफूले पद र अवसर प्राप्त गर्न नेताका स्वार्थमा सम्झौता गर्दै जाने हो भने कुनै दिन आफैं खाल्डामा पर्न पनि सकिन्छ, जुन कुरा कर फर्स्योट आयोगमा राजस्व विभागका महानिर्देशक चूडामणि शर्माबाट पनि पाठ सिकेर हुन्छ।” ◆

रातारात वाम

राजनीतिमा कोल्टे फेरिरहने प्रचण्ड स्वभावको परिणाम

आवरणसहित तस्बिरहरू : भास्कर ओझा

तालमेल

माधव बस्नेत

'५ माघ ०७१ मा पार्टीभित्र निर्णय नै नगरी एकतर्फी रूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली त्याग्ने प्रचण्डजीले अब सो मुद्दा उठाउने रे ! जय होस् !'

नयाँ शक्ति पार्टी, नेपालका संयोजक बाबुराम भट्टराईले यो ट्वीट गरेको अघिल्लो दिन ८ साउन ०७४ मा मात्र नेकपा माओवादी केन्द्रको सचिवालयको विस्तारित बैठकले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र प्रतिनिधिसभाको निर्वाचनका लागि पूर्ण समानुपातिक प्रणालीको मुद्दालाई अघि बढाउने निर्णय लिएको थियो ।

एमाले, माओवादी र नयाँ शक्ति पार्टीबीचको तालमेल घोषणा कार्यक्रम, राष्ट्रिय सभागृह

पुष्पकमल दाहाल 'प्रचण्ड'सँग तीन दशक संगत गरेका भट्टराईको ट्वीटले माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एकाएक १ सय ८० डिग्रीको फन्को मार्न सक्छन् भन्ने प्रमाणित गर्छ। यही असोज महिनामा पनि प्रचण्डले दुईपटक यसै गरी कोल्टे फेरे। एक, २२ वर्षदेखि बहिष्कार गरेको दसैंमा टीका लगाए र लगाइदिए। दुई, दस्तावेजहरूमा 'दुस्मन' घोषणा गरेको एमालेसँग एकाएक तालमेल, एकीकरणको निर्णय गर्न पुगे।

प्रचण्ड 'एमाले भनेको कम्युनिस्टका नाममा हिङ बाँधेको टालो मात्र हो, असली हिङ माओवादी हो' भन्थे। तर, १६ असोजमा तिनै प्रचण्डले एकाएक सचिवालयको बैठक डाकेर एमालेसँग चुनावी तालमेल र त्यसपछि एकता नै गर्ने निर्णय गराइदिए। त्यसको भोलिपल्ट १७ असोजमा त राष्ट्रिय सभागृहमा संयुक्त कार्यक्रम गरी त्यसलाई औपचारिकता नै दिइयो। परिणामतः औपचारिक रूपमा ०१९ सालबाट चिरा-चिरा हुन थालेको कम्युनिस्ट पार्टीका दुई ठूला भंगाला एकै ठाउँ मिसिन पुगेका छन्। र, यसले राष्ट्रिय राजनीतिलाई नै दुई ध्रुवमा विभाजित गर्न थालेको छ। यो बेग्लै कुरा हो कि निर्वाचनलाई केन्द्रमा राखेर गरिएको एमाले-माओवादी केन्द्रबीचको तालमेल, एकीकरणका आगामी पाइलामा अनेकौं व्यवधान छन्।

यो तालमेल, एकीकरणको सहमतिका लागि प्रचण्डले मात्र १ सय ८० डिग्रीको फन्को मारेका होइनन्। माओवादीको अटुट कटु आलोचक र अररो नेताको छवि बनाएका एमाले अध्यक्ष केपी ओली पनि त्यही शैलीमा फनक्कै भएका

२१ वैशाख ०६६
प्रधानमन्त्री पदबाट एक्कासि राजीनामा

६ भदौ ०६५
ओलम्पिक खेलको उद्घाटन समारोहमा भाग लिन चीन प्रस्थान। तर, फर्कने क्रममा पहिलो राजनीतिक भ्रमण भारतमै गर्ने अभिव्यक्ति

असार ०६५
एमालेका वरिष्ठ नेता माधवकुमार नेपाललाई राष्ट्रपति बनाउन सहमति। नेपालले लड्डुसमेत बाँडेपछि रामराजाप्रसाद सिंहलाई समर्थन

१५ जेठ ०६५
संसद्बाट गणतन्त्र घोषणा। प्रधानमन्त्री तथा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउने वाचा। तर, गणतन्त्र घोषणापछि कोइरालालाई राष्ट्रपति बनाउँदा सत्ताको केन्द्र द्वैध हुन्छ भन्दै अस्वीकार

७ मंसिर ०६२
दलहरूसँग १२ बुँदे समझदारी। त्यसअघि नोकरसँग होइन, मालिक (राजा ज्ञानेन्द्र)सँगै वार्ता गर्ने भनेर दलहरूको सामर्थ्यलाई तिरस्कार

१८ वैशाख ०६७
जनविद्रोह गर्ने भन्दै आमहडताल सुरु। अन्ततः ६ दिनपछि एकाएक फिर्ताको घोषणा

२० माघ ०६७
प्रधानमन्त्री निर्वाचन हुनुभन्दा एक घन्टाअघि मात्र आफ्नो उम्मेदवारी फिर्ता लिई एमालेका अध्यक्षसमेत रहेका झलनाथ खनाललाई समर्थन गर्ने घोषणा

१७ माघ ०६७
पार्टी बैठकबाटै निर्णय गराएर फिर्ता नलिने गरी संसद् सचिवालयमा उम्मेदवारी दर्ता

२ पुस ०६७
केन्द्रीय समिति बैठकमा मोहन वैद्यसँग मिलेर विद्रोहको लाइन पारित

८ वैशाख ०६८
जनविद्रोहको लाइन तत्काललाई स्थगित गरेको घोषणा

फागुन ०७१
बाबुराम भट्टराईलाई अध्यक्ष बनाउने संकेत। तर, विरोधपछि विशेष महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्ने भन्दै बचाउ

५ माघ ०७१
प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रस्तावमा लचक

१३ मंसिर ०७०
संविधानसभाको परिणाम स्वीकार गर्न तयार

६ मंसिर ०७०
संविधानसभा-२ को निर्वाचनमा धाँधली भएको भन्दै परिणाम स्वीकार नगर्ने जानकारी

२० माघ ०६९
हेटौंडामा महाधिवेशन उद्घाटनपछि उत्पादन ब्रिगेड बनाउने घोषणा। तर, राजधानी फर्केपछि स्थगन

२३ असोज ०७२
केपी ओलीलाई प्रधानमन्त्री बनाउन एमालेसँग १४ बुँदे सहमति

२१ जेठ ०७३
ओलीलाई दिएको समर्थन फिर्ता लिने निर्णय

२२ जेठ ०७३
प्रधानमन्त्रीमा ओलीलाई नै निरन्तरता दिने निर्णय

२८ असार ०७३
एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाउन दिएको समर्थन फिर्ता, त्यही दिन प्रचण्डको नेतृत्वमा कांग्रेससँग संयुक्त सरकार बनाउन सातबुँदे सहमति

१९ साउन ०७३
नेपाली कांग्रेसको समर्थनमा आफैं प्रधानमन्त्री निर्वाचित

हुन् । ओली-प्रचण्डले तालमेल, एकीकरणको समझदारीलाई कतिसम्म गोप्य राखेका थिए भने एकाधबाहेक दुवै पार्टीका सचिवालय सदस्यले समेत यसको सुइँको पाएनन् । प्रचण्डले आफ्ना विश्वासपात्र वर्षमान पुनलाई समेत ओली र आफूले सातबुँदे सहमतिमा हस्ताक्षर गरेपछि मात्र जानकारी दिएका थिए । १४ असोज बिहान उनीहरूबीच सहमतिमा हस्ताक्षर भएको थियो, जहाँ उनीहरूबाहेक एमालेबाट उपाध्यक्ष वामदेव गौतम, उपमहासचिव विष्णु पौडेल र

प्रचण्डको कोल्टे फेराइ

४ साउन ०६२
बाबुराम भट्टराईमाथि गरिएको कारबाही एकाएक फिर्ताको घोषणा

१८ माघ ०६१
रुकुमको लाबाङमा बसेको पोलिटब्युरो बैठकमा रामबहादुर थापाको साथ लिएर बाबुराम भट्टराईमाथि कारबाही

२१ माघ ०६१
तत्कालीन राजा ज्ञानेन्द्रसँग बर्दिया राष्ट्रिय निकुञ्जभित्र वार्ता गर्ने तयारी । तर, १९ माघ ०६१ मा ज्ञानेन्द्रले सम्पूर्ण शासनसत्ता हातमा लिएपछि योजना स्थगन

२८ असोज ०६८
चितवनको भरतपुरमा एमाओवादीका सल्लाहकार खम्बसिंह कुँवरलाई अभिनन्दन गर्दै जनवादी क्रान्ति तत्काल असम्भव रहेको उद्घोष । त्यही बिहान भरतपुरको चौबीसकोटस्थित होटलमा कार्यकर्ताहरूसँग आफ्नै नेतृत्वमा जनवादी क्रान्ति हुने भएकाले तयार रहन निर्देशन

३ कात्तिक ०६८
प्रचण्डकै सहमतिमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा भारत भ्रमणमा द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा)मा हस्ताक्षर । मोहन वैद्य खेमाको चर्को विरोधपछि प्रचण्डद्वारा बिप्पा सम्झौता गलत भएको अभिव्यक्ति

१५ जेठ ०६९
प्रधानमन्त्री बाबुराम भट्टराईसँग मिलेमतो गरी संविधानसभा विघटन । तर, पछि भट्टराई एक्लैले गरेको भन्दै आफ्नो बचाउ

चैत ०६८
हात्तीवन भिलेज रिसोर्टको वार्तामा संविधान जारी गर्न सहमत । तर, काठमाडौं फर्किएपछि पूर्ववत् सहमति अस्वीकार । परिणाम पहिलो संविधानसभा भंग

८ मंसिर ०६८
माओवादी, कांग्रेस र एमालेसहितका बैठकमा द्वन्द्वकालमा कब्जा गरेको सम्पत्ति फिर्ता गर्न सहमति । भोलिपल्टै बर्दियाबाट सुरु हुने जानकारी । तर, बर्दिया पुगेर द्विअर्थी अभिव्यक्ति

१० जेठ ०७४
प्रधानमन्त्री पदबाट राजीनामा

२० जेठ ०७४
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री प्रस्ताव

१४ असोज ०७४
२२ वर्षपछि दसैंमा टीका ग्रहण

१७ असोज ०७४
संघ र प्रदेशको निर्वाचनमा एमालेसँग तालमेल, त्यसपछि पार्टी नै एकीकरण गर्ने औपचारिक घोषणा

केपीमा पीकेको विलय

गुणराज लोहनी

दसैंलगत्तै १७ असोजमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नयाँ शक्ति पार्टी, नेपालका बीचमा ६ बुँदे सहमति भयो। यो सहमतिको मुख्य केन्द्र आगामी प्रदेश र संसद्को चुनावमा तालमेल गर्ने र त्यसपछि पार्टी एकता गर्ने रहेको छ। एकाएकजस्तो भएको यो एकतालाई धेरैले विभिन्न अर्थमा लिएका छन्। यसअघिसम्म पुष्पकमल (पीके) दाहाल नेतृत्वको माओवादी पार्टी र केपी ओली नेतृत्वको एमालेका बीचमा खासै राम्रो सम्बन्ध थिएन। अझ विसं ०५२ मा 'जनयुद्ध' सुरु गर्दै गर्दा रत्नपार्कमा भित्ताकाण्ड भएको थियो। त्यही घटनापछि तत्कालीन माओवादीले एमालेलाई प्रतिक्रियावाद उन्मुखको आरोप लगाएको थियो। यसरी प्रतिक्रियावाद उन्मुखको आरोप फिर्ता नलिईकन एकाएक एकतामा जानु वास्तवमै रहस्यमय छ।

माओवादी र एमालेबीचको यो तिक्तता त्यसपछिका दिनमा झनै बढेर गएको थियो। यसै प्रसंगलाई लिएर १ पुस ०५४ मा पीकेले *जनादेश* साप्ताहिकमा एमालेको चरित्र चित्रण गर्दै 'एमाले गुट र संशोधनवादी फोहोरको डंगुर चलाउने प्रश्न' शीर्षकको एउटा लेख नै लेखेका थिए। त्यसको सुरुआतमै उनले लेखेका छन्, 'नेपालमा निम्न पुँजीवादी अवसरवाद कसरी दक्षिणपन्थी संशोधनवादमा पतन भयो र त्यसले आज कसरी सामन्तवादको सेवा गरिरहेको छ भन्ने कुरा एमाले गुटको चरित्रले स्पष्ट गर्दछ। मार्क्सवादको नाम लिएर मार्क्सवादको मुटुमा चुपी धस्नु, वर्गसंघर्षको कुरा गरेर वर्ग समन्वयको व्यवहार गर्नु, जनताको नाम लिएर जनताकै छातीमा बुट बजार्नु, त्यहाँबाट पनि अगाडि बढेर राष्ट्रघात र जनहत्याद्वारा सामन्तवाद र साम्राज्यवादको प्रत्यक्ष सेवा गरी जनता र क्रान्तिविरुद्ध प्रतिकारको अपिल गर्दै प्रतिक्रियावादसम्मको अभ्यास गर्नु आज एमाले गुटको मूल चरित्र बन्न गएको छ।'

पीकेले यो लेख लेख्दै गर्दा एमालेको विशेष पहल र सहयोगमा एकीकृत महाकाली सन्धि संसद्बाट पारित भएको थियो। अर्कोतिर वामदेव गौतम गृहमन्त्री भएका समयमा प्रेमसिंह धामीको नेतृत्वमा माओवादी 'जनयुद्ध' दबाउने आयोग गठन भएको थियो र वामदेवले आतंककारी तथा विध्वंश ऐन ल्याएका थिए। जसले गर्दा राष्ट्रियता र जनतन्त्र दुवै एमालेका कारण एकदमै संकटमा परेका थिए। जबकि, पीके महासचिव रहेको तत्कालीन माओवादीले राष्ट्रियता र जनतन्त्रका मुद्दा लिएर 'जनयुद्ध' गरेको थियो।

त्यो लेख लेखेको २० वर्षपछि पीकेहरू एमालेसँग एकता गर्ने निर्णयमा पुगिरहेका छन्। यसअघि पनि बेलामौकामा एकताका कुरा नआएका होइनन्। तर, तिनीहरू पानीको फोकासरी हराएर जाने गरेका थिए। तर, यसपालि कुनै हल्लाबिना नै एकाएक एकता गर्ने निर्णय भएको छ। यसले सबैलाई आश्चर्यचकित बनाएको छ। चुनावी एकतापछि सहज बहुमत मात्र होइन कि दुईतिहाइ बहुमत ल्याउने अपेक्षा राखेको कुरा उनीहरूले आफ्ना भाषणमा व्यक्त गरेका छन्।

माके-एमाले सम्बन्ध

यी दुई पार्टीको स्थापनाकालदेखि नै सम्बन्ध राम्रो थिएन। पञ्चायतकालमा मालेको नामबाट एमाले चिनिन्थ्यो भने माओवादी चौथो महाधिवेशन हुँदै मशालसम्म पुग्दा तीव्र वैचारिक विवाद थियो। पञ्चायतविरुद्धको आन्दोलनमा एमाले नौ वामसहित कांग्रेससँग मिल्न गएको थियो भने तत्कालीन मशालको मुख्य पहलकदमी र बाबुराम भट्टराईको नेतृत्वमा संयुक्त राष्ट्रिय जनआन्दोलन निर्माण भएको थियो। पञ्चायत ढलेसँगै यिनीहरूका बीचमा वैचारिक संघर्ष तीव्र बन्दै गएको थियो। महाकाली सन्धिपछि र मदन भण्डारी-जीवराज आश्रितको रहस्यमयी दुर्घटनामा निधनसँगै राष्ट्रियताको मुद्दा लिएर एमालेले गरेको आन्दोलनप्रति मशालसहित बनेको नेकपा (एकता केन्द्र)को एकदमै छोटो समयलाई कार्यगत एकता भएको थियो। एमालेले आन्दोलनबाट हात झिकेपछि उनीहरूबीचको वैचारिक लडाइँ बढ्दै गयो। ०५२ सालमा बागबजारमा रहेको भित्तालाई लिएर माओवादी र एमालेबीच सडक संघर्ष नै भयो। त्यतिबेला एमाले सरकारमा थियो। एमालेका रूपनारायण श्रेष्ठहरूले बाबुरामहरूमाथि खुकुरी, चिर्पटसम्म प्रयोग गरेका थिए। त्यस समयमा पीके भूमिगत जीवन बिताइरहेका थिए। रोल्पा, रुकुमजस्ता जिल्लामा एमाले सरकारले दमन गर्न थालेको थियो। तर, त्यसको केही समयपछि नै एमालेको सरकार ढलेर शेरबहादुर देउवाको नेतृत्वमा कांग्रेस-राप्रपाको सरकार बनेपछि एमाले बलियो प्रतिपक्षमा थियो।

'जनयुद्ध' सुरु भयो। माओवादीको एउटा मान्यता थियो- दक्षिणपन्थी संशोधनवादलाई परास्त गरेर मात्र नयाँ जनवादी क्रान्ति पूरा गरी समाजवादमा जान सकिन्छ। रुसमा पहिला निखिता ख्रुस्चेव र पछि आएर मिखाइल गोर्वाचोभले लिएको पाँच 'स' अर्थात् शान्तिपूर्ण

माओवादी केन्द्रबाट गृहमन्त्री जनार्दन शर्मा मात्र सहभागी थिए।

ओली-प्रचण्डले सल्लाह गरेरै एक दिन अघिपछि पार्टी बैठक बोलाएका थिए। १४ असोजमा सहमतिपत्रमा हस्ताक्षर गरेपछि ओलीले भोलिपल्टका लागि स्थायी समिति र प्रचण्डले १६ असोजमा सचिवालय बैठक डाकेका थिए। समझदारीको भेउ नपाएकैले ०६४-०६५ देखि नै एमाले-माओवादीबीच एकीकरणको प्रयास गर्दै आएका उपमहासचिव घनश्याम भुसाल रुपन्देहीको मणिग्राममा दसैं मनाउन व्यस्त थिए भने सचिव योगेश भट्टराई जन्मथलो ताप्लेजुङमा। दाङ पुगेका स्थायी समिति सदस्य शंकर पोखरेल त बैठकमै सहभागी हुन सकेनन्। माओवादी नेता पुन पनि रोल्पामा थिए।

पछिल्लो पटक एमालेसँग संघ र प्रदेशको निर्वाचनमा तालमेल, त्यसपछि एकीकरण

सहअस्तित्व, शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण प्रतिस्पर्धा (आर्थिक), सम्पूर्ण जनताको राज्यसत्ता, सम्पूर्ण जनताको पार्टी नीति एमालेले लिएकाले डटेर विरोध गर्ने नीति माओवादीले अपनाएको थियो ।

उता एमालेका लागि पनि जनमोर्चा नेपाल टाउको दुखाइ बनेको थियो । एकातिर वैचारिक संघर्षका नाममा एमालेले लिएको संशोधनवादी नीतिको भण्डाफोर गरिरहेको थियो । माओवादीले सशस्त्र 'जनयुद्ध' गर्ने भनेको थियो । एमालेलाई थाहा थियो, उनीहरू पनि सशस्त्र संघर्षबाट नै अस्तित्वमा आएका हुन् । माओवादी पनि सशस्त्र संघर्षमा गयो भने उसको विकल्प हुन पुग्छ भन्ने एक किसिमको त्रासमा रहेकाले प्रारम्भिक चरणमा निमिट्यान्न होस् भन्ने एमालेको सोच थियो । त्यसैले एमाले र माओवादीका बीचमा कहिल्यै राम्रो सम्बन्ध कायम हुन सकेन ।

झन् 'जनयुद्ध'मा गएपछि त भौतिक दुस्मनी बढ्दै गएको थियो । एमालेका नेता/कार्यकर्ताको सुराकीका कारण माओवादीका कैयौं नेता/कार्यकर्ताको हत्या र गिरफ्तारी भएको माओवादीले आधिकारिक रूपमा नै आरोप लगाएको थियो । 'जनयुद्ध'को रापताप बढ्दै गएपछि एमालेका तल्लोस्तरका नेता/कार्यकर्ताहरू माओवादीमा प्रवेश गरेर युद्धको मोर्चासम्म सम्हाल्न पुगेका थिए । यति मात्र होइन, यसरी प्रवेश गर्नेहरूमध्ये दोलखाका रीतबहादुर खड्का, धादिङका भरत ढुङ्गानाहरूलाई तत्कालीन शाही सेनाले दोहोरो भीडन्तका नाममा हत्यासम्म गरेको थियो ।

त्यसैले संकटकाल सुरु हुनुअघि रोल्पामा हारजङ र रुकुममा यदु गौतम काण्ड भएको थियो । यी दुवै काण्ड एमाले र माओवादीबीचका भौतिक भिडन्तका उदाहरण हुन् ।

यति मात्र होइन, एमालेनिकट कैयौं साहित्यकारहरूले 'जनयुद्ध'लाई आपराधिक गतिविधिका रूपमा चित्रणसम्म गर्न पुगेका थिए । एमालेका तत्कालीन स्थायी समिति सदस्य तथा साहित्यकार सञ्जय थापा भनेर चिनिने प्रदीप नेपालले 'जनयुद्ध'लाई कुरूपतामा प्रस्तुत गर्दै ०५७ मा *आकाश गंगाको तीरैतीर* उपन्यास नै लेखेका थिए ।

०५२ मा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा रोल्पा र रुकुममा रोमियो अप्रेसन चलाइएको थियो । त्यस समयमा सामान्य प्रतिपक्षीको धर्म निर्वाह गर्नसमेत एमालेले चाहेन । त्यसै गरी ०५५ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा 'किलो सेरा टू'जस्तो नरसंहारकारी अप्रेसन गर्दा पनि एमालेले विरोध गरेन ।

दरबार हत्याकाण्डपछिको पहिलो वार्ताकालमा सिलगुडीमा एमालेसहितका वामपन्थीहरूबीचको वार्ताका क्रममा गरिएका खास-खास कुरा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपालले तत्कालीन राजा ज्ञानेन्द्रलाई जस्ताको त्यस्तै सुनाएको माओवादीको आरोप छ, जसको खण्डन अहिलेसम्म भएको छैन । माओवादीका भनाइमा माधव नेपालले त्यहाँ भएका कुरा राजालाई नसुनाएको भए त्यही समयमा नै राजतन्त्रको अन्त्य भइसक्ने थियो । तर, त्यस समयमा न वार्ता सफल भयो, न राजतन्त्रको अन्त्य नै भयो । बरू, युद्धविराम नै भंग भयो, माओवादीका विरुद्ध सेना परिचालन भयो । देशैभरि संकटकाल घोषणा गरियो । माओवादी नेता/कार्यकर्ताको टाउकोको मोलसम्म तोकियो । त्यही क्रममा सबैभन्दा बढी जनताले ज्यान गुमाए । तर, एमालेले संकटकाल र सेना परिचालनको विरोधसम्म गरेन । उल्टै पहिलो चरणको संकटकाल र सेना परिचालनमा त संसद्मा त्यसको पक्षमा मतदान नै गरेको थियो ।

शाहीकालको चरम संकटकालमा प्रतिगमन आधा सच्चिएको भन्दै एमाले ०६१ मा सरकारमा सामेल भयो । एउटा कम्युनिस्ट पार्टीका नाममा भएको यस्ता गतिविधिले गर्दा एमाले विगतमा बदनाम भएको त थियो नै, साथै माओवादीले दुस्मनको कित्तामा पनि राखेको थियो । राजाद्वारा १९ माघ ०६१ मा सबै संसदीय पार्टीमाथि प्रतिबन्ध लगाइएपछि संदीय पार्टी र माओवादीहरूका बीच कार्यगत एकता हुन पुगेको थियो । माओवादी राजतन्त्रको अन्त्य चाहन्थ्यो । तर, एमालेका नेता र अहिलेका अध्यक्ष केपी 'नेपालमा गणतन्त्र ल्याउनु भनेको गाडा चढेर वासिङ्टन गएजस्तो हो' भनिरहेका थिए ।

माओवादी शान्ति प्रक्रियामा आएपछि पनि उनीहरूका बीचमा सम्बन्ध सुध्रिन सकेन । पहिलो संविधानसभाको चुनापछि बनेको माओवादी नेतृत्वको सरकार, जसमा एमाले पनि थियो- राष्ट्रपति, सेनापति र पशुपति यी तीन पतिको मुद्दामा एमालेले माओवादीलाई साथ मात्र नदिएको होइन कि विरोधमा उत्रिएपछि सरकार ढलेको थियो । दुवै क्षेत्रमा माओवादी कार्यकर्ताद्वारा हराइएका तर सभासद्मा →

गर्ने हकमा मात्र होइन, अन्य सवालमा पनि प्रचण्डले ठूलठूला फड्को मारेका उदाहरण एक-दुई होइन, प्रशस्तै छन् (हेर्नुस् : प्रचण्डको कोल्टे फेराइ) । माओवादी केन्द्रकी प्रवक्ता पम्फा भुसाल प्रचण्डको यस्तो कोल्टे फेराइलाई 'गतिशीलता' भन्न रुचाउँछिन् । "अहिले देशमा हाम्रो अध्यक्ष प्रचण्डजत्तिको गतिशील नेता कोही पनि छैनन्," भुसाल भन्छिन्, "उहाँले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर विश्वलाई नै नयाँ सन्देश दिने गरी निर्णय गर्नुभएको छ । उहाँको निर्णय क्षमताकै कारण राजनीतिमा तरंग र समीकरणमा बदलाव आइरहेको छ ।"

नेपाली कांग्रेससँग सत्ता साझेदारी गरिरहेका प्रचण्डले एमालेसँग 'चमत्कारी' समीकरण गर्नुका थुप्रै कारणहरू प्रभावी छन् । खास गरी स्थानीय तहको प्रदेश-२ को निर्वाचनमा कांग्रेससँग गठबन्धन हुन नसकेपछि प्रदेश र केन्द्रमा पनि

ल्याएर गुन लगाइएका माधव नेपालले नै माओवादी सरकारलाई च्यूत गरेका थिए ।

यस्ता असंख्य घटना छन्, जसले एमाले र माओवादीको मिलनविन्दुलाई टाढा बनाइरहेको थियो । उनीहरूका बीचमा कहिल्यै पनि आत्मीयता रहेन । १५ असोज ०७४ सम्म मुलुकवासीले उनीहरूका बीचमा सौहार्दता रहला भन्ने चिताएका थिएनन् । तर, एकाएक कायापलट भयो ।

कसरी सम्भव भयो एकता ?

एमाले र माके एकताको सैद्धान्तिक पक्षचाहिँ के हो भने एउटा देशमा एउटा मात्र क्रान्तिकारी कम्युनिस्ट पार्टी अस्तित्वमा रहन सक्छ भनेजस्तै एउटा देशमा एउटा मात्र शक्तिशाली संशोधनवादी पार्टी रहन सक्छ । त्यसैले एमाले र माकेका बीचमा अहिलेसम्म खच्याकखुचुक भइरहेको हो । यही कारणले पनि उनीहरूका बीचमा एकता अनिवार्य थियो । अथवा, एकले अर्कालाई निल्न जरुरी थियो । माके बलियो भइन्जेल एमालेले उसको अस्तित्व स्वीकार गर्न सकेन । त्यसैले उनीहरूका बीचमा असमझदारी देखा पर्‍यो । अहिले माके राजनीतिक र सांगठनिक दुवै पक्षमा कमजोर भइसकेपछि एमालेमा विलय हुन तयार भएको हो ।

नेपालको संसदीय राजनीतिक परिघटनामा विदेशी प्रभाव रहेन भन्न सकिँदैन । यो एकतामा पनि वैदेशिक प्रभाव स्पष्ट देखिन्छ । तर, यो प्रभाव अचम्मको भयो । विगतमा जस्तो दक्षिणको एकलौटी मात्र नभएर उत्तरको पनि जबर्जस्त प्रभाव देखा पर्‍यो । यसमा दिल्लीमा देखा परेको अन्तरविरोध सतहमा आएको छ । इन्दिरा गान्धीले स्थापना गरेको खुफिया संस्था 'र' र नरेन्द्र मोदी सरकारका बीचमा रहँदै आएको अन्तरविरोध यहाँ छताछुल्ल भएको छ । यही अन्तरविरोधको फाइदा उठाएर उत्तरले बाजी मारेको अवस्थामा यहाँका वामपन्थीहरूको एकता सम्भव हुँदैछ ।

खैर ! केही समयसम्म जीवनमरणको लडाइँ लड्दै आएका दुई वामपन्थी विचार, राजनीति र सांगठनिक रूपमा नै मार्क्सवादलाई पूर्ण रूपमा परित्याग गरी एकतामा आएका छन् । तर, यिनीहरूबीचका धेरै प्रश्न अनुत्तरित छन् । 'जनयुद्ध'लाई आतंककारी गतिविधि, सहिदहरूलाई द्वन्द्वका क्रममा मारिएका, नेताहरूलाई हत्यारा र लुटेरा भन्दै आएको एमाले र प्रतिक्रियावाद उन्मुख भन्दै आएको माकेको एकता कसरी अगाडि बढ्छ, त्यो भने हेर्न बाँकी नै छ । दुवै पार्टीका इमानदार, वैचारिक-राजनीतिक नेता र कार्यकर्ताका दिमागमा तुफान उठिरहेको छ । त्यो तुफानको पैमानाको परिमाण पनि हेर्न बाँकी नै छ । उनीहरूका अगाडि अब एकताभन्दा अर्को विकल्प पनि छैन । सारमा, यसले बहुदलीय संसदीय व्यवस्था भनिए पनि दुईदलीय तानाशाही व्यवस्थाको आधार खडा गरेको छ । ◆

एकताको अभ्यास

पहिलो

साउन ०६३ : काभ्रे, कामीडाँडामा बसेको माओवादी केन्द्रीय समिति बैठकबाट सबै कम्युनिस्ट पार्टीसँग एकता गरी एउटै कम्युनिस्ट केन्द्र बनाउने निर्णय । त्यही अनुसार छलफल प्रारम्भ ।

दोस्रो

माघ-फागुन ०६४ : पद्मरत्न तुलाधर, श्याम श्रेष्ठलगायत वाम अगुवाको नेतृत्वमा एकता प्रयास । चैत ०६४ मा हुन गइरहेको संविधानसभा निर्वाचनमा माओवादीले एमालेसँग ३० प्रतिशत सिट आफूलाई दिए मान्य हुने प्रस्ताव । तर, एमाले उपत्यकाका १५ मध्ये एक सिट छाड्न पनि तयार नभएपछि माओवादी एकता प्रक्रियाबाट अलग ।

तेस्रो

असार-साउन ०६५ : माधव नेपाललाई राष्ट्रपति बनाउने गरी पाँचवटा अलग-अलग प्रस्तावसहित एमाले-माओवादी एकीकरणको प्रयास । तर, एकाएक यो प्रयास अवरुद्ध ।

चौथो

पुस-माघ ०६८ : झलनाथ खनाललाई प्रधानमन्त्री बनाउने बेलामा पनि एकतासम्मको प्रयास । जसमा एमालेबाट घनश्याम भुसाल, योगेश भट्टराई, विजय पौडेल, अरूण नेपाल, परशुराम मेघी गुरूङ, प्रकाश ज्वाला र माओवादीबाट वर्षमान पुन, शक्ति बस्नेत, जनार्दन शर्मा, नन्दबहादुर पुनबीच समझदारी । तर, यसपटक पनि असफल ।



पाँचौं

भदौ-असोज ०७२ : संविधान जारी भएपछि कांग्रेस सभापतिसमेत रहेका सुशील कोइराला पूर्ववत् सहमतिविपरीत उभिएपछि एमाले र माओवादीबीच विश्वासको वातावरण बनाउँदै पार्टी एकीकरण गर्ने तहसम्मको छलफल । तर, ओली सहमति अनुसार अघि नबढेपछि सरकारलाई दिएको समर्थन फिर्ता ।

छैटौं

असोज ०७४ : ओली र प्रचण्डकै अगुवाइमा तालमेल/एकीकरणको खाका तयार । र, १७ असोजमा घोषणा ।

व्यक्तिगत स्वार्थ

● **पुष्पकमल दाहाल 'प्रचण्ड'**

प्रचण्ड अवसरको ताक आकलन गर्न र चुम्न सफल नेतामा दरिन्छन्। एकपटक कार्यकारी वा अहिलेकै जस्तो राष्ट्रपति वा त्यो नभए फेरि प्रधानमन्त्री हुने रहर छ, प्रचण्डलाई।

तर, कांग्रेससँग गठबन्धन गर्दा कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री बन्ने सम्भावना क्षीण देखे। किनभने, एक त कांग्रेस प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमै छैन। प्रधानमन्त्री पनि टुंगो भएन। ०७० को संविधानसभाको घोषणापत्रमा एमालेले माओवादीले जस्तै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको प्रस्ताव गरेको थियो। त्यसैले एमालेसँग तालमेल गरे प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको निर्णय गराउन सकिन्छ भन्ने विश्वासमा छन् प्रचण्ड।

सूत्रका अनुसार उनी जहिले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा अभियोग या देशभित्र भ्रष्टाचारमा मुछिने त्रासमा पनि रहिआएका छन्। कार्यकर्ताको तहसम्मै बलियो संगठन, एनजीओ, आईएनजीओको मजबुत घेरा भएको एमालेसँग एकता गरे। फौजदारी अदालतले तान्न खोजे अन्तर्राष्ट्रिय माहोल आफ्नो पक्षमा पार्न सकिने पनि प्रचण्डको बुझाइ छ।



● **केपी शर्मा ओली**

ओली प्रचण्डसँग एकता गरेर आगामी सरकारमा प्रधानमन्त्री हुने दाउमा छन्। उनलाई रिझाउन सके सिंगो माओवादीमाथि राइँदाइँ गर्न सकिने उनको ठम्याइ छ। किनभने, माओवादीमा प्रचण्डजत्तिको नेता अरू छैनन्। तिनलाई व्यवस्थापन गर्न सके माओवादीको संगठन आफ्नो हुने उनको आकलन छ। त्यसमाथि ओली कम्युनिस्ट आन्दोलनलाई एकीकृत गराएको जस पनि लिन चाहन्छन्।

त्यस्तै हुने ठम्याइमा पुगेका थिए प्रचण्ड। स्थानीय तहको निर्वाचन परिणामले माओवादी केन्द्रलाई कमजोर अवस्थामा पुऱ्याइसकेको थियो। प्रचण्ड आफैँले चितवनबाट निर्वाचन लड्ने भने पनि जितको सुनिश्चितता थिएन। नारायणकाजी श्रेष्ठ, थापालगायतको हालत पनि प्रचण्डको भन्दा भिन्न हुने कुरै भएन। माओवादी केन्द्रका एक सचिवालय सदस्यका शब्दमा स्थानीय तहको निर्वाचनमा मधेसमा कांग्रेससँग सहकार्य भएको भए प्रचण्ड एमालेसँग तालमेल गर्न तयार हुने थिएनन्। भन्छन्, "प्रचण्डले कांग्रेस वा एमालेमध्ये जोसँग भए पनि सहकार्य नगरी निर्वाचनमा जाँदा नराम्रो पराजय भोगिन्छ भन्ने बोध गरे।" प्रचण्ड व्यवहारवादी नेता भएकाले तालमेल भएको अर्का सचिवालय सदस्य मणि थापा बताउँछन्। भन्छन्, "पार्टीभित्र र बाहिर दुवै परिस्थितिमा तालमेल आवश्यक भएकाले अध्यक्ष प्रचण्डले ठूलो फन्को मारेर निर्णय गर्नुभयो।"

एमाले अध्यक्ष ओलीले पनि स्थानीय निर्वाचनमा माओवादीको हालत अहिलेको उपस्थितिभन्दा दयनीय हुने ठानेका थिए। तर, उसको उपस्थिति ओलीले सोचेजस्तो हल्का भएन। त्यसमाथि संघ र प्रदेशको निर्वाचनमा पनि माओवादी कांग्रेससँग मिलेर निर्वाचनमा एमालेलाई साइजमा राख्न सक्छ भन्ने विश्लेषण पनि ओलीले गरे। किनभने, ५० भन्दा बढी स्थानीय तहमा माओवादीले एमालेलाई हराएको छ। स्थानीय तहको निर्वाचनमा एमाले पहिलो भए पनि समग्रमा कांग्रेससँग उसको मतान्तर खासै धेरै छैन। त्यसमाथि कांग्रेससँग पाँच सयभन्दा कम मतान्तरले मात्र विजय प्राप्त गरेका स्थान एक सयजति छन्। स्थानीय निर्वाचनमा कांग्रेससँग मतान्तर थोरै मात्र भएकाले संघ र प्रदेशमा परिणाम जता पनि पल्टिन सक्ने खतरामा थियो एमाले।

माओवादीसँग तालमेल नगर्दा ऊ तेस्रो हुने त लगभग पक्का थियो। तर, माओवादीलाई एक्लै वा कांग्रेससँग रहन दिँदा एमालेलाई एक नम्बर बनाउने ओलीको इच्छामा तुषारापात हुने प्रस्टै देखियो। झापामा आफ्नै निर्वाचन क्षेत्रमा आफैँलाई हराउन एमालेबाहेक एकजुट हुन थालेका सूचना पाए उनले। माधव नेपालको गृह जिल्ला रौतहटमा नगरपालिका-गाउँपालिका प्रमुखमा एमाले शून्य नै भयो। यी सबै परिस्थितिको आकलनपछि ओली प्रचण्डसँग तालमेल र एकीकरण गर्न एकाएक लचक भए। "माओवादीसँग सहमति नगर्ने हो भने पहिलो पार्टी बन्ने चाहनामा तुषारापात हुने भयो भन्ने निष्कर्षमा ओली पुगे," एमालेका एक पोलिटब्युरो सदस्य भन्छन्, "मूल प्रवाहको कम्युनिस्ट धारलाई आफ्नै पहलमा एक गराएको जस लिने मौका पनि ठाने उनले। यसपछि नै ओली निर्णयमा पुगे।"

अस्तित्वको संकटले भन्दा सरकारमा आउन नसक्ने सम्भावना टाढा बनाउन एमाले-माओवादीले तालमेल गरेका वाम विश्लेषक तथा माओवादी कोटाका सभासद् श्याम श्रेष्ठको ठम्याइ छ। "ओलीले माओवादीसँग मिलेपछि सरकारमा सजिलै पुग्न सकिन्छ भन्ने बुझे," श्रेष्ठको कथन छ, "राष्ट्रिय राजनीतिको कोर्स बदल्नुपर्छ भन्ने बुझाइमा ओली र प्रचण्ड पुगेपछि तालमेल भएको देखिन्छ।" ◆

अच्युत वाग्ले

कम्युनिस्ट एकताको सैद्धा

'नेपालमा कम्युनिज्म कार चढेर आउँदैन !' राजा महेन्द्रले भनेका थिए । यो विसं ०२४ को कुरा थियो । त्यही वर्ष हो, भारतको नक्सलबारीमा चारु मजुमदारले माओत्सेतुङ शैलीको क्रान्ति गर्न हतियार उठाएका थिए । र, चुनावी मैदानमा जाने फरक धारका मार्क्सवादीहरूले त्यसको दुई वर्षपछि भारतको पश्चिम बंगाल राज्यमा सरकार बनाए ।

राजा महेन्द्र गलत साबित भए । कार मात्र होइन, उपलब्ध सबै प्रकारका साधन चढेर सबै रङ र रूपका कम्युनिस्टहरू नेपाल भित्रिए । दुर्गम गाउँ र बस्तीसम्म पुगे । माध्यमिक तहमा कहिल्यै विषय शिक्षक नपुग्ने दुर्गम गाउँका स्कुलहरूमा सहजै पुग्ने आकर्षक कलेवरका *बेइजिङ रिभ्यु* र *प्योङयाङ पिक्टोरल* हेरेर (पढेर त कुन्नि ?) सन् १९७० र '८० दशकको नेपाली युवापुस्ता कम्युनिस्ट भयो । यो प्रक्रियामा पञ्चायती व्यवस्था आफ्नो मूल स्वार्थ नबाझिने हदसम्म सहयोगी बन्यो । सरकारी शिक्षकहरू कम्युनिस्ट प्रचारक र संगठक भए ।

रुसको बोल्सेभिक क्रान्तिबाट वशीभूत कम्युनिस्टहरूको उपस्थिति त सन् १९५० को दशकदेखि नै थियो । परिणामतः नेपाल वास्तवमा नै सबै 'जात'का कम्युनिस्टहरूको साझा फूलबारी बन्यो- मार्क्सवादी, लेनिनवादी, माओवादी, चारुवादी र ती वादका विभिन्न मात्रामा 'सैद्धान्तिक' मिश्रण भएका अनौठा रङका खच्चडवादीहरू, सबैको । त्यो मिश्रणमा रसायन मिल्नेहरू जोडिने र नमिल्नेहरू टुक्रिने चक्र साढे ६ दशकदेखि निरन्तर चली नै रहेको छ । १७ असोजमा ठूलो होहल्लाका साथ गरिएको नेकपा एमाले, माओवादी केन्द्र र नयाँ शक्ति पार्टीबीचको एकता त्यही चक्रको निरन्तरता हो ।

नेपालको दुःख : वर्तमान विश्वमा नेपाल त्यस्तो एक मात्र मुलुक हो, जहाँका कम्युनिस्टहरू एकीकृत र शक्तिशाली बन्दैछन् र सत्ता दाबेदारीको सँघारैमा छन् । र, नेपालको अन्त्यहीन दुःखको सबभन्दा बलशाली कारण पनि सायद यही हो । सम्भवतः संसारकै दुःखको एकल, ऐतिहासिक र प्रवल कारण पनि कम्युनिस्ट विचारधारा नै हो । यो बृहत् प्रकृतिको सैद्धान्तिक बहसमा यहाँ प्रवेश नगरौं । यद्यपि, यसमाथि सार्थक र बृहत् बहस आवश्यक छ । नेपालका कम्युनिस्टहरू मुख्य गरी लोकतान्त्रीकरण र आर्थिक उन्नतिको मूल बाधकका रूपमा रहे । लोकतन्त्रविरोधी उनीहरूको अनुहार धेरैपल्ट उजागर भएको छ । मूलधारका भनिएका कम्युनिस्ट शक्तिले पञ्चायतकालमा राजा महेन्द्रलाई सघाए । ०३६ सालको जनमतसंग्रहमा बहुदलको विपक्षमा उभिए । ०४६ मा स्थापित लोकतन्त्रलाई संस्थागत गर्न सघाएनन् । 'जनयुद्ध'का नाममा हजारौं निहत्था जनसाधारणको अर्थहीन हत्या गरे । र, बल्लबल्ल गाउँ तहमा पुगेको लोकतन्त्रको पूर्वाधारलाई जरैबाट उखेलेर फालिदिए । त्यो हत्याको औचित्य कसैले पुष्टि गर्नु त परेन नै, त्यसैलाई राज्यले पुरस्कृतसमेत गरेको छ । त्यो अपराधलाई छोप्ने कसरतवरिपरि नेपाली राजनीति अझै घुमिरहेको छ । यो एकताको एउटा अहम् कडी त्यो पनि हो ।

आर्थिक रूपमा मुलुकलाई 'सर्वहारा' राखिरहँदा मात्रै सर्वहारा अधिनायकवाद लागू हुन्छ भन्ने कम्युनिस्टहरूको सदाबहार सैद्धान्तिक आधार नै हो । त्यसैले, खास गरी कम्युनिस्टहरू राज्य शक्तिमा निर्णायक भएपछिका तीन दशकमा नेपालको अर्थतन्त्रलाई विश्व आर्थिक प्रणालीको अंश बन्न नदिने हरसम्भव प्रयास उनीहरूको रहेको छ । ०५१ मा नेकपा एमाले सत्तामा गएपछि गरेका दर्जनौं निर्णय त्यसका प्रमाण हुन् । माओवादीले 'जनयुद्ध'का नाममा सबभन्दा पहिले नेपाली उद्योगधन्दा बन्द गराउने र नेपाललाई सम्पूर्णतः आयातमुखी र सकेसम्म छिटो परनिर्भर बनाउने सबै प्रयास, जानीजानी र बदनियतवश गर्‍यो ।

०५० मा कुल गार्हस्थ्य उत्पादनको १५ प्रतिशत रहेको औद्योगिक उत्पादनको हिस्सा अहिले चार प्रतिशतमा झरेको छ । ०५२ यता नै सुरु र अहिले भयावह भएको नेपाली युवा विदेश पलायन हुने क्रम माओवादी हत्याको 'गौरवशाली' उपलब्धि हो । अहिले, एमाले अध्यक्ष केपी ओलीको राष्ट्रियताको परिभाषा अनुसार भारतीय व्यापारको एकाधिकारको सट्टा चिनियाँ एकाधिकार कायम हुनु नेपालको हितमा छ । नेपालको आर्थिक उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र दिगो अर्थतन्त्र निर्माणको दूरदृष्टिको खाका कतै प्रस्तुत भएको छैन ।

एकताको भाष्य : यिनै पृष्ठभूमिमा गत साता घोषित कम्युनिस्ट पार्टीहरूको एकता योजनाको भाष्य (न्यारेटिभ)लाई हेरिनु आवश्यक छ । हुन त यो एकताका सैद्धान्तिक आधारहरूबारे बहस गर्नु सर्वथा निरर्थक हो । किनभने, यो फगत् सत्ता प्राप्तिका लागि 'घिउ र तरबार बेचुवा' पार्टीका टाउकेहरूको लेनदेन हो । अर्को साता संसदीय चुनावको मनोनयनको दिनदेखि नै यसको वास्तविक दिगोपन परीक्षण हुन थाल्नेछ । तैपनि, यसका भाष्यकारहरूले यो एकतालाई जस्तो सैद्धान्तिक जामा लगाइदिने प्रयास गरेका छन्, त्यही आधारमा औपचारिक घोषणामा परेका मूलतः तीनवटा गम्भीर र दूरगामी पक्षहरूमा थप बहस हुनु सायद उपयुक्त हुन्छ । एक, एकीकृत र सबल कम्युनिस्ट पार्टीको निर्माण । दुई, शान्तिपूर्ण प्रतिस्पर्धी लोकतान्त्रिक पद्धतिको अवलम्बन । र तीन, समाजवादका आधार निर्माण ।

कम्युनिस्ट शब्द र सिद्धान्तकै सीमा र व्यापकता वर्तमान विश्व

न्तिक धरातल

सन्दर्भमा पुनः परिभाषित भएको छैन । कार्ल मार्क्सको *कम्युनिस्ट मेनिफेस्टो* (सन् १८४८) र *पुँजी : एक अर्थराजनीतिक समीक्षा* (१८६७)ले प्रस्तावना गरेका उत्पादन-वितरण-उपभोग न्यायका तर्कहरू असान्दर्भिक भइसके । फरक विचारलाई भौतिक रूपमा नै सफाया गरेर एकदलीय अधिनायकवाद चलाउने स्टालिन र माओ शैलीको राजनीति संसारमा अस्वीकार्य र नेपाली माटोमै असफल साबित भइसक्यो । यी कठोर वास्तविकताबीच नेपालका कम्युनिस्ट नामधारी पार्टीहरूले अवलम्बन गर्ने सिद्धान्त के हो ? त्यो कसैले पनि प्रस्ट्याउने आवश्यकता देखेको छैन । उनीहरूमध्ये केही नेपालमा क्रान्तिको नयाँ प्रयोगको गफ त दिन्छन् तर मदन भण्डारीको कम्युनिस्ट नामबाटै चुनाव लड्ने अभ्यास, टाढा नजाने हो भने पनि पश्चिम बंगालको सन् १९६० को सिको हो । त्यस्तै, पुष्पकमल दाहालको नेतृत्वमा भएको व्यक्ति हत्यामा राजनीतिक अवयव कति थियो भन्ने कुरा सत्यनिरूपण आयोगले निष्पक्ष प्रतिवेदन दिने र त्यसको कार्यान्वयन हुने अवस्था कथम् सिर्जना हुन सके मात्र निर्क्योल हुने हो ।

सार कुरो यो हो कि, अहिलेको सूचना प्रविधि, व्यक्तिगत स्वतन्त्रता र संसार पाँचौं चरणको औद्योगिक क्रान्तिमा प्रवेश गरेको युगमा सुदृढ कम्युनिस्ट पार्टी बनाउने अवधारणा नै दुई सय वर्ष पुरानो भइसक्यो । नेपालमा मात्रै यो अनौठो सम्भावना किन जुरेको हो भने यहाँ यथार्थमा सामाजिक, आर्थिक र बौद्धिक विकासका दृष्टिमा अझै दुई सय वर्ष पहिलेकै अवस्थामा छ । मोटर देखेर पूजा गर्ने जनसंख्या अझै ठूलो छ । र, यो जनसंख्यालाई यस्तै दीनहीन अवस्थामा राखिरहँदा मात्र कम्युनिस्ट राजनीतिको भविष्य सुनिश्चित हुन्छ । यति ठूलो दलको संरचना बनाउन उद्यतहरूसमेत यो शब्दको मोहबाट किन मुक्त हुन सकेनन्, आश्चर्य छ । यति पनि हिम्मत नगर्नेले मुलुकका लागि कति चमत्कारपूर्ण काम गर्न सक्लान् ? यो अर्को अहम् प्रश्न हो ।

> **अहिलेको सूचना प्रविधि, व्यक्तिगत स्वतन्त्रता र संसार पाँचौं चरणको औद्योगिक क्रान्तिमा प्रवेश गरेको युगमा सुदृढ कम्युनिस्ट पार्टी बनाउने अवधारणा नै दुई सय वर्ष पुरानो हो ।**

ओठे लोकतन्त्र : प्रतिस्पर्धात्मक, शान्तिपूर्ण लोकतान्त्रिक पद्धति अवलम्बन गर्ने विषय निश्चय नै राम्रो पक्ष हो । तर, यसलाई अरू विकल्प नभएको बाध्यताका रूपमा मन नलागी नलागी स्वीकार्ने अथवा एकदलीय अधिनायकवादमा जाने शक्तिसञ्चयको हतियारका रूपमा प्रयोग गर्ने मानसिकता मुलुकका लागि अझै ठूलो जोखिमको रूपमा रहेको छ । कम्युनिस्टहरूलाई लोकतान्त्रिक शक्तिमा रूपान्तरण गर्दैमा सिंगो मुलुकको स्रोत, समय र भविष्य नष्ट भएको छ । मूलधारमा आएकाहरूमध्ये पनि कोही आधा र कोही चौथाइ मनले मात्र लोकतान्त्रिक भइटोपलेका छन् । केहीलाई अझै जंगल पसेर सहर लुट्ने घातक आकर्षणले छोडेको छैन ।

निश्चय नै हो, नेपालको राजनीति द्वि-ध्रुवीकृत हुनु आवश्यक छ । विशेष उद्देश्यका लागि स्थापित केही साना दलहरू, जस्तै : जर्मनीको ग्रिन अथवा भारतको आम आदमी पार्टीको अपवाद छोड्ने हो भने संसारका सबै क्रियाशील लोकतन्त्रमा दुई वा तीनवटा भन्दा बढी प्रमुख राजनीतिक पार्टीहरू अस्तित्वमा छैनन् । सैद्धान्तिक धारका दृष्टिले बालिग मताधिकारलाई निःशर्त स्वीकार्ने अलिकति दक्षिणपन्थी वा वामपन्थी र मध्यमार्गीबाहेक अर्को 'स्पेस' छैन । त्यसभन्दा अलि पर जानेबित्तिकै चरमपन्थ आरम्भ भइहाल्छ ।

त्यसैले नेपालको राजनीति दुई ध्रुवमा मात्र सीमित हुनु वाञ्छनीय हो । तर, दोस्रो ध्रुव पनि निःशर्त लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने र त्यो पद्धतिको दोहन होइन, प्रवर्द्धन गर्ने हुँदा मात्र यी प्रतिबद्धताका शब्दले जीवन पाउँछन् । सोझै भनौं, यो एकीकृत शक्तिले आफ्नो लोकतान्त्रिक प्रतिबद्धताका अगाडि 'निःशर्त' शब्द राख्न सके मात्र अलिकति विश्वसनीयता बढ्नेछ । अन्तर्राष्ट्रिय स्वीकार्यताका दृष्टिले पनि यो अपरिहार्य छ ।

समाजवादको शब्दजाल : नेपालको संविधानले 'समाजवाद उन्मुख' अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको छ । त्यस्तै, यो एकता विज्ञप्तिमा 'समाजवादका आधार निर्माण' गर्ने उल्लेख छ । तर, त्यो समाजवादको स्वरूप के हो भन्ने कसैले प्रस्ट्याएको छैन । कुनै जल्दोबल्दो भनिएको पत्रकारले यसबारे ठूलो शब्दजाल बनाएर भाषण गरिहिँड्ने नेतालाई प्रस्ट्याउन भनेको पनि सुनिएको छैन । संविधानका पक्षधरहरूले नै समाजवादलाई समान अर्थमा बुझेका छन् वा छैनन् ? यदि छन् भने मुख्य गरी उत्पादन-वितरण सम्बन्धबारे मुलुकको आधारभूत आर्थिक खाका के हो ? यस्तो समाजवादमा अर्थतन्त्र दीर्घकालमा कुन हदसम्म राज्य नियन्त्रित हुने हो ? त्यहाँ निजी लगानी र सम्पत्तिमाथिको अधिकारको अवस्था कस्तो हुन्छ ? त्यो समाजवाद कहाँ परिभाषित छ र परिभाषित (बोल्सेभिक, फेबियन वा अन्य कुनै) समाजवादले नेपाली नेताहरूका यी सामान्यतः बकम्फुसे तर्कलाई कति समाहित गर्छन् ? यी प्रश्नहरूको प्रस्ट उत्तरबिना, जनतालाई भुक्याउन मात्र यस्ता वाक्यांशहरू प्रयोग गर्नुको अर्थ छैन । यो शब्दाडम्बरले एकताको औचित्य पुष्टि गर्न सघाउँदैन ।

अन्त्यमा, के स्वीकारौं भने वर्तमान संसारको राजनीति वास्तवमा नै वैचारिक विश्वभाष्य (मेटा न्याराटिभ)विहीन भएको छ । त्यो क्षणिक व्यवहारवादी र आत्मकेन्द्रित हुँदैछ । राजनीतिलाई अहिले धानिराख्ने आधार विचार नभएर न्यूनतम लोकतान्त्रिक विधि र मूल्य मात्र बाँकी छन् । देश टुक्र्याउन चाहनेहरू पनि जनमतमा विश्वास र त्यसको परिणामको कदर गर्छन् । न्यूनतम नैतिकता अपरिहार्य हो । तर, यो एकीकरण प्रकरणको मुख्य शक्ति माओवादीले प्रमुख प्रतिपक्षी दलसँगको एकीकरण घोषणा भइसक्दा पनि सरकार छोड्नुपर्ने आवश्यकता देखेन । यो सायद एकीकृत शक्तिले स्थापित गर्न चाहेको नयाँ लोकतान्त्रिक मानक हो । साथै, यो एकता उस्तै चरित्रका सार्वकालिक राजनीतिक दलालहरूको बलजोडमा भएको छ, त्यसले पनि राम्रो संकेत गरेको छैन । अहिलेलाई यत्ति नै भनौं । ♦

अंगराज तिमिल्सिना

कांग्रेसका लागि अवसर

माओवादी नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को रणनीति र नेतृत्व हेर्दा अल्बर्ट आइन्स्टाइको भनाइ याद आउँछ, 'आन्दोलन (रिभोलुसन)ले सहमति गर्ने कला-कौशल सिकायो भने सहमतिको कला-कौशलले आन्दोलन अगाडि बढाउने कुरा ।'

हिंसात्मक विद्रोहका अधिकांश वर्ष सुरक्षित सेल्टरका रूपमा भारतकै भूमि प्रयोग गरेर माओवादी आन्दोलनको नेतृत्व गरेका प्रचण्डले दरबार र भारत दुवैलाई प्रयोग गर्दै नेपाली कांग्रेसका गिरिजाप्रसाद कोइरालादेखि शेरबहादुर देउवासम्म आफ्नो 'केमिस्ट्री' धेरै मिल्छ भनेको आजैजस्तो लाग्छ । मधेसलगायतका पहिचानका मुद्दाका प्रमुख सूत्रधार ठानिने तथा आफू प्रधानमन्त्री रहन्जेल भारतपरस्त मानिने प्रचण्डले माओवादीकै प्रतिस्पर्धी वामपन्थी पार्टी एमालेसँग चुनावी गठबन्धन र त्यसपछि एकता गर्ने निर्णय गरेपछि नेपालको राजनीतिलाई तरंगित बनाएको छ ।

एकीकरणको अन्तर्य

रफ्तारमा विकास भएको नयाँ राजनीतिक कोर्सले अब वामपन्थी र प्रजातान्त्रिक शक्तिबीच ध्रुवीकरण पक्कापक्की भएको छ । जनआन्दोलन-२ पछि प्रजातान्त्रिक शक्ति भन्ने शब्द लोकतान्त्रिकबाट विस्थापित भएको थियो भने कांग्रेस-माओवादी, कांग्रेस-एमाले, माओवादी-एमाले आदिका सरकारले वामपन्थी (लेफ्ट) र प्रजातान्त्रिक (राइट वा सेन्टर) भन्ने पहिचान कतै घुलमिल बनेको थियो । किनभने, सबैले आफू लोकतान्त्रिक शक्ति भएको दाबी गरिरहेका थिए । तर, अहिले वामपन्थीहरू आफूहरू फेरि वर्गसंघर्ष र मार्क्सवाद, लेनिनवाद र माओवादका हिमायती भएको र विश्वमा लोपोन्मुख कम्युनिस्टवादको नेपालमा नयाँ प्रयोग गरेर देखाइदिने भन्दै गोलबद्ध हुँदैछन् । उता कांग्रेसका कुरा गर्दा बिस्तारै यो पार्टी बीपी कोइरालाको 'कम्युनिस्टहरूबाट प्रजातन्त्र र राष्ट्रियता दुवैलाई क्षति पुग्छ' भन्दै पुरातनपन्थी राजावादी नै नजिकका शक्ति हुन भन्नेतिर जानसक्छ ।

यस पंक्तिकारले करिब तीन महिना पहिले प्रधानमन्त्री शेरबहादुर देउवालाई एमाले-माओवादी एकता हुने बारे जानकारी गराउने मौका पाएको थियो । त्यसबेला असम्भवजस्तो लाग्ने एकता सम्भव भएको छ । त्यतिबेला कि त कांग्रेसले दीर्घकालीन रूपमा माओवादीसँग गठबन्धनको सहमति गर्नुपर्ने (जस्तो कि, प्रचण्डलाई चुनावपछिको प्रधानमन्त्रीमा सहमति जनाउने र दुई वर्षपछि फेरि कांग्रेसले गठबन्धनको नेतृत्व लिने) वा ढिलोचाँडो वामपन्थी र प्रजातान्त्रिक शक्तिबीचको ध्रुवीकरणका लागि तयार हुनुपर्ने भन्ने पंक्तिकारको आकलन सत्य साबित भएको छ ।

पर्दापछाडिका कुरा गर्दा वाम गठबन्धन सम्भव हुनुमा चीनको बढ्दै गएको भूमिका उल्लेख्य देखिन्छ । परराष्ट्रमन्त्री कृष्णबहादुर महरादेखि एमाले अध्यक्ष केपी ओलीका हालसालैका चीन भ्रमणले पनि दुई वामपन्थी पार्टी नजिकिने भित्री वातावरण बन्यो । उसो त अहिले पनि नेपालबाट चीनको नेतृत्वसँग सीधा सम्पर्क भएको नेतामा प्रचण्ड पर्छन् भने भारतसँग अडान लिएका केपी ओलीलाई पनि चीनले आफूनजिक ठान्छ ।

एकथरीको भनाइमा भारतले प्रचण्डको नाडी छामेको छ, दायाँबायाँ गरे माओवादी विद्रोहताकाका मुद्दामा फसाएर संयुक्त राष्ट्र मानवअधिकार परिषद् वा हेगको अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उभ्याइदिने भनी गरेको 'बार्गेनिङ'बाट वाक्क भएर प्रचण्डले भारतको रणनीतिलाई 'काउन्टर' दिन ओलीको आश्रय खोजेका हुन् । एउटा सत्य के हो भने नेपालको राजनीतिमा आजका दिनसम्म भारतको दबदबा थियो र यो नयाँ राजनीतिक ध्रुवीकरणले चीनलाई भारतजत्तिकै प्रभावशाली शक्तिका रूपमा बिस्तारै स्थापित गराउँदै लानेछ । समग्रमा जति बढी राजनीतिक ध्रुवीकरण घनीभूत हुनेछ, वामपन्थी शक्ति चीनतिर र लोकतान्त्रिक शक्ति भारततिर ढल्किने देखिन्छ ।

वामपन्थी एकताको घोषणासभा हेर्दा ओली सबैको नेता र प्रचण्डले ज्ञात-अज्ञात सहिदहरूलाई सम्झिरहँदा उनी एमालेमा समाहित हुँदै गरेको अन्तरविरोध झल्किन्थ्यो । तर, बलियो संगठन भएको एमालेका प्रभावशाली नेता ओलीलाई पछ्याएर भविष्यमा एकीकृत पार्टीको नेता बन्न सक्छु भन्ने आत्मबल भएरै प्रचण्ड एकताका लागि तयार भएका हुन् । ओलीको शक्तिशाली नेतृत्वको विकल्पका रूपमा प्रचण्डलाई स्वीकार्न झलनाथ खनाल, माधव नेपाल र वामदेव गौतमलगायतको भित्री आश्वासनले समेत काम गरेको छ ।

वामपन्थी वा दक्षिणपन्थी नभएर एक्काइसौं शताब्दीको माग अनुसारको नयाँ शक्ति बनाउँछु भनेर हिँडेका बाबुराम भट्टराईले एक्लै आफ्नो भविष्य नदेखेपछि एमाले र माओवादीमै मिसिने निर्णय गरे भने स्थानीय निर्वाचनको नतिजाले एमाले र माओवादीलाई एक ठाउँमा ल्याइदियो । किनभने, नमिले आगामी प्रदेश र संघीय चुनावमा दुवैलाई घाटा पर्ने महसुस दुवै पक्षलाई भयो ।

आगामी निर्वाचनमा को बलियो ?

७ सय ५३ स्थानीय तहमा एमाले र माओवादीले जितेका आधारमा हेर्ने हो भने ५४ प्रतिशत अध्यक्ष/प्रमुखमा यो गठबन्धनले जितेको छ । दुवै मिलेका भए यसभन्दा राम्रो परिणाम ल्याउन सक्ने थिए । अध्यक्ष र प्रमुखमा खसेको कुल मतका आधारमा कांग्रेस र एमालेले ३०-३० लाखको हाराहारीमा मत ल्याएका छन् भने कांग्रेसको 'पपुलर भोट' एमालेभन्दा ४५ हजारले बढी छ । एमाले र कांग्रेसको तुलनामा माओवादी केन्द्रले ५० प्रतिशतभन्दा कम स्थानीय तह जितेको छ ।

वामपन्थी र लोकतान्त्रिक ध्रुवीकरण हुँदा पक्कै पनि कालान्तरमा राजनीतिक प्रतिस्पर्धी हुने र एउटा राजनीतिक

ध्रुव अलि लामो समय सरकारमा बस्ने र अर्को बलियो प्रतिपक्षमा बस्ने हुँदा देशको राजनीतिले स्थायित्व पाउनेछ । तर, आगामी चुनावको अंकगणित हेर्दा वाम गठबन्धनले सीधै संघमा बहुमत ल्याउने वा प्रदेशका चुनावमा मुख्य प्रतिद्वन्दी कांग्रेस बढारिने भन्नेचाहिँ होइन । जस्तो कि, मधेसवादी दलहरूसँग मिल्दा प्रदेश-२ र ७ मा लोकतान्त्रिक गठबन्धनको सरकार बन्न सक्छ भने प्रदेश-४ मा कांग्रेसले एकल बहुमत कायम गर्न सक्ने सम्भावना छ ।

४० स्थानीय तह जितेर प्रदेश-२ मा कांग्रेस ठूलो पार्टी देखियो भने एमालेभन्दा १ लाख ९ हजारभन्दा बढी मत पनि ल्यायो । तर, मधेसवादी शक्तिहरू एक हुने हो भने निःसन्देह प्रदेश-२ को मुख्य शक्ति लोकतान्त्रिक गठबन्धन नै हुनेछ । प्रदेश-७ मा एमाले एक सिटले कांग्रेसभन्दा अघि छ भने कुलमा कांग्रेस सात हजारभन्दा बढी मतले अगाडि छ । माओवादी र एमाले मिलेमा केही मत बढ्ने देखिन्छ भने लोकन्तान्त्रिक फोरमसँगको तालमेलमा लोकतान्त्रिक गठबन्धनले कैलाली र कञ्चनपुरमा मत बढाउन सक्छ ।

स्थानीय निर्वाचनले प्रदेश-४ मा कांग्रेसलाई बलियो देखाएको छ । ४४ तह जितेको कांग्रेस एमालेभन्दा १० तहले मात्र अघि छैन, झन्डै ३० हजार मतले पनि अगाडि छ । यो प्रदेशमा माओवादीले जम्मा पाँचवटा मात्र स्थानीय तह जितेको छ । एमाले र माओवादी मिल्दा पनि कांग्रेसको गठबन्धनले बहुमत कायम गर्ने सम्भावना देखिन्छ ।

प्रदेश-५ मा एमालेले कांग्रेसभन्दा १० वटा तह बढी जितेको छ । तर, कुल मतमा कांग्रेसभन्दा एमाले ३ हजार ५ सयले मात्र अघि छ । तसर्थ, कांग्रेससँग मधेसवादी दलहरू एकीकृत हुँदा वामपन्थी र लोकतान्त्रिक गठबन्धनको कडा टकराव हुने देखिन्छ ।

अर्कोतिर, प्रदेश-१, ३ र ६ मा निःसन्देह वामपन्थी गठबन्धन हाबी हुने देखिन्छ । प्रदेश-३ मा ६४ स्थानीय तह जितेको एमालेमा माओवादीका १७ स्थान मिलाउँदा कांग्रेसका ३५ स्थानभन्दा दोब्बरले बढी हुन्छ । यो प्रदेशमा एमालेले कांग्रेसभन्दा झन्डै १ लाख ३० हजार मत बढी ल्याएको छ । ठीक त्यसरी नै प्रदेश-१ मा एमाले एक्लैले सरकार बनाउन सक्ने थियो, माओवादी केन्द्र थपिँदा एमालेको पल्ला भारी हुने पक्का छ । त्यहाँ एमालेले ६९ तह जितेको छ भने कांग्रेस, माओवादी र अन्य पार्टीको मिलाउँदासमेत ६८ मात्र पुग्छ । यो प्रदेशमा एमालेले कांग्रेसभन्दा झन्डै ३३ हजार मत बढी ल्याएको छ । प्रदेश-६ मा एमालेले २७, कांग्रेसले २५ र माओवादीले २५ स्थानीय तह जितेका छन् भने एमाले र माओवादी मिल्दा वाम गठबन्धन धेरै बलियो हुने देखिन्छ ।

कुन गठबन्धनले बहुमत ल्याउला भनेर चर्चा गर्दा कसको प्रभुत्व कहाँ छ भनेर केलाउनुपर्ने हुन्छ । प्रत्यक्षतर्फ पहाड र हिमालमा एक सय सिट र तराईमा ६५ सिट छन् । एमाले-माओवादीको गठबन्धनले पहाड-हिमालमा बहुमत ल्याएर जिते पनि समानुपातिकका १ सय १० सिटमा कांग्रेसले पहाड-हिमालमा पाउने भोट एमालेको हाराहारीमा हुने र तराईमा एमालेभन्दा कांग्रेसले बढी भोट ल्याउने अवस्था छ ।

सोझो हिसाब के भने एमाले-माओवादी गठबन्धनले प्रत्यक्षतर्फ पहाड-हिमालमा ६० र तराईमा २६ सिट जित्ने देखिन्छ । यस आधारमा वाम गठबन्धनलाई प्रत्यक्षतर्फ कुल ८६ सिट प्राप्त हुनेछ । समानुपातिकमा ५० सिट ल्याउँदा संघीय संसद्मा गठबन्धनको १ सय ३६ सिट हुने देखिन्छ । जबकि, संघीय संसद्को जम्मा २ सय ७५ सिटमा बहुमत ल्याउन १ सय ३८ सिट चाहिन्छ ।

चुनौती र अवसर

समग्रमा एमाले-माओवादी केन्द्रको सहमति कांग्रेसका लागि तत्काल ठूलो झट्का देखिए पनि यो उसका लागि आफ्नो संगठनलाई चुस्त र प्रभावकारी बनाउने अवसर पनि हो । कांग्रेसले सांगठनिक र वैचारिक रूपले पुनःताजगी गर्न सके वामपन्थी गठबन्धनलाई टक्कर दिन सक्छ, होइन भने वाम एकताले कांग्रेसलाई ठूलो धक्का दिने निश्चित छ ।

कांग्रेसको बलियो पक्ष भनेको उसको प्रजातान्त्रिक 'भोट बैंक' नै हो, जो वाम पार्टी मिल्दा वा फुट्दा धेरै तितरबितर हुँदैन । तर, कांग्रेसको सैद्धान्तिक र नीतिगत हिसाबले पार्टीलाई बचाउ गर्ने वा प्रतिद्वन्द्वीलाई आक्रमण गर्ने नेतृत्व पंक्ति कमजोरजस्तै छ । जस्तो कि, मिलीजुली सरकार बनाउँदा कुनै सत्तारूढ पार्टीबीचमा न्यूनतम नीति कार्यक्रममा सहमति हुने र यो सहमति तोडिए नैतिकताका आधारमा सत्ताबाट हट्नुपर्ने लोकतान्त्रिक संस्कार भए पनि सत्तामा रहेरै प्रतिपक्षसँग चुनावी तालमेल गरेको माओवादीलाई कांग्रेसले प्रतिरक्षाको स्थितिमा राख्न सक्नु पर्थ्यो । अब माओवादीलाई सरकारबाट हटाए उल्टै कांग्रेसलाई माओवादी-एमालेले सत्तालोलुप भन्ने आरोप लगाउने निश्चित छ । वाम गठबन्धनमा कांग्रेसमाथि आक्रमण र प्रतिरक्षाका लागि प्रचण्डदेखि बाबुरामसम्म, केपी ओलीदेखि माधव नेपालसम्म, झलनाथ खनालदेखि नारायणकाजी श्रेष्ठसम्मका दिग्गज उभिँदा कांग्रेसले आफ्नो दस्ता त्यही रूपमा तयार गर्नुपर्ने चुनौती छ ।

अर्को कुरा के भने कांग्रेसप्रति सहरी क्षेत्रका युवामा केही आकर्षण घटेको हो कि भन्ने छ । युवा जमात तान्न कांग्रेसले सिद्धान्त, नीति र कार्यक्रमलाई जनतामाझ पुऱ्याउन सक्ने नेतृत्वलाई परिचालन गर्न सक्नुपर्थ्यो । प्रखर वक्ता मानिने प्रदीप गिरी, गगन थापा, विश्वप्रकाश शर्मा आदि नेताहरूले पार्टीभित्र खासै भूमिका नपाएका हुन् कि भन्ने देखिन्छ । यस्ता युवा र विद्यार्थीको नेतृत्व धेरै युवाहरूको आकर्षणको थलो बन्नुको साटो कतै रुमल्लिरहेजस्तो भान हुन्छ ।

आगामी निर्वाचनले प्रदेश र संघलाई नेतृत्व दिएर नयाँ संविधानको कार्यान्वयन मात्र गर्ने छैन, यो चुनावले नयाँ नेपालको जग पनि बसाल्नेछ । मुख्यतः चुनावी रणनीतिलाई आधार बनाएर वाम र लोकतान्त्रिक ध्रुवीकरण सुरु भएको छ । तर, चुनाव जित्न मात्र होइन, यी दुई गठबन्धनले राजनीति, विकास, सुशासन र समृद्धिका लागि गठबन्धनको अपरिहार्यता किन छ भनेर बहस छेड्न जरुरी छ । जसले गर्दा जनताले कुन गठबन्धन नेतृत्व र नीतिका हिसाबले अब्बल छ भनेर चिन्न सकून् । ◆

(तिमिल्सिनाका यी निजी विचार हुन् । उनीसम्बद्ध संस्थासँग यसको कुनै सम्बन्ध छैन ।)

विश्वकप छनोट अन्तर्गत बोलिभियाविरुद्धको खेलमा पराजयपछि अर्जेन्टिनी खेलाडीहरू निराश मुद्रामा

सकसमा अर्जेन्टिना

दुईपटक विश्वकप जितेको टिम आगामी विश्वकपमा छनोट हुनेमा शंका

ज्ञानेन्द्र आचार्य

अघिल्लो वर्ष अर्जेन्टिनी फुटबल केही महत्त्वपूर्ण घटनाका कारण चर्चामा रह्यो। कोपा अमेरिका सेन्टेनारियोको फाइनलमा अर्जेन्टिना फेरि चिलीबाटै पराजित भएको थियो। लगत्तै लियोनल मेसीले अन्तर ष्ट्रिय खेलबाट संन्यास लिने घोषणा गरे। लगातार तीन मुख्य प्रतियोगिताको फाइनलमा पुगेर पनि कुनै उपाधि जित्न नसक्दा मेसी निराश भएका थिए। यसै कारण उनले आवेशमा आएर उनका लागि अर्जेन्टिनाको राष्ट्रिय फुटबल टिमको 'करिअर' त्यहीं समाप्त भएको बताएका थिए।

अर्कोतर्फ अर्जेन्टिनाको फुटबल संघ आर्थिक संकटबाट गुज्रिहेको थियो।

अर्जेन्टिनी फुटबल संघको आर्थिक संकटभन्दा मेसीको संन्यासले अन्तर्राष्ट्रिय मिडियामा ठूलै तहल्का मच्चायो। सबैले मेसीबिनाको अर्जेन्टिना कस्तो होला भनेर अड्कल काट्दै थिए। पछि मेसीले संन्यास त फिर्ता लिए तर त्यसले अर्जेन्टिनी फुटबल टिमको नियति बदल्न सकेन। त्यसबेला मेसीबिना अर्जेन्टिना जस्तो हुने अनुमान लगाइएको थियो, अहिले उनी हुँदा पनि त्यस्तै छ, निकै फितलो। आर्थिक संकटबाट त्यहाँको घरेलु फुटबल र फुटबल संघ दुवै उम्किने तरखरमा छन्। तर, राष्ट्रिय फुटबल टिम भने झन् कमजोर भएको छ। आगामी विश्वकपको छनोटका लागि दक्षिण अमेरिकी क्षेत्रमा अर्जेन्टिना पाँचौं स्थानमा छ। उसको विश्वकपमा छनोट नहुने सम्भावना पनि उत्तिकै छ।

हुन त अर्जेन्टिना १९७० मा पनि विश्वकपमा छनोट हुन असफल भएको थियो। तर, त्यसपछि दुईपटक विश्वकप जितेको अर्जेन्टिनाको यो अन्तर ष्ट्रिय स्पर्धामा छुट्टै शान छ। त्यसकारण यसपटक विश्वकपमा छनोट हुन नसक्नु उसका लागि ठूलै संकट हुन सक्छ। त्यसमाथि अहिले अर्जेन्टिनासँग यस्ता खेलाडी छन्, जसले व्यावसायिक क्लबबाट खेल्दा थुप्रै उपाधि जितेका छन्। जसको उदाहरण उनीहरूका कप्तान मेसी आफैं हुन्।

बार्सिलोनाबाट खेल्दा मेसीले लगभग सबै उपाधि जितेका छन्। तर, अर्जेन्टिनाका लागि उनी त्यही स्तरमा प्रभावकारी देखिएका छैनन्। वास्तवमा अर्जेन्टिनाका लागि खेल्दा अरू खेलाडीले मेसीलाई राम्रोसँग सघाउन



जोर्ज साम्पावली



नसकेका हुन् । जुन अर्जेन्टिनाले खेलेका पछिल्ला छनोट खेलबाट पनि थाहा हुन्छ । विपक्षी टिमको 'डिफेन्सिभ' क्षेत्र वरिपरि आफ्नै टिमका खेलाडी भए, मेसीले आफ्नो अद्भुत क्षमता देखाउन सक्छन् । यो बार्सिलोनाका हरेक प्रशिक्षकले बारम्बार भन्दै आएको कुरा हो । उनी कस्ता खेलाडी हुन् र उनको क्षमता अहिले सबैलाई थाहा छ । त्यसैले उनलाई रोक्न सबै विपक्षी टिमको एउटै रणनीति हुने गर्छ । उनलाई तीन-चार जनाले निगरानीमा राख्ने र उनको खुट्टामा बल पर्नासाथ सबैले उनलाई नै घेर्ने । यसै गरेर विपक्षीले उनको खुट्टाबाट बल खोस्छन् वा उनलाई कुनै निर्णायक पास निकाल्नबाट रोक्छन् । तर, वरिपरि आफ्नै साथी भए, उनी तिनीहरूसँग छोटो पास खेल्दै विपक्षीको पासोबाट फुत्किन सक्छन् । यसै सिजन बार्सिलोना आएका नयाँ प्रशिक्षकले पनि यही रणनीति अपनाएका छन्, जसमा बार्सिलोना सफल पनि देखिएको छ ।

अर्जेन्टिनामा यस्तो विरलै देख्न पाइन्छ । विश्वकप छनोट अन्तर्गतका पछिल्ला खेलहरूमा मेसीलाई अर्जेन्टिनाका मिडफिल्डरभन्दा डिफेन्डरले बढी पास दिएको देखियो । यसबाट अर्जेन्टिनाको मिडफिल्डले धेरै मौका सिर्जना गर्न नसकेको भन्ने बुझिन्छ ।

रणनीतिक हिसाबमा फुटबल निकै अगाडि बढेको छ । उहिलेका पेले वा म्याराडोनाले जस्तै गरी एकल प्रयासमा खेल जित्न निकै गाह्रो छ । किनभने, विपक्षी टिमले हरेक खेलाडीको खेल्ने शैली अनि उनीहरूको बलियो र कमजोर पक्ष राम्रोसँग केलाएका हुन्छन् । र, खेलमा विपक्षीको कमजोर पक्षलाई उजागर गर्नु जोकोहीको पनि प्राथमिकतामा पर्छ । अर्जेन्टिना मेसीको मात्रै भर पर्दा यसैको सिकार बनेको हो । क्षमताका आधारमा त्यस टिममा अहिले कुशल र दक्ष खेलाडी नभएका होइनन् । सर्जयो अग्वेरो, हिग्वाइन, पाउलो डीबाला, डी मारिया, एभर बनेगा आदि सबै क्लब स्तरका उत्कृष्ट खेलाडी हुन् । राष्ट्रिय टिमबाट खेल्दा उनीहरू जम्न नसकेका मात्रै हुन् ।

एक वर्षअघि अर्जेन्टिनाको छिमेकी ब्राजिल पनि यस्तै समस्याबाट गुज्रिएको थियो । नेयमारमा बढी केन्द्रित हुँदा उनी नभएको खेलमा कुनै रौनक नभएजस्तो लाग्थ्यो । त्यसबेला विश्वकपको छनोटमा ब्राजिलले सुरुका ६ खेलमा नौ अंक मात्रै जोडेको थियो । र, कोपा अमेरिकामा पनि २९ वर्षमा पहिलोपटक समूह चरणबाट बाहिरिएको थियो । त्यसपछि ब्राजिलमा टिटे प्रशिक्षक भएर आए । उनले ब्राजिलको मौलिक शैलीमै ध्यान दिए । उनी नेयमारमा मात्रै केन्द्रित भएनन् । यो परिवर्तनपछि लगातार नौवटा छनोट खेल जितेर ब्राजिल आगामी विश्वकपमा सबैभन्दा पहिले छनोट हुने टिम बन्यो । ब्राजिलको खेल अहिले निकै धारिलो छ । चाहे नेयमार खेलून् वा न खेलून्, टिमले एकनासको खेलिरहेको छ । छिमेकी अर्जेन्टिनाका लागि ब्राजिलको टिममा आएको सुधार राम्रै पाठ हुन सक्छ ।

गत वर्ष आयोजना भएको कोपा अमेरिका सेन्टेनारियोको फाइनलमा पराजित भएपछि अर्जेन्टिनामा दुईपटक प्रशिक्षक फेरिए । कोपा अमेरिकालगत्तै एडुराडो बाउजा प्रशिक्षक भएर आए । मेसीको संन्यास फिर्ता गराउन उनी सफल भए पनि टिमको प्रदर्शन उकास्न सकेनन् । उनी प्रशिक्षक रहँदा अर्जेन्टिनाले आठ खेलमा मात्रै तीन जित निकाल्यो । उनकै पालामा हो, मिडफिल्ड झनै कमजोर भएको । बाउजाले सम्हालेको अर्जेन्टिनामा डी मारियाले आफ्नो भूमिका निभाउन सकेनन् । व्यावसायिक क्लबबाट खेल्दा अब्बल दर्जाको प्रदर्शन गर्ने डी मारिया अर्जेन्टिनाका लागि भने निकै फिक्का देखिने गरेका छन् । हालै बाउजापछि जोर्ज साम्पावली प्रशिक्षक भएका छन् ।

मेसी र अर्जेन्टिनाको प्रशिक्षक बन्नु साम्पावलीको सपना थियो । त्यसैले स्पेनमा सेभियाको प्रशिक्षक रहँदा नै आएको यो प्रस्ताव निःसंकोच स्वीकारे उनले । साम्पावली अर्जेन्टिनाको प्रशिक्षकका लागि सबैभन्दा उत्तम उम्मेदवार हुन् । यो कुरा उनले सम्हालेको टिमले निकालेको नजिताले नै देखाउँछ । दक्षिण अमेरिकाकै अर्को देश चिलीलाई एउटा सशक्त फुटबल टिमका रूपमा स्थापित गर्ने प्रशिक्षक साम्पावली नै थिए । २०१५ को कोपा अमेरिकामा उनले नै प्रशिक्षण दिएको चिलीले साम्पावलीकै देश अर्जेन्टिनालाई फाइनलमा हराएको थियो ।

अर्जेन्टिनाको प्रशिक्षक हुनासाथ उनले टिममा केही फेरबदल गरे । सधैँ आक्रमणको जिम्मा पाउने हिग्वाइन र अग्वेरोको ठाउँमा उनले मेसीलाई सघाउन युवा तर निकै प्रतिभाशाली खेलाडीहरू डीबाला र माउरो इकार्डीलाई ल्याए । गोल गर्नुका साथै मौका सिर्जना गर्न विपक्षीको क्षेत्रमा निर्णायक पास खेल्ने क्षमता भएका कारण उनीहरूले अहिले सुरुआती ११ मै मौका पाइरहेका छन् । साम्पावली आएपछि खेलमा सुधारका केही संकेत देखिए पनि भनेजस्तो परिणाम आएको छैन । अर्जेन्टिनाले पछिल्ला दुई छनोट खेलमा दुवैमा बराबरी गर्‍यो । यी खेलमा अर्जेन्टिनाले एक मात्रै गोल गर्न सक्यो । त्यो पनि भेनेजुयलाविरुद्ध पाएको आत्मघाती गोल थियो । अहिले साम्पावलीको ध्यान पनि मिडफिल्ड सुधार्नमै छ । उनको सबैभन्दा ठूलो चुनौती मिडफिल्डलाई सशक्त बनाउँदै डी मारियालाई लयमा फर्काउनु वा उनको विकल्प खोज्नु हो ।

हाल अर्जेन्टिना विश्वकप छनोटको पाँचौं स्थानमा छ । खराब प्रदर्शनका बाबजुद उसलाई अहिले भाग्यले भने साथ दिएको छ । अन्य खेलमा पनि अर्जेन्टिनालाई अनुकूल हुने परिणाम आएका छन् । दक्षिण अमेरिकाबाट चार टिम विश्वकपमा सीधै छनोट हुन्छन् । पाँचौं हुनेले प्ले अफ खेल्नुपर्छ । हाल पाँचौं स्थानमा रहेको अर्जेन्टिना दोस्रो स्थानमा भएको उरुग्वेभन्दा मात्रै तीन अंकले पछि छ ।

अहिलेका खेलाडी व्यावसायिक खेलमा जतिसुकै सफल भए पनि यसपटक विश्वकप पुग्न सकेन भने अर्जेन्टिनी फुटबलको ठूलो दुर्भाग्य हुनेछ । र, मेसीको खेल-जीवनमा पनि एउटा अमिट दाग लाग्नेछ । ◆

लियोनल मेसी

विभाग छ, वेत्ता छैनन्

त्रिविको सबैभन्दा पुरानो विभागको टीठलाग्दो अवस्था

राजकुमार बानियाँ

डल्लु आवास मार्गस्थित घर नम्बर-२७ मा साइनबोर्ड टाँगिएको छ, संशोधन-मण्डल । नेपाल अध्ययनका लागि विश्वसनीय स्रोत संस्था बनेको संशोधन-मण्डलको ६५ वर्षे विरासत सम्हालिरहेका छन्- पुराविद् महेशराज पन्त, ७४ । आफ्नै घरको तेस्रो र चौथो तल्लामा चार जनालाई रोजगारी दिएर बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म नियमित १२ घन्टा इतिहासकै खोजीमेलीमा जुट्छन् ।

पिता नयराज पन्तले ००९ मा थालेको संशोधन-मण्डल पाठशालाको अध्ययनकै भरमा जर्मनीको ह्याम्बर्ग विश्वविद्यालयबाट विद्यावारिधि गरेका उनी भाइ दिनेशराज पन्तसँग मिलेर इतिहासप्रधान पत्रिका *पूर्णिमा* निकाल्छन् । उनले गौरव गर्ने पाटो हो, नेपालको इतिहासका अधिकांश नयाँ तथ्य र प्रमाण संशोधन-मण्डलले नै दिनु र प्राचीन-मध्यकालिक-आधुनिक नेपालको इतिहासका अधिकांश 'स्कलर' संशोधन-मण्डलकै हुनु ।

उता, त्रिभुवन विश्वविद्यालय (त्रिवि)को इतिहास विभाग भने सुनसान छ । विभागमा एक दर्जन विद्यार्थी पनि पुग्दैनन् । नियमित कक्षा लिने त दुई-तीन जना मात्रै । विभागमा पाँच प्राध्यापकसहित १२ शिक्षक छन् । विद्यार्थी र शिक्षकको भेट प्रायः कक्षाकोठाबाहिरै हुन्छ । जहाँ शिक्षक हुन्छन्, त्यहीँ हुन्छ कक्षा । अझ शक्तिशाली र राजनीतिक पहुँचवाला शिक्षकलाई त नपढाउन पनि छूट छ ।

कतिसम्म भने विभागीय प्रमुख शंकर थापा स्वयं इतिहासका होइनन् । उनको विशेषज्ञता 'बुद्धिज्म'मा छ । त्रिविमा भागबन्डाका आधारमा विभागीय प्रमुख र उपकुलपति नियुक्ति हुनु नयाँ होइन । "रसायनशास्त्रमा तरक्की गरेबापत नोबेल पुरस्कार पाइन्छ," इतिहास विभागका प्राध्यापक सुरेन्द्र केसी उदाहरण दिन्छन्, "यहाँचाहिँ उपकुलपतिलाई दलका तर्फबाट चुनाव लड्न सर्वसम्मत सिफारिस गरिन्छ ।"

त्रिभुवन विश्वविद्यालयले गुणस्तरीय शिक्षाका नाममा सेमेस्टर प्रणाली लागू गरेपछि मानविकी र शिक्षाशास्त्र संकायका अधिकांश केन्द्रीय विभागमा विद्यार्थीभन्दा प्राध्यापक धेरै छन् । कतिपय विभागमा त विद्यार्थी नै छैनन् । जातीय पहिचान, समावेशिता र समानुपातिक प्रतिनिधित्वजस्ता जल्दाबल्दा सामाजिक मुद्दामा बहस चलिरहँदा विद्यार्थी इतिहासविमुख भएको स्थिति छ ।

त्यसो त इतिहास विभागमा स्ववियु चुनावको चर्चा चलेको वर्ष चामत्कारिक रूपमा ०६७ मा ५१ र ०७० मा ९३ विद्यार्थी भर्ना भएको तथ्यांक विभाग प्रशासनमा छ । तर, परीक्षा भने १३ र ७ जनाले मात्र दिए । रोजगारीको अवसर सीमित हुनु, विद्यालय तहमा इतिहास र भूगोललाई सामाजिकमा समेटिनु, कलेजमा *नेपाल परिचय*को पढाइ नहुनु पनि विश्वविद्यालयमा विद्यार्थी कम हुनुको कारण हो । यसका साथै लोकसेवा आयोगले पनि इतिहासको अध्ययनलाई महत्त्व दिएको देखिँदैन । तर, इतिहास न कुनै नीरस र अनुत्पादक हो, न त बेरोजगार बनाउने विषय नै । इतिहासका जनशक्ति धेरथोर परराष्ट्र सेवा, पत्रकारिता, अध्यापन, संग्रहालयमा खपत भएकै छ ।

त्रिवि मात्र नभएर नेपाल संस्कृत विश्वविद्यालय र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा पनि यसको बाछिटा परेका छन् । "इतिहासको महत्त्वलाई कम आकलन गर्नु र विषयलाई काम नलाग्ने ठान्नु गम्भीर भूल हो," विभागीय प्रमुख थापा भन्छन्, "विद्यार्थीलाई इतिहासविमुख हामीले बनाएका होइनौँ । इतिहास राजनीतिक हस्तक्षेपको मारमा परेको मात्र हो ।"

इतिहास विभागमा विद्यार्थीको भर्नादर खस्केको अहिले मात्र होइन । ०५५ मै विद्यार्थी नभएपछि प्राध्यापक केसी आफैँ समाजशास्त्र विभागमा स्नातकोत्तर तहमा विद्यार्थीका रूपमा भर्ना भएका रहेछन् । बदलिँदो परिस्थितिमा इतिहासको ज्ञानले मात्र धान्न नसक्ने निधोमा पुगेका केसीले पछिल्लो पढाइ भने पूरा गरेनन् ।

"पीएचडीद्वय, स्नातकोत्तरत्रय भएर के गर्नु ? न अर्थमन्त्री हुनलाई अर्थविद् चाहिन्छ, न परराष्ट्रमन्त्री हुन परराष्ट्रविद्, न त पत्रकार हुन पत्रकारिता पढेको चाहिन्छ," केसीको कटाक्ष छ, "नेपालमा ज्ञानको प्रयोजन छैन, यो रोजगारी र व्यक्तिगत आभूषणमा सीमित भइसक्यो ।"

त्रिभुवन विश्वविद्यालयको स्थापना (विसं

तस्बिर : रवि मानन्धर

संशोधन-मण्डलको अड्डामा पुराविद् महेशराज पन्त

०१६) सँगै अस्तित्वमा आएको सबभन्दा पुरानो विभाग हो, इतिहास र संस्कृति। दोस्रो र तेस्रो वरीयताक्रमका उपकुलपति रुद्रराज पाण्डे र हितनारायण झा पनि इतिहासकै थिए। पदीय भागबन्डाका लागि इतिहास र संस्कृति विभाग नै फुटाइयो, ०२६ मा। "नेतालाई मन्त्री बनाउनुपर्‍यो भने मन्त्रालय फुटाउने चलन छ," प्रा केसी भन्छन्, "विश्वविद्यालयमा दुई जनालाई प्रमुख बनाउनुपर्‍यो भने विभाग नै फुटाउँछन्।"

उदेकलाग्दो कुराचाहिँ विद्यार्थी नहुनुभन्दा पनि माथिल्लो तहको डिग्री लिएका विद्यार्थीबाट नेपालको इतिहासको खोजीमा खास काम नहुनु हो। "हाम्रा विश्वविद्यालयबाट उच्च अंकसहित डिग्री-विद्यावारिधि लिएको कसैले पनि कुनै अभिलेख, शिलापत्रको अर्थ दिन त के, सन्दर्भ-सूचीसमेत बताउन सक्दैन," पुराविद् पन्त भन्छन्, "त्रिविको संस्कृति, इतिहास, पुरातत्त्व विभागबाट अभिलेख राम्ररी पढ्न सक्ने, उल्था र व्याख्या गर्न सक्ने इपिग्राफिस्ट र आइकनोग्राफर एक जना पनि छैन।"

सानो उमेरमै 'बालचन्द्र शर्मा स्वास्नीलाई आमा भन्नुहुन्छ' भन्ने पर्चा बाँडेको सम्झन्छन् पन्त। जयस्थिति मल्लकी श्रीमती राजल्ल देवीलाई बालचन्द्रले जयस्थिति मल्लकी आमा लेखेकाले संशोधन-मण्डलले त्यस्तो उत्तेजक पर्चा छपाएको उनलाई हेक्का छ। त्यसैले विश्वविद्यालयको विकल्पमा आफ्नै गोजीबाट मासिक ६० हजार रुपियाँ खर्चेर काम गर्नुपरेको उनको दाबी छ। विश्वविद्यालयमा प्राचीन इतिहास पढेर आएकाहरूलाई थरीथरीका लिपि, प्राचीन भाषाहरू र यस्तो प्रकारको अन्वेषण गर्न आवश्यक अरू सीपमा तालिम दिने उनले सोचेका छन्।

नेपालको इतिहास लेखन शृंखला कर्कपेट्रिक, हेमिल्टन, सिल्भा लेभी, डेनियल राइट्स, ओल्डफिल्ड, स्टिलरलगायत विदेशी विद्वान्ले सुरुआत गरेका हुन्। तिनमा रहेका गल्ती र भ्रम चिर्नका लागि नयराज पन्तले संशोधन-मण्डल खडा गरेका थिए। धनबज्र बज्राचार्य, ज्ञानमणि नेपाल, महेशराज पन्त, दिनेशराज पन्त आदि धुरन्धर इतिहासवेत्ता उनकै चेला हुन्। यी लगायत 'इतिहास शिरोमणि' बाबुराम आचार्यले समेत त्रिभुवन विश्वविद्यालयबाट कुनै उपाधि लिएका थिएनन्।

अब प्रश्न उठ्छ- साधन र स्रोत हुँदाहुँदै पनि विश्वविद्यालय किन पछि पर्‍यो त ? न पढ्नेमा उत्साह छ, न पढाउनेमा। पन्तको शब्दमा इतिहास मात्रै पढेर रोजगारी पाउन गाह्रो छ। पर्यटन जोडिएकाले संस्कृतितिर विद्यार्थीको अलिक आकर्षण छ। तर, ती दुवै विभागका उत्पादनले न राष्ट्रिय अभिलेखालयका कागजात पढ्न सक्छन्, न त परराष्ट्र मन्त्रालयकै सामग्री।

उनीहरूमा प्राचीन अक्षर (लिपि) र नेवारी, तिब्बती, फारसी, संस्कृत आदि भाषाको समेत ज्ञान छैन। बरू फलानाको मतमा ढिस्कानो भन्ने प्रवृत्ति मात्र छ। आफैँले खोज्ने अनि 'भेरिफाइ' (सत्यापन) गर्ने सीप विद्यार्थीमा छैन। "सम्राट् अशोकको लुम्बिनीको अभिलेख एक-दुई लाइन कण्ठ गरेका हुन्छन्," पन्त भन्छन्, "त्यस्तै अर्को अभिलेख आउँदा पढ्न सक्दैनन्। कुनै अभिलेख आयो भने भारत, अमेरिका, युरोपबाट मान्छे झिकाउनुपर्ने स्थिति छ। सामान्य अभिलेख पढ्न पनि बाहिरबाट जनशक्ति झिकाउनुपर्ने शिक्षा पद्धतिको के काम ?"

पन्त त्यतिबेला निराश हुन्छन्, जतिबेला विश्वसनीय ढंगले अप्रयुक्त प्राथमिक स्रोतको अध्ययन गर्न सक्ने र त्यसको अर्थ लगाउने जनशक्ति भेट्दैनन् अनि इतिहासलाई सबभन्दा कमजोर विद्यार्थीले पढ्ने विषय ठानिन्छ। यसमा उनी विद्यार्थीभन्दा पनि शिक्षा पद्धतिकै दोष देख्छन्। नेपाल संस्कृत विश्वविद्यालयले उनलाई बेलाबखत पीएचडी वाक्परीक्षाका लागि बोलाउँछ र त्यतिबेला थाहा हुन्छ, कागजी प्रमाणपत्रको असलियत। "कतिपय त प्रश्न सोध्दा पनि क्वाँक्वाँ रोइदिन्छन्," उनी सुनाउँछन्।

त्यसो त विश्वविद्यालय मातहतकै सेन्टर फर नेपाल एन्ड एसिएन स्टडिज (सिनास)ले पनि खिन्न बनाएको स्थिति छ। फ्रान्समा द नेसनल सेन्टर फर साइन्टिफिक रिसर्च (सीएनआरएस)कै नक्कलमा खोलिएको सिनास कहाँ छ, कसैलाई पत्तो छैन। सीएनआरएसमा ५०-६० हजार 'स्कलर' छन्, जो क्यान्सरको उपचारदेखि लिएर ज्यापू संस्कृतिसम्मको अनुसन्धान गर्छन्। तर, सिनासमा न जर्नल निस्कन्छ, न त अनुसन्धानै हुन्छ। बरू मार्टिन चौतारीले गरेका काम यदाकदा बाहिर आउँछन्। नेपाल प्रज्ञा-प्रतिष्ठान त झन् अनुसन्धानका नाममा २५-२५ हजार रुपियाँ बाँडेर बसिरहेको छ। रेग्मी अनुसन्धान केन्द्र, द सेन्टर फर सोसल रिसर्च एन्ड डेभलपमेन्ट आदि निजी क्षेत्रका संस्था पनि सुस्ताएका छन्। "नेपालमा भूगोलदेखि भाषाशास्त्रसम्मका अथोरिटी विदेशी नै छन्," पन्त दाबी गर्छन्, "इतिहासमा मात्रै हामीभन्दा माथिल्लो अथोरिटी छैन।"

अर्का इतिहासवेत्ता प्रत्यूष वन्त भने पन्तको तर्कमा त्यति दम देख्दैनन्। त्रिविबाट विद्वान् निस्केनन् भन्ने तर्क उडाउनका लागि मात्र आएको उनको ठम्याइ छ। उनका भनाइमा सत्रौं र अठारौं शताब्दीअघिका सामग्री पढ्न सक्ने जनशक्ति त नेपालमा मात्र नभएर विश्वमै दुर्लभ छ, त्यो क्षमता संशोधन-मण्डलबाट प्रशिक्षित केहीमा मात्र छ। 'द इन्स्टिच्युसनल फ्युचर अफ एकेडेमिक हिस्ट्री इन नेपाल' नामको अध्ययन गरेका वन्तको 'नोट अफ डिसेन्ट' छ, "त्रिविबाट निस्केका जनशक्तिलाई गन्ती नै नगर्ने हो भने मात्र त्यसो भन्न मिल्छ। ००७ वरिपरिको आधुनिक इतिहास लेख्ने त्रिरत्न मानन्धर, राजेश गौतम, सुरेन्द्र केसी, भवेश्वर पंगेनी, सूर्यमणि अधिकारी आईएदेखि पीएचडीसम्म त्रिविबाटै दीक्षित हुन्। उनीहरूका सारा काम झुर हो, केही पनि होइन, कसरी भन्ने ?" ◆

त्रिभुवन विश्वविद्यालय

लेदरका घरेलु उद्यमी

लोभलाग्दा स्वदेशी ब्रान्ड

गोकर्ण गौतम

भारतको बैंगलोरमा इन्जिनियरिङ पढ्न गएका थिए, बिलाल अहमद शाह, २४ । तर, कलेज 'ड्रप आउट'को ट्याग भिरेर डेढ वर्षमै फर्किए । बाबुआमालाई छटपटी हुने भइहाल्यो । नेपाल फर्किएपछि न पढाइतिर ध्यान दिए, न त जागिरमै । हल्लिएरै दिन कट्न थाल्यो । बुबासँग मनमुटाव त भइरहन्थ्यो नै, एक रात बुबाले हातै उठाए । बिलाल हाँस्दै सुनाउँछन्, "तर, बुबाको त्यो दिनको आक्रोशमा मैले जीवनको दिव्य ज्ञान पाएँ ।" उनलाई लाग्छ, यदि त्यो घटना नहुँदो त छालाका ज्याकेट र ब्यागको प्रिय स्वदेशी ब्रान्ड 'ल्याटिडो लेदर' जन्मने नै थिएन । किनभने, त्यसपछि नै हो, इन्जिनियरिङका यी अक्षम विद्यार्थीले ल्याटिडोको सपना बुनेको र संघर्ष सुरु गरेको । चार वर्ष नपुग्दै यो ब्रान्डले अहिले लोभलाग्दो लोकप्रियता कमाइरहेको छ ।

किताब देख्नासाथ कन्पारो तात्थ्यो, अहमद डुल्ला, ३०, को । काठमाडौँमा जन्मिएका अहमदले कालिङपोङको चर्चित सेन्ट अगस्टाइन स्कुलमा पढ्ने मौका पाए तर १० कक्षामा पुगुन्जेल तीनपटक गुल्टिए । धेरैलाई पत्यार नलाग्ला, बजारमा आउनासाथ 'सोल्ड आउट' हुने लेदरको जुत्ताको घरेलु ब्रान्ड 'डुल्ला सुज'का जन्मदाता यिनै पढाइमा लद्दु अहमद हुन् । त्यसो त उनी डुल्ला सुजका डिजाइनर र लगानीकर्ता मात्र होइनन्, बजार प्रवर्द्धक र विक्रेता पनि हुन् । अर्थात्, 'अलराउन्डर' । जसका जुत्ता आकर्षक स्टाइल, नवीन डिजाइन र टिकाउ प्रमाणित भएका छन् ।

हाम्रो सन्दर्भमा न लेदरका ज्याकेट बनाउनु नयाँ कुरा हो, न जुत्ता । तर, बिलाल र अहमदजस्ता 'फेलियर स्टुडेन्ट'ले छोटै समयमा उल्लेखनीय उपलब्धि हासिल गरे । कारण, उनीहरूको उत्पादन नौलो नभए पनि उत्पादनदेखि बेच्ने शैलीसम्म अलग छ, समय अनुकूल अनि सिर्जनशील पनि । बिलालका लागि ज्याकेट अनि अहमदका लागि जुत्ता व्यापार मात्र होइन,

तस्बिरहरू : भास्वर ओझा

‘प्यासन’ हो, रमाउने माध्यम । जो पढाइको असफलताबाट पाठ सिक्दै आफ्नो उद्यमको स्वर्णिम संसार निर्माणमा उद्यत छन् । लहड होइन, आफ्नो रोजाइ र भोगाइको पछि लाग्छन् । दुवैको विगत र वर्तमान नियाल्दा यस्तै लाग्छ ।

अहमदले मानविकी संकाय लिएर १२ कक्षा पास गरे जसोतसो । त्यसपछि के पढ्ने ? फसाद आइलाग्यो । मानविकीका विद्यार्थीले पढ्न मिल्ने सबभन्दा सजिलो विषय के हुन सक्छ, गुगल गरे । त्यही बेला फेला परेको थियो, फुटवेयर टेक्नोलोजी । जहाँ ८० प्रतिशत ‘प्राक्टिकल’ हुन्थ्यो, ‘थ्योरी’ त २० प्रतिशत मात्र । लजालु स्वभावका अहमद मुस्कुराए, “मैले फुटवेयर टेक्नोलोजी रोज्नुको एउटै उद्देश्य थियो, किताब रट्नु नपर्ने ।” तर, भइदियो के भने जुत्ता बनाउने कलामा उनको रस पस्दै गयो । कुनै पाठ घोक्नुपर्ने होइन, जुत्ताको सोल, डिजाइन, कलर, बुनाइ आदि सिक्ने न हो । चार वर्षमा डिप्लोमा सकियो । दिल्लीमा पुमा, रिबोकजस्ता जुत्ताका अन्तर्राष्ट्रिय ब्रान्डमा काम गर्ने प्रस्ताव आयो तर उनी मुम्बई हानिए, ‘इन्टर्नसिप’का लागि । कारण, जागिर खाँदा एउटा विभागमा मात्र सीमित हुनुपर्थ्यो, नयाँ कुरा सिक्ने सम्भावना न्यून हुन्थ्यो तर इन्टर्न गर्दा चौतर्फी अनुभव बटुल्न पाइन्थ्यो ।

नभन्दै मुम्बईमा जुत्ता बनाउनेदेखि बेच्नेसम्मको ज्ञान हासिल गरे । जुत्ता कम्पनीबाट आकर्षक प्रस्ताव आउन थाल्यो तर फेरि पनि जागिरतिर मन गएन । “आफ्नो सोच अनुरूप काम गर्न नपाइने भएकाले जागिरबाट प्रगति देखिनँ, परिवारबाट टाढा बस्नुपर्दाको पीडा पनि थियो,” जाडोयामका लागि जुत्ता डिजाइनमा व्यस्त अहमद सुनाउँछन्, “त्यही भएर आफैं केही गर्ने सोच बोकेर नेपाल फर्कें ।” ठ्याक्कै ६ वर्षअगाडिको कुरा हो यो । कमलपोखरीमा गोदाम खोले, त्यहीँ जुत्ता बनाउन थाले । सुरुमा कलेज पढ्ने छात्राका लागि जुत्ता बनाए, एक जोरको पाँचदेखि ६ हजार रुपियाँ पर्थ्यो । ठ्याम्मै बिकेन । बुझ्दै जाँदा थाहा भयो, महँगो भएकाले रहेछ । यसबाटै पाठ सिकेर बैंकर, विदेशी नियोगका कर्मचारी अनि मध्यम वर्गका उपभोक्तालाई लक्षित गर्दै जुत्ता बनाउन के थालेका थिए, माग अनुरूप उत्पादन गर्न मुस्किल पर्‍यो ।

आमव्यापारीले माग बढेपछि उत्पादन बढाउँछन् तर अहमदको व्यापार नीतिले यसलाई अनुशरण गर्दैन । जस्तो : उनी एक सिजनका लागि १०-१० डिजाइनका सय जोर जुत्ता मात्र बनाउँछन् । बिक्री खुलेको केही सातामा बिकिसक्छ, ग्राहकले खोजिरहेका

बिलाल अहमद शाह

ब्रान्ड : ल्याटिडो लेदर
उत्पादन : ज्याकेट र ब्याग
मूल्य : ज्याकेट १२ देखि १९ हजार र ब्याग ६ देखि १२ हजार रुपियाँ
बिक्री माध्यम : अनलाइन र स्टोर

हुन्छन् तैपनि त्यो सिजनका लागि अरू जुत्ता ल्याउँदैनन्। हरेक जुत्ता आफैँ डिजाइन गर्ने अहमद भन्छन्, "ब्रान्ड भ्याल्यु जोगाउनु मुख्य चुनौती हो । फेरि मेरो ध्यान धेरै होइन, टिकाउ र गुणस्तरीय जुत्ता बनाउनु र बेच्नु हो ।" अर्को रोचक कुराचाहिँ, उनको आफ्नो स्टोर वा सोरुम छैन। फोन, भाइबर, फेसबुक, ह्वाट्सएप, इन्स्टाग्रामबाट ग्राहकले सम्पर्क गर्छन् र उनी आफैँ घर-घरसम्म पुऱ्याइदिन्छन्। काठमाडौँबाहिरका ग्राहकका लागि निःशुल्क कुरियर सेवा छ। ठमेलमा दुई र कमलपोखरीमा एउटा सोरुम निर्माणाधीन छ । तीन वर्षदेखि ब्याग पनि बनाइरहेका छन् । जुत्ता प्रतिजोर ५ देखि ९ हजार रुपियाँसम्मका छन् भने ब्याग ६ देखि १२ हजारसम्मका । भन्छन्, "जुत्ता बनाउने कम्पनी टन्नै छन् तर मेरो प्रतिस्पर्धा मैसँग हो । आजभन्दा भोलि स्तरीय जुत्ता बनाउन सकेँ भने मात्र टिक्छु। मेरो प्रयास त्यसमै छ।"

अहमदलाई बजारीकरणको ज्ञान नभए पनि कम्तीमा फुटवेयर टेक्नोलोजी त पढेका थिए, बिलाललाई न ज्याकेटको ज्ञान थियो, न बजारको । जति जाने, आफ्नै बलबुतामा । गर्दै, ठक्कर खाँदै अनि सिक्दै । अझ उनले त सुकिसकेको बुबाको व्यापारलाई नयाँ आयाम दिएका हुन्। उनका बुबाको लेदरका ज्याकेटको 'होलसेल' पसल थियो तर सस्ता चाइनिज ज्याकेट आउन थालेपछि पसल बन्द भयो । "बुबाकै कारण ज्याकेटप्रति मोह थियो। तर, डिजाइन पुरानो लाग्थ्यो," बिलाल भन्छन्, "त्यसैले डिजाइनमा नयाँपन दिने प्रयास गरेँ र होलसेल होइन, सीधै ग्राहकलाई बेच्न थालेँ, उनीहरूकै साइज र रोजाइको डिजाइन अनुसार।" झम्सिखेलको गोदामबाट ज्याकेट बनाउन सुरु गरे, उनीबाहेक तीन जना कामदार थिए । तर, सुरुको एक वर्ष ग्राहकको चाह पहिल्याउनै

अहमद डुल्ला

बिलाल अहमद शाह

सकेनन् । त्यहीबीच भूकम्प गयो । तैपनि, हार मानेनन्, ज्याकेटका डिजाइन र नयाँ मान्छेसँगको सम्पर्क बढाए । अनि, बिस्तारै व्यापारले गति लिन थालिहाल्यो ।

स्पानिस शब्द हो, 'ल्याटिडो'। जसको अर्थ हुन्छ, ढुकढुकी । सँगै उनको ब्रान्डको 'ट्यागलाइन' छ, 'बी हू यू आर' अर्थात् आफूजस्तै हुनु। उनको बुझाइमा युवापुस्ताको सबभन्दा ठूलो कमजोरी हो, आफ्नो चाह नबुझ्ने, लहडका पछाडि दौड्ने । उनकै हकमा पनि इन्जिनियरिङ 'फिट' रहेनछ, त्यसैले यात्रा अपूरो भयो। ज्याकेटको उद्यम सुरु गरेपछि सन्तुष्टि र कमाइ दुवै मिल्यो।

जबकि, बाहिरबाट हेर्दा बिलालको काम निकै झन्झटिलो लाग्छ । जस्तो : हरेक ग्राहकसँग प्रत्यक्ष संवाद गर्नुपर्छ। ग्राहकलाई गोदामसम्म बोलाउने, टाढा हो भने फोनबाटै साइज लिने। विदेशबाट माग आएको छ भने त भिडियो कल गर्ने, नत्र फोटो खिचेर पठाउने। ज्याकेट तयार भएपछि खबर गर्ने । कुरिअर गरिदिने । आठ जनालाई नियमित रोजगारी दिएका यी उद्यमी भन्छन्, "मैले ज्याकेट बेचेको ९५ प्रतिशतभन्दा बढी ग्राहकसँग व्यक्तिगत सम्बन्ध कायम राखेको छु । यसले आत्मीयता बढाउँछ र दीर्घकालमा फाइदा पुग्छ ।" यसपटकको गर्मीमा ल्याटिडोका दर्जनौँ ज्याकेट अस्ट्रेलिया, अमेरिका र बेलायत पुगे । त्यहाँका नेपाली पनि 'मेड इन नेपाल' लगाउन पाउँदा दंग ।

अनलाइन सेवाका अलावा झम्सिखेलमा आफ्नै सोरुम छ उनको । जहाँ १० देखि १९ हजार रुपियाँसम्मका ज्याकेट पाइन्छन्। ब्याग र वालेट बनाउन थालेका छन्। यसको डिजाइन पनि आफैँ गर्छन् । नयाँ-नयाँ ग्राहकसँग सम्बन्ध स्थापित गर्न उस्तै समय खर्चनु पर्छ । विश्वसनीयता र गुणस्तरीयता जोगाउँदै ठूलो समूहसम्म पुग्ने योजना छ । साँच्चै, भ्याइनभ्याइ छ उनलाई ।

जबकि, 'नेपालमा अवसर र बजार छैन' भनेर लाखौँ युवा विदेशिएका छन् । यहीँ बस्नेले पनि गतिलो बाटो समात्न सकेका छैनन्। गुनासो र बहाना मात्र सुनिन्छ। यथार्थ पनि यस्तै हो त ? अहमद र बिलाललाई यो साझा प्रश्न सोधियो, छुट्टाछुट्टै । तर, जवाफचाहिँ एउटै थियो, सवालजस्तै, "हामी अल्छी छौँ तर रातारात सफलता चाहिन्छ। आजको भोलि भनेजस्तो नहुँदा हार मान्ने प्रवृत्ति छ तर आफूले चाहेजस्तो काम गर्ने र संघर्षमा रमाउने हो भने अवसरै अवसर छ। बजारै बजार छ।"

आखिर उनीहरूले आफ्नो हकमा प्रमाणित गरिसके पनि । ◆

विश्वास हमाल

सम्बन्धहरूको सम्झना

विदेश बसाइका क्रममा चिनजानमा धेरै विदेशीहरूसँग भेट भयो। सम्बन्धहरू बने। कुनै सम्बन्ध केवल एक कप कफीमै सीमित रहे भने कुनै फेसबुक-फ्रेन्डभन्दा माथि उठ्न सकेनन्। कुनै सम्बन्ध समयसँगै झन् दरिलो हुँदै गएका पनि छन् । जस्तोसुकै जमघट पनि नछुटाउने मेरो बानीले धेरै विदेशीसँग संगत जुरायो । उमेरजन्य जोसले धेरै साथी बनाउन मन लाग्थ्यो । साथीमा पनि विदेशी । सहरमा मुस्किलले हामी पाँच जना मात्रै नेपाली थियौं ।

एक दिन साथीले भन्यो, 'मेरोमा जम्मा होऔं, राती फुटबल फाइनल छ ।' हामी ६ जना साथीहरू जम्मा भयौं, उसको अपार्टमेन्टमा । सबैले आफैंले बियर, ससेज, बर्गरजस्ता खानेकुरा लिएर गएका थियौं । बाँडेर खाने सोचेको थिएँ । तर, आ-आफ्नै खाने रहेछ । केही नल्याउने बेल्जियन साथीलाई कसैले खाऔं पनि भनेन । उसलाई पनि अप्ठ्यारो लागेन । त्यो समूहका साथीहरू सबैले एक अर्कालाई राम्रोसँग चिन्थे । विगत एक वर्षदेखि हामी कलेजकै क्याफेको कुनामा अड्डा जमाएर बस्थ्यौं ।

कुरा खानाको मात्र थिएन त्यहाँ । कुरा थियो- आत्मीयता र घनिष्ठताको । सबैभन्दा आत्मीय गफ डिनर टेबलमा नै हुन्छन् । बाँडेर खानुको मजा बेग्लै छ । तर, पश्चिमा संस्कृति अर्कै छ । स्कुलदेखि नै सिकाइन्छ- सकेसम्म कसैको सहारा नलिनू, अरूको नखानू र आफ्नो पनि नदिनू । १८ वर्ष हुनेबित्तिकै घर छोड्नू, एक्लै बस्नू । मनको दुःख कसैलाई नभन्नू, आफैंसँग राख्नू ।

जबकि, हामी स्कुलदेखि नै साथीसँग बाँडेर खाने संस्कृतिमा हुर्क्यौं । नदिए खोसेर-चोरेर पनि खान्थ्यौं । साथीको घरमा खाना खाने मायालु आग्रह पाउँथ्यौं । तर, यता आमाको घरमा जाँदा पनि आफैंले चिसो स्यान्डविच बोकेर जानुपर्ने ।

मोजमस्ती गर्ने साथीहरू धेरै बने । विदेशी जीवनशैलीमा लोभिएर म उनीहरूको पछि लागेर गाउँ घुम्न धेरैपटक गएँ । उनीहरूका आमाबा, सौतेनी आमा, ६० वर्षकी बूढीको ब्यायफ्रेन्ड भेटें । निकै रमाइला थिए, ती दिनहरू । उत्तरी युरोपका चिसा ठाउँको जीवनशैली पनि अलि चिसा नै थिए । फिनल्यान्डको ताम्पेरे विश्वविद्यालयमा एक वर्ष अन्तर्राष्ट्रिय विद्यार्थी संघको सचिव भएर काम गर्दा झनै धेरै संगतमा परें ।

सबै सम्बन्धमा केही न केही स्वार्थ लुकेकै हुन्छ । साथी या जरुरतजस्ता सतही कुराहरू सकिन्छन्, जब सम्बन्धको एक पत्र खुल्छ । अनि, सुरु हुन्छ अर्को पाटो, गहिरो आत्मीयताको । धनी समाजमा हुर्केकाहरूको जीवन एकदम सीधा अनि सजिलो हुँदो रहेछ । परिवारसँग खासै अपेक्षा नगर्ने । सकेजति सरकारले गरिदिएकै छ । एक किसिमले त्यो जिन्दगी खल्लो छ । न धेरै रस छ, न आकर्षक रंग । उनीहरूले जिन्दगीको रंग नै नशा, यौन र नयाँ यात्रामा भेट्दा रहेछन् । जर्मनी, अमेरिका, अस्ट्रेलिया, डेनमार्कका साथीहरूको जीवनशैलीमा खासै केही फरक भेटिनँ मैले ।

हुन त सबै आफ्ना लागि जिउँछन् । अरू कसैको सहारामा बाँच्नु नै सबैभन्दा ठूलो भ्रम हो । मानिस एक्लै जिएको हुन्छ । साथ, आड, भरोसा सबै क्षणिक हुन् । यो ध्रुवसत्य बुझ्नेको जिन्दगी सहज हुन्छ । तर, पश्चिमाहरू यो बुझेर नभई अरूसँग दुखेसो नसाटौं भनी एक्लकाँटे भएको जस्तो लाग्छ । त्यसैले लन्चमा कसैलाई नसोधी खाने बानी परिसक्यो अचेल । बारमा 'सेल्फ सिस्टम' अप्ठ्यारो लाग्दैन ।

सबै नजिक भए भने मित्रताको अर्थ पनि रहँदैन । तर, विदेशीहरूसँग संगत गर्दै गएपछि अगाडि बढ्ने बाटो नपाई एक बिन्दुमा रोकिन्छु म । हाम्रो मित्रता रहे पनि आत्मीयता रहँदैन । परेको बेलामा सहयोग पनि गरिन्छ, भेटघाट हुँदा रमाइलो हुन्छ तर त्यस्तो आत्मीयता र घनिष्टता हुँदैन । उनीहरूहरूसँग एउटा सिमाना तोकिएको हुन्छ, निजत्वको सिमाना ।

सम्बन्धमा दरार आउनु सामान्य कुरा हो । तर, मन नै नमिलेपछि त सँगै बस्नुको के अर्थ ? सबै कुरा 'म'बाट हेरिंदो रहेछ। विवाहजस्तो सबैभन्दा गहिरो सम्बन्ध पनि ससानो कुरामा तोडिंदो रहेछ । तर, यी सबै तपसिलमा राखिन्छन् यहाँ । त्यसैले आधाभन्दा बढी विवाह सम्बन्ध-विच्छेदमा टुंगिन्छन् । ७० वर्षीय गरिब वृद्ध नेपालको चौतारीमा गफ लाउँदै रोग र भोक सहेर पनि रमाइलै जिन्दगी जिएको हुन्छ । तर, यता उही उमेरको व्यक्ति हट्टाकट्टा भएर पनि एक्लै वृद्धाश्रममा हुन्छ । अनिद्रा, एक्लोपना, निराशा, सम्बन्ध-विच्छेद, आत्महत्याजस्ता समस्या नै विकसित देशका चुनौती हुन्, जुन जस्तोसुकै भौतिक विकासले पनि समाधान गर्न सक्दैन ।

देश विकसित हुँदै जाँदा मानिसको एक अर्काप्रतिको सहारा कम हुँदो रहेछ । सरकारले नागरिकका सबै आवश्यकता परिपूर्ति गरिदिएपछि पारिवारिक सम्बन्धहरू पनि त्यति दरिलो नहुँदा रहेछन् । सायद यही कारण युरोपकै अल्पविकसित देशहरू पोर्चुगल, पोल्यान्ड, युक्रेन, बुल्गेरियाका मानवीय सम्बन्धहरू अलि दरिला छन्, जबकि जर्मनी, बेलायत, फ्रान्स, बेल्जियम, नर्वेजस्ता धनी देशका फितला ।

केही अपवादबाहेक नेपालीका सबैभन्दा मिल्ने साथी नेपाली नै हुन्छन् । नेपालजस्तो अभावग्रस्त देशमा बाल्यकाल गुजारेकाले साथी पनि उस्तै खोज्दो रहेछ । विदेशीमा चाहिँ भारतीय, पाकिस्तानी, अफ्रिकीसँग धेरै नेपालीको गहिरो सम्बन्ध रहेको छ । जति नै सुखी र सम्पन्न परिवारबाट आए पनि उनीहरूले कम्तीमा आफ्नो समाज र देशमा गरिबी र कष्टकर जीवन देखेका छन् ।

वर्षौंदेखि धेरै विदेशी साथीसँग उठबस, फेसबुके संगत रहे पनि मलाई केही समस्या पर्दा ती विदेशी साथीहरू कहिल्यै सम्झिन्नँ । सबैभन्दा पहिले म तिनै नेपाली साथीहरू सम्झिन्छु । ◆

महयात्राको आद्योपान्त

पदमसिंह कार्की

जन्मेको ६ महिनामै 'आमा टोकुवा'को आरोप खेपेका 'मदन राजा' स्कुल भर्ना हुँदा मात्र मदनकृष्ण श्रेष्ठमा बदलिए । काठमाडौंबाट केही माइल पश्चिमको उनको जन्मस्थल यस्तो ठाउँ हो, जसलाई नेपालले भोटसँग जितेपछि यसको नाम जितपुर फेदी रहन गयो । यो ठाउँलाई पृथ्वी राजमार्ग नबनुन्जेल पश्चिम नेपालको मूलढोका मानिन्थ्यो। यही अवसरलाई छोपेर मदनकृष्णका बाजे सम्पन्न भए । तर, उनका बाबु भने समाजसेवी र प्रधानपञ्च थिए, जसको हैसियत क्रमश: कमजोर हुँदै गयो ।

गाउँले परिवेशमा बाख्रा-भैंसी चराउँदै १४ वर्षसम्म आइपुग्दा सातवटा विद्यालय चहारेपछि मदनकृष्णले बल्ल म्याट्रिक उत्तीर्ण गरे । बिहानको ४ बजे गाँस टिपेर दाउरिनीको साथ लागेर नागार्जुनको वन छिचोल्दै बिहानको कक्षा धाउनु पर्थ्यो। त्यहाँबाट फर्केर भर्खर स्वीकृति पाएको प्राथमिक स्कुलमा प्रशासन, अध्यापन, हिसाब-किताब एक्लैले गर्नु पर्थ्यो । साँझमा घर फर्केपछि थकाइले बेहोसजस्तै हुन्थे। यसरी जोतिएर पाएको मासिक तलब ७० रुपियाँ पनि बाबुलाई नै बुझाइदिन्थे ।

१६ वर्षको उमेरपछि असार ०२३ मा एसएलसी नै नगरी तत्कालीन प्रशासक परीक्षित नरसिंह राणाको ठाडो जाँचबाट उनले जागिर पाएका थिए। त्यहाँ १२ वर्ष बिताएर आफ्नो रुचिसँग मेल खाने कृषि सूचना शाखामा सुब्बा हुन गए। यहाँनिर उनी आफ्ना हजुरबाका आशीर्वाद सम्झन्छन् । यहींबाट धेरथोर लोकप्रिय पनि भए कलाकारका रूपमा। करोडौंको माया पाए ।

तर, करोडौंलाई हँसाएर पनि आफू हाँस्न सकिरहेका थिएनन् । सञ्चयकोषमा कार्यरत यशोदासँग तीन वर्षअघिदेखि अंकुराएको प्रेमसम्बन्ध फक्रन सकेको थिएन। कारण, उनी बाहुन परिवारकी थिइन्। मागीविवाह असम्भव भएपछि साथीहरू बटुलेर सूर्यविनायकमा माला पहिराएर बिहे गरे र डेरामा गुप्तवास बसे । तर, केही समयको अन्तरालमा मदनका बाबुले विधिपूर्वक विवाह गरेर यशोदालाई घर भित्र्याए।

बाल्यकालमा सुनेका बौद्ध र हिन्दु भजन यिनको नसामा पसिसकेको थियो। राजा महेन्द्र



महको म
लेखक : मदनकृष्ण श्रेष्ठ
प्रकाशक : फाइनप्रिन्ट
पृष्ठ : ३२०
मूल्य : ५७६ रुपियाँ

जितपुर फेदी आउँदा बाबुसँग मिलेर मञ्चमा स्वागत गीत गाएका थिए। यिनले राग यमन मात्र सिके तर दिल्लीको प्रचण्ड गर्मीमा राग मल्हार पनि गाए । दिल्ली *दूरदर्शन* र *अल इन्डिया रेडियो*मा गीत रेकर्ड गरे । यिनले *रेडियो नेपाल*मा पनि गीत रेकर्ड गरे। ०२२ मा *रेडियो नेपाल*बाट 'जिवनदवु' नामको प्रत्येक मंगलबार प्रसार हुने नेपाल भाषाको लोकप्रिय कार्यक्रम हटाएपछि भाषाकर्मी, कवि-कलाकार एकत्रित भए । मुनासस र मंकाखलको छातामुनि संघर्ष गर्ने अभियन्ता मदनकृष्ण पनि हुन्। त्यसताका सहरका प्रत्येक डबलीमा हुने सांस्कृतिक कार्यक्रममा यिनको सहभागिता अनिवार्य हुन्थ्यो। नगेन्द्र हाडा यिनका संगीत गुरु थिए । उनकै सल्लाहमा रुन्चे स्वरमा स्वास्नी नपाएर दुःख पाएको भाव प्रकट गर्दा दर्शकहरू एकैपटक गलल हाँसे। 'त्यही हाँसोको विस्फोटनै मेरो हास्यव्यंग्य-यात्राको लागि एउटा गहकिलो प्रेरणाको स्रोत बन्यो । अर्थात् म त्यही गीतबाट हास्यव्यंग्य क्षेत्रमा सधैंका लागि क्लिक भएँ,' आत्मकथा *महको म* पुस्तकमा भन्छन् मदनकृष्ण ।

वैशाख ०३८ मा नेपाल राष्ट्र बैंकले २५औं वार्षिकोत्सव मनाउने भयो। बाहिरबाट लिने कलाकारमा मदनकृष्णलाई बैंकका अधिकृतसमेत रहेका गायक रुवि जोशीले निम्त्याए। उनकै सिफारिसमा *रेडियो नेपाल*मा 'रसरंग' कार्यक्रम चलाउने हरिवंश आचार्यलाई पनि बोलाइयो । समयको पाबन्दीले बेग्लाबेग्लै कार्यक्रम तयार पारेर गएका दुवै एउटै प्रहसन देखाउन बाध्य भए । प्रहसन अत्यन्त सफल भयो। त्यही वर्ष हुन लागेको गाईजात्रा महोत्सवमा पनि संयुक्त प्रस्तुति दिने निधो गरे। र, धक फुकाएर 'यमलोक' नामको प्रहसन प्रदर्शन गरे।

औधी चलेको *विज्ञापन* नाटकको लेखकको रूपमा महको न्वारान उद्घोषक राजाराम सुवेदीले ख्यालख्यालमा गरेका हुन्। यो जोडीले हास्यव्यंग्यको फाँटमा प्रतिभाले बाँझो मार्‍यो, पसिनाको कुलो खन्यो, आँटले आली ठड्यायो अनि अन्नपूर्णभैं बाली भित्र्यायो। धनकुटामा *विज्ञापन* नाटक देखाउँदै गर्दा पञ्चायत व्यवस्थाविरोधी भन्दै हरिवंशलाई राष्ट्र बैंकले जागिरबाट निकाल्यो । सुन्नासाथ मदनकृष्णले पनि जागिर छोडे र मह सञ्चारतिर लागे । ४४ लाखको कारोबार गरेको विज्ञापनले हौसिएका मदनलाई निर्णय गर्न घोत्लिरहनु परेन। एउटा कोठा, दुई जना पियन अर्थात् मदनकृष्ण र हरिवंश। समयको अन्तरालमा यो सहयात्रा मित्रता, व्यावसायिकता र जनचेतनाको पर्यायवाची हुन पुग्यो।

उनीहरूले ३ चैत ०४५ मा पञ्चायतविरुद्ध सुरु गरेको कालोपट्टी आन्दोलनलाई २० जेठ ०४६ मा मात्र बिसाए। पुस्तकका अनुसार उनीहरू कुनै पार्टीमा नभए पनि जनताले मदनलाई कम्युनिस्ट र हरिवंशलाई कांग्रेस ठानेका थिए । ०६६ को आन्दोलनपछि गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति सम्झौता गरेको टेलिभिजनमा देखेपछि उनीहरूले घरमा एक्लै ताली बजाएका थिए।

पुस्तक लेख्न थालेको तर श्रीमतीलाई क्यान्सरले गाँजेपछि यसलाई पूरा गर्न ६ वर्ष लागेको यो कृति मूलत: महयात्राका सारथिहरूको सहयात्राको मार्मिक कथा पनि हो। अनि, यात्रामा भाग लिने आमनेपालीले देखाएको स्नेहप्रतिको अभिनन्दनको जेथा पनि हो । भोगाइ फरक भए पनि बुझाइ एउटै भएकाले सहयात्रा फलदायी भएको निष्कर्ष छ । नरम व्यंग्यात्मक शैलीको यो पुस्तक पढ्दा खित्का नछोडी सुखै छैन। पुस्तक प्रेरणादायी पनि छ। ◆

भूमण्डलीकरण बहस



भूमण्डलीकरण र साहित्य
लेखक : अमर गिरी
प्रकाशक : भृकुटी एकेडेमिक पब्लिकेसन्स
पृष्ठ : ३२०
मूल्य : ६९५ रुपियाँ

पुरुषोत्तम सुवेदी

वैकल्पिक चिन्तन तथा परम्परायुक्त सोचको द्वन्द्वका कारण विश्वकै आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तन एवं चिन्तन प्रक्रियाको नयाँ विषय बनेको छ- भूमण्डलीकरण। यसको प्रभाव सर्वव्यापी रहेको चर्चा पनि भइरहेको छ।

अमर गिरी *भूमण्डलीकरण र साहित्य*मा मार्क्सवादी सौन्दर्य चिन्तनको आलोकमा वैश्विक परिवर्तनको संवाहक बनेको भूमण्डलीकरण नामको चर्चित विषय र विचारमाथि मन्थन गर्छन्। भूमण्डलीकरण सुन्दा जति प्रिय र उदात्त लाग्छ, भोग्दै जाँदा यसमा जटिलता र क्रूरताका अनेक आयाम देखिन्छन्। यसको अन्तर्यमा रहेको पुँजीवादी वैश्विक आक्रमण जति पेचिलो छ, विचार, दर्शन र चिन्तनमा यसले सिर्जना गर्ने भ्रम, विखण्डनकारी सोच र अन्योल अझ डरलाग्दो छ। विचारहीनताको वकालत गर्ने, परम्परागत नैतिक मापदण्डलाई निषेध गर्ने र वैश्विक एकता र समष्टि विचारलाई खण्डित गर्ने तहसम्म यसको हस्तक्षेप फैलिएको छ। भूमण्डलीकरण साहित्य, संस्कृति र परम्परागत चिन्तनको विकल्प खोज्ने तथा विखण्डनलाई बढावा दिने पछिल्लो समयको शक्तिशाली हतियार त हो नै राष्ट्रियता, वैकल्पिक सोच र यथार्थवादी जीवनदृष्टिलाई निषेध गर्दै अघि बढेको पुँजीवादी विचार प्रणालीको नयाँ हस्तक्षेप पनि हो।

गिरीले भूमण्डलीकरणसँग जोडिएर देखापरेका उत्तरआधुनिक पहिचानको राजनीति, उपभोक्तावाद, सांस्कृतिक अध्ययन, बजार, नारीवादी आन्दोलन र भाषा-साहित्यको मार्क्सवादी सौन्दर्य दृष्टिसँगको सम्बन्धलगायतका व्यापक क्षेत्रमा कलम चलाएका छन्, यस पुस्तकमा। बदलिएको विश्व-सन्दर्भ र सांस्कृतिक अन्योलको यस कालखण्डमा मार्क्सवादविरुद्ध अनेक पक्ष र क्षेत्रबाट हुँदै गरेको आक्रमण र त्यसको प्रतिरोध तथा प्रत्याक्रमणका वैचारिक सन्दर्भहरूलाई पुस्तकमा गहिरोसँग नियाल्ने प्रयास गरिएको छ।

पुस्तक नेपाली राजनीतिमा जबर्जस्त रूपमा देखापरेको पहिचानको राजनीतिको प्राज्ञिक, बौद्धिक र राजनीतिक अन्तर्य खोतल्न सफल पनि छ। मार्क्सवादले जाति, भाषा, क्षेत्र, लिङ्ग, सूचना र संस्कृतिसँगै पहिचानलाई पनि कसरी हेर्छ र राजनीतिमा पहिचानको हस्तक्षेपले के कस्तो असर उत्पन्न गर्छ भन्ने विषयको राम्रो अध्ययन गर्छ। दलित, जनजाति, आदिवासी, नारी समुदाय आन्दोलनमा सामेल भएपछिको राजनीति र त्यस समुदायको जागरणबाट नेपाली राजनीति, समाज र अर्थतन्त्रमा प्रभावका विषयमा पनि अध्ययनको सरोकार रहेको छ।

उत्तर आधुनिकतासम्बन्धी गहन अध्येताका लागि यो पुस्तक उपयोगी हुन सक्छ। गिरीको लक्ष्य खास गरी उपभोक्तावाद, पहिचान, नारीवाद र बजारजस्ता विषयमा भूमण्डलीकरणको दबाब र पहुँचबारे गहिरो दृष्टि राख्ने नै हो। मार्क्सवादी राजनीति, साहित्य र संस्कृतिमा स्वयं संलग्न उनको भूमण्डलीकरणप्रति आलोचनात्मक दृष्टि रहेको छ तर उनको विवेचना एकांगी छैन। भूमण्डलीकरणका सम्भावना, जटिलता र संकटबारे गिरीको अध्ययन आधिकारिक र प्राज्ञिक छ। सन्दर्भलाई पुष्टि गर्न प्रयोग गरिएका उद्धरण मात्र होइन, गोचर मतमतान्तर पनि सबैजसो लेखमा स्पष्ट रूपमा देख्न सकिन्छ। खास गरी मार्क्सवादी साहित्य सिद्धान्त, पहिचानको राजनीति र साहित्य, रूप र सारमा उत्तरआधुनिकतावाद, सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणामा गिरीको दृष्टिकोण, विवेचना र विश्लेषण बेजोड रहेको छ।

समकालीन विश्वमै चर्चामा रहेको भूमण्डलीकरणका सहयोगी विचारहरू, तिनले पुँजीवादी र मार्क्सवादी चिन्तनमा दिएका चुनौतीहरू र समकालीन साहित्य-संस्कृतिको अनुसन्धान, सिर्जनात्मक साहित्य र साहित्यिक सांस्कृतिक चिन्तन प्रक्रियामा पारेका प्रभावहरूको गहिरोसँग विश्लेषण गरिएको छ। पहिचानको मार्क्सवादी अवधारणा मात्र होइन, व्यक्ति, लेखक, चिन्तक र विचार समूहका वैकल्पिक चिन्तन पनि गिरीको चिन्तनभित्र पर्छन्। अनुसन्धानको संरचनामा रहेको यो पुस्तक आधिकारिक लाग्छ।

भूमण्डलीकरणको इतिहास निकै उतार-चढावपूर्ण र विवादास्पद छ। सन् १९१७ मा सम्पन्न सोभियत समाजवादी क्रान्तिले पुँजीवादको विस्तारलाई गहिरोसँग चुनौती दियो र यसको निर्बाध यात्रामा गहिरो प्रश्न उठाइदियो। प्रथम र द्वितीय विश्वयुद्धसँग मिसिएर आएका औद्योगिक क्रान्ति र वैज्ञानिक आविष्कारहरूको कल्याणकारी प्रवेशले पुँजीवादको विकासमा सहयोग पुऱ्याए पनि प्रतिरोधको पक्ष पनि कमजोर थिएन। झन्डै १० हजार वर्षको सभ्यताको एकपक्षीय व्याख्याको प्रतिरोध गर्न मार्क्सवादी विश्वदृष्टि पनि शक्तिशाली तर्क बोकेर उपस्थित भयो। भूमण्डलीकरणको मानवद्वेषी बुल्डोजरका विरुद्ध लड्ने एक मात्र प्रतिरोधी विचार मार्क्सवादले नै यसको निर्बन्ध यात्रामा रोकावट पैदा गऱ्यो। यस पुस्तकलाई अनेक परिवर्तन, दुर्घटना, आक्रमण-प्रत्याक्रमण, विस्तारवादी हस्तक्षेप, फासीवादी रुझान र मानवीय प्रतिरोधका अनेकन् परिघटनाको कारक र साक्षी बनेको भूमण्डलीकरणको एकपक्षीय प्रभाव र दबाबको प्रतिरोध गर्ने मार्क्सवादी दृष्टिकोणको रूपमा हेर्नु युक्तिसंगत हुन्छ। विश्वमै भइरहेको तीव्र विकास, वैज्ञानिक उन्नति, सूचना र सञ्चारमा भएको अभूतपूर्व प्रगति, कल्याणकारी राज्यको अवधारणा, एक कुनाको घटना र चिन्ताको विश्वव्यापी प्रतिक्रिया र मानवीय सुख, सुविधा, स्वास्थ्य र शिक्षाजस्ता विषयमा भएको संवाद आदिले गर्दा भूमण्डलीकरण वा अन्य विषय कुनै एक विचार शिविरको पेवा हुन नसक्ने निर्विवाद छ। प्रकारान्तरले भूमण्डलीकरणका कल्याणकारी विषयबाट सबैले लाभ लिन सक्ने र विखण्डनवादी पक्षबाट पनि सबै प्रताडित हुने परिस्थिति पनि यथार्थ नै हो। ◆

अनुभूति



॥ विष्णु भण्डारी

हिउँफूलको उपत्यका

'तपाईंहरू हो लेखक ?' ओर्जिनल लामा होटल पुग्दा मिङ्मार गुरुङले सोधे ।

केही गाइडसँगै गफिँदै थिए मिङमार । म थकाइले चूर भएको थिएँ । बोल्ने पनि हिम्मत थिएन । मुस्किलले राजको नाम उच्चारण गरेको थिएँ मैले । प्रथाले ब्यागसहित कुर्सीमा बस्दै भने, 'हो हो, म कवि, उहाँ लेखक ।'

अघिल्लो दिन स्याफ्रुबेसीको यालापिक होटलमा भेटिएका थिए राजबहादुर थापा । यिनैले हाम्रो नालीबेली फोनमार्फत सुनाइसकेका रहेछन् । सोलुका यी भाइ पेसाले गाइड हुन् । साहित्यप्रति गहिरो अभिरुचि राख्ने राजकै कारण हाम्रो यात्रा सहज भएको थियो ।

०३४ सालताका लाङटाङ पदयात्रा भर्खर सुरु भएको थियो । पर्यटक बस्नका लागि होटलको अभाव थियो । यस्तैमा सरकारी टेन्डर लिएर गएका थिए मिङमारका बुबा राजबहादुर गुरुङ । धादिङका यी गुरुङ रहँदाबस्दा लामा गुरुङमा रूपान्तरण भए । पछि यिनैले खोलेको लामा होटलको नामबाट ठाउँको नामै लामा होटल रहन गयो । अहिले यो ठाउँमा लामाको नाममा ठूलठूला होटल खुलेका छन् । यी लामा गुरुङले भने आफ्नो होटलको पहिचान बचाउन ओर्जिनल थप्नुपरेको रहेछ ।

बिहानको खाना खाँदा एक बोत्तल पानीको दुई सय रुपियाँ तिर्नुपरेको थियो । तर्सिनु स्वाभाविकै थियो । थाकेको ज्यानमा एक कप कफी कसरी नखानू ? नेपालीले मेनु हेरेर अर्डर गर्नु भनेको असामान्य कुरा हुन्छ त्यहाँ । महँगोमध्येमा पर्छ लाङटाङ पदयात्रा । 'पहिले त नेपालीलाई रुम नै दिन्नथे,' मिङमारले मुस्कुराउँदै भने, 'अहिले भने आन्तरिक पर्यटकलाई महत्त्व दिन थालेका छन् ।' कफीको कति पर्छ भनेर सोध्न पनि भएन । फेरि तातो पानी पनि पिउनै पर्‍यो । 'लु जे हुन्छ हुन्छ खाइदिम् ।' हामी टन्न खाएर सुत्यौं । अर्को बिहान दूधचिया खाएपछि हिँड्ने बेला भयो । बिल सोध्दा प्रथाले मेरो मुखमा हेरेर 'आच्चे' भनिहाले । राज थापाको फोनले कमाल गरेको थियो ।

साँझ लाङटाङ पुग्दा ग्याल्बु लामा हामीलाई नै पर्खिएर बसेका थिए । भूकम्पमा बाउआमा र भाइ गुमाएका थिए यिनले । काठमाडौंबाट भर्खर ब्याचलर सकेका यिनी अहिले घर बनाउन व्यस्त थिए । भत्किएको घर भएकै ठाउँमा । उनकै आफन्तको ल्हासा होटलमा राखे हामीलाई । त्यहाँ फेरि मिङमारको फोनले काम गरेको रहेछ । उनले भत्किएको गाउँ घुमाउँदै भने, 'सारहरले लाङटाङ ट्रेकिङका लागि सुरक्षित छ भानेर लेखिदिनु पर्‍यो ।'

कुनै समय लाङटाङ पदयात्राको सुन्दर गन्तव्य थियो यो गाउँ । केही वर्षअघिसम्म गुल्जार यो उपत्यका अहिले भने मरुभूमि बनेको थियो । ०७२ सालको भूकम्पमा आएको हिमपहिरोमा पूरै गाउँ पर्‍यो । भूकम्पमा परी झन्डै दुई सय गाउँले पुरिए । त्यत्तिकै संख्यामा भरिया, गाइड र पर्यटकको ज्यान गयो । अहिले त्यहाँ पुरानो स्मृतिसिवाय केही बाँकी छैन । हामीले सयौं मानिसको कङ्कालमाथि उभिएर पारिपारि हेर्‍यौं । आँखाले देखुन्जेलसम्म सबैतिर ढुंगा, माटो र गेग्रेटो मात्र थियो । यतिखेर त्यहाँ कुनै समयमा गाउँ थियो भन्नु किंवदन्ती मात्र हुन जान्थ्यो ।

गाउँसँगै विद्यालय, हेल्थपोस्ट र जाँचचौकी पनि हिमपहिरोमा परे । दस जना सैनिकको मृत्यु भयो । त्यसपछि यहाँ न विद्यालय खुलेको छ, न जाँचचौकी । प्रकृतिको अघि निरीह हुनुको विकल्प थिएन । लाङटाङ यही नियतिको चपेटामा बाँच्न विवश थियो ।

●●●

'द भ्याली अफ ग्लासियर' अनलाइनमा कतै पढेको थिएँ । त्यहाँ पुगेर हेर्दा थाहा भयो, क्याञ्जिङलाई किन ग्लासियरको उपत्यका भनिएको रहेछ ।

लाङटाङ पदयात्राको अन्तिम बिसौनी हो, क्याञ्जिङ ।

यहाँ ६ हजारभन्दा माथिका दसवटा हिमाल छन् । चारैतिर हिमाच्छादित पहाड र हिमालले घेरिएको क्याञ्जिङ अनुपम छ । अलभ्य छ । सुन्दर ! असाध्यै सुन्दर ! प्रकृतिको स्वर्गभन्दा फरक नपर्ने ।

क्याञ्जिङ भ्यालीको ढोकैमा रहेको सानो थुम्कोमा हामीलाई लिन आएकी थिइन् कैसाङ डोल्मा शेर्पा । 'ग्याल्बुको साथी तपाईं नै हो ?' हामी थुम्कोमा पुगेर फालिएको देखेपछि उनले सोधिन् । हामी 'हो' भन्दै उनकै पछि लाग्यौं । एउटा छोरो भूकम्पमा गुमाएकी ती एकल महिलाले नायाकाङ्ग पिक गेस्ट हाउस चलाउने रहिछन् । त्यो विकट गाउँमा पनि सफाइ र व्यवस्थापनलाई कति साह्रो ध्यान पुर्‍याएकी । हामी उनकैमा बस्यौं । 'तपाईंहरू लेखक रे हो ?' काठमाडौंमा प्लस टू पढ्ने उनको छोरो ग्याल्बु लामाले शंका व्यक्त गर्दै सोधे ।

'कहाँ लेखक मात्र, म कवि, उहाँ लेखक ।' प्रथाले फेरि दिइहाले । 'याँको बारेमा लेख्छा हो ?' उनी केहीबेर रोकिए र फेरि निराशा व्यक्त गर्दै भने, 'लेखेर के गर्ने हाम्रोमा पत्रिका आउँदैन ता !'

'लेख्यो भने तिमीलाई फोन गरूँला । अनलाइनमा पढ्न सकिहाल्छ

नि !' मैले उनको जिज्ञासा मेट्दै भनें ।

'तपाईं केही दिन पहिले आएको भए सबैतिर हिउँ नै हिउँ थियो ।' स्थानीय कग्याल्बु लामाले भने, 'अहिले त हिउँ पग्लिसक्यो ।'

नभन्दै हामी पुग्दा तलतलको हिउँ पग्लिएको थियो । स्निग्ध हिमशैलको सुन्दरता कुहिरोभित्र लुकेको थियो । लजालु मायालुजस्तो । कतिखेर घुम्टो खोल्थ्यो, कतिखेर लुक्थ्यो । वैशाखको दोस्रो साता पनि क्याञ्जिङ चिसो थियो ।

'हामी त क्याञ्जिङ री पो जाने हो । कतै वेदर बिग्रिने त होइन !'

'केही भन्न सकिँदैन । यहाँको मौसम छिनछिनमा परिवर्तन भइरहन्छ ।' नायाकाङ्ग गेस्ट हाउसमा हामीसँगै बसेका गाइडले भने ।

कुनै समय लाङटाङ पदयात्राको सुन्दर गन्तव्य थियो यो गाउँ । केही वर्षअघिसम्म गुल्जार यो उपत्यका अहिले भने मरुभूमि बनेको थियो । ०७२ सालको भूकम्पमा आएको हिमपहिरोमा पूरै गाउँ पर्यो ।

हामी री पुगेनौं । बरू लाग्यौं, लाङटाङ लिरुङ पोन्डतिर । 'थाकेको बेला कसरी चढ्नू री ? फेरि पुगेर के गर्ने हिमालै देख्न नपाएपछि ।' प्रथाले तर्क गरे । री बिहान जाने भयौं हामी ।

ग्लेसर खोला तरेर हामी उकालो लाग्यौं । देख्दा त नजिकै थियो । तर, साह्रो उँचो ठाउँमा रहेछ लिरुङ पोन्ड । त्यहाँ पुग्दा कुहिरोले छपक्कै छोप्यो हामीलाई । एकैछिनमा आकाश गर्जियो र पानी बर्सिन लाग्यो ।

'हैन हाउ विष्णु दाइ हामी बीच त पर्दैनौं ?' प्रथाले शङ्का व्यक्त गरे ।

जेहोस्, हामी बीच परेनौं । दर्केझरीमा बडा मुस्किलले तल झर्यौं । 'ल घोडा लिएर जान परेन,' मुस्कुराउँदै होटल भाइले व्यंग्य गर्यो । माथि पुग्दा लेक लाग्यो भने के गर्ने भन्दा उसले घोडा लिएर आउँला नि दाइ भनेको थियो । अहिले यही प्रसंग कोट्याउँदै थियो भाइ ।

चिसो यसरी बढ्यो कि ज्यान काँप्न थाल्यो । कफी खाएर हामी कोठाभित्र पस्यौं । बाहिर पानी बर्सिरह्यो । केही समयमै पानी थामियो र आकाश कञ्चन भयो । आकाशसँगै चारैतिर हिमाल मुस्कुरायो । एकाध घन्टाको पानीले सबैतिर हिउँ परेछ । हामीलाई के चाहियो । हामी चुलबुले बच्चाजस्तै हिमालको सुन्दरतामा रमायौं ।

लाङटाङसँगै ठडिएको लिरुङ पहाड केहीबेरअघिसम्म नाङ्गो थियो । अहिले भने कपासजस्तै सेतो हिउँको तन्ना ओढेर मुस्कुराउँदै थियो । पूर्वतिर मेनथेप्चा र चेरकोटी हिमाल सेताम्मे थिए । दक्षिणतिर काङसाङ्पो र गान्जला नाकै अगाडि उभिएका थिए । नयाकाङ्ग हिमाल दक्षिण-पश्चिमतिर लम्पसार परेको थियो । अनि, धेरै टाढा पश्चिमतिर लाङटाङ गाउँमाथि बेनामे हिमच्छादित पहाड चम्किदै थिए । उत्तरबाट झर्ने लिरुङ झर्ना र पूर्वबाट सीधै पश्चिमतिर हानिएको लाङटाङ नदीको सुसाहट विशाल सन्नाटालाई चिर्दै आउने अव्यक्त र उन्मादी संगीतजस्तै लाग्दै थियो ।

●●●

जीवनमा एकपल्ट पुग्नैपर्ने ठाउँ हो क्याञ्जिङ । नदीको सुसाहट र पन्छीको कलरव, स्याफ्रुबेसी छोडेपछि यात्रा रोमाञ्चक बन्छ । बाटो यति अप्ठ्यारो छ कि चिप्लियो भने लाङटाङ नदीको तीव्र बहावमा समाहित हुन बेर लाग्दैन । घना जंगल र रंगीबिरंगी फूलको छहारी हुँदै हिँड्न कम रमाइलो हुन्न । थ्याङसेक कटेपछि भने घना जंगलको साटो काँडेदार झाडी सुरु हुन्छ । अग्लाअग्ला ढुंगे पहाडको तलतल नदीको खोँच हुँदै पुगिन्छ क्याञ्जिङ ।

प्राय: चिसो हावा चलिरहने यो उपत्यका सुन्दर मात्र होइन, जैविक विविधताले भरिपूर्ण छ । विदेशी मुद्रा भित्र्याउने यो भ्याली आफू भने बत्तीमुनिको अन्धकारजस्तो छ । यहाँ कुनै पनि सरकारी सुविधा पुगेको छैन । न विद्यालय छ, न त हेल्थपोस्ट । बिमारी भए महँगो हेलिकप्टरको सहारा लिनुपर्छ । नानीहरू पढाउन विदेशीको भर पर्नुपर्छ । अहिलेसम्म विद्युत् पुगेको छैन । खाम्जिङदेखि खच्चडमा बोकाएर लग्नुपर्छ सामान । भूकम्पपछि विस्थापित प्रहरीचौकी र जाँचचौकीको व्यवस्था गरिएको छैन ।

क्याञ्जिङ रीभन्दा अलि परतिर पर्छ मेनथेप्चा पहाड, जहाँ यार्सागुम्बा पाइन्छ । पुस-माघमा लामा होटलसम्म सेताम्मे हिउँ पर्छ । स्थानीयहरू जाडोमा कि काठमाडौं पुग्छन् कि घरभित्रै बस्छन् । सुन्दरताभित्र अथाह पीडा लुकाएर बाँच्ने यो उपत्यका वर्षामा भने रंगीबिरंगी फूलले ढकमक्क हुन्छ । त्यतिखेर यो उपत्यका 'द भ्याली अफ फ्याओर्स'मा रूपान्तरित हुन्छ । ◆

कलर्सको स्मार्टफोन लन्च

नेपालमा कलर्सको नयाँ स्मार्ट फोन पी ८५ प्लस लन्च भएको छ । यो स्मार्टफोनको मुख्य विशेषता भनेको यसको क्यामेरा नै हो । यसमा १३ मेगापिक्सेलको रियर क्यामेरा छ । जसबाट राम्रो गुणस्तरमा फोटो/भीडियो लिन सकिन्छ । सेल्फीका लागि यसमा आठ मेगापिक्सेलको क्यामेरा छ । यसका रियर र सेल्फी दुवै क्यामेराका लागि छुट्टै एलईडी फ्ल्यास लाइट पनि छ । यो स्मार्टफोन दुई जीबी न्याम र १६ जीबी स्टोरेज क्षमतामा आउँछ, जसको मूल्य १५ हजार रूपियाँ छ ।

एन्ड्रोइडको नुगट अपरेटिङ सिस्टम, फिङ्गर प्रिन्ट सेन्सर र तीन हजार एमएएच क्षमताको ब्याट्री यसका अन्य राम्रा फिचर हुन् ।



गुगलको पेमेन्ट एप

गुगलले भारतमा नयाँ पेमेन्ट एप सुरू गरेको छ । तेज नाम गरेको यो एप गुगलको प्ले स्टोरबाट डाउनलोड गर्न सकिन्छ । यो एप भारत सरकारले लागू गरेको युनिफाइड पेमेन्ट इन्टरफेसमा आधारित छ ।

भारतमा बोलिने मुख्य सात भाषामा चलाउन सकिने तेज एपबाट प्रयोगकर्ताले पैसा पठाउने, पाउनेलगायत थुप्रै कारोबार गर्न सक्छन् । आफ्नो बैंक खातालाई यो एपसँग लिंक गरेपछि प्रयोगकर्ताले अन्य थुप्रै बैंकिङ कारोबार पनि गर्न सक्छन् । बैंक खातासँग नजोडी कारोबार गर्नका लागि क्यास मोड फिचर पनि यसमा छ । यो एपलाई भारतमा थुप्रै बैंकले पनि साथ दिएका छन् । भारत सरकारले पनि यो एपबाट क्यासलेस कारोबार बढाउनका लागि सहयोग हुने बताएको छ ।

पल्सरको एनएस २००

नेपालमा अहिले पल्सरको एनएस २०० बाइकले राम्रो बजार लिइरहेको छ । हालै सम्पन्न भएको नाडा अटो सोमा पनि यो बाइक आकर्षणको केन्द्रविन्दु थियो ।

दुई सय सीसीको इन्जिनमा चल्ने यो बाइकले अधिकतम २३.५२ ब्रेक हर्सपावरको शक्ति निकाल्छ । यो बाइकमा ६ गियर छन् । र, यसका दुवै पाङ्ग्रामा डिस्क ब्रेक छ । १२ लिटर क्षमताको फ्युल ट्यांक भएको यो बाइकले औसतमा

सिरी अब पर्सनल थेरापिस्ट

एप्पलले आफ्नो आर्टिफिसियल इन्टेलिजेन्स एप सिरीलाई प्रयोगकर्ताका व्यक्तिगत समस्यामा पनि राम्रो साथ दिने एप बनाउन लागेको छ । डिप्रेसन भएका प्रयोगकर्ता वा निकै तनावमा रहेकालाई एप्पलले सिरीमार्फत उचित सल्लाह दिने पर्सनल थेरापिस्ट बनाउने इच्छा राखेको छ ।

यसै प्रोजेक्टका लागि भनेर एप्पलले हाले प्रोग्रामरको आवेदन माग गरेको छ । एप्पलको यो योजनामा जोडिन चाहने प्रोग्रामर मनोविज्ञान र व्यक्तिगत परामर्शमा दक्खल राख्ने खालको हुनुपर्नेछ । सिरीले ऊसँग प्रयोगकर्ताले गर्ने कुराकानीका आधारमा उनीहरूलाई डिप्रेसन भएको वा कुनै व्यक्तिगत समस्यामा रहेको पत्ता लगाउन सक्नेछ । र, यसै आधारमा कुराकानीकै क्रममा त्यस्ता प्रयोगकर्तालाई उचित परामर्श दिएर थप डिप्रेसनबाट जोगाउन सहयोग गर्नेछ ।

फेसबुक एपमै वाट्सएप ?



फेसबुकले फेरि एउटा नयाँ प्रयोग गरिरहेको छ, यसको मोबाइल एपमै वाट्सएपलाई जोडेर । *फेसबुक* अन्तर्गतकै अर्को म्यासेजिङ एप भएका कारण *फेसबुकले* बेलाबेलामा वाट्सएपमा परिवर्तन ल्याउन खोजिरहन्छ । यसको उद्देश्य हो, वाट्सएपका एक अर्बभन्दा बढी प्रयोगकर्ता खुसी रहिरहून् ।

फेसबुक एपमै समावेश भएको वाट्सएप बटमको खास काम के हो, त्यो त अझै थाहा भएको छैन । किनभने, यो फिचर अहिले थोरै मात्र प्रयोगकर्ताले देखेका छन् । तर, एउटा कुरा के प्रस्ट छ भने *फेसबुकबाट* वाट्सएपमा सजिलै जान मिल्ने बनाउनकै लागि यो नयाँ फिचर आएको हो । एपबाट *फेसबुक* चलाउँदै गर्दा *फेसबुक* एप नछोडीकनै वाट्सएपमा जानका लागि यो निकै सहयोगी हुने अनुमान छ ।

केही वर्षअघि *फेसबुकले* म्यासेज पठाउँदा फेसबुकमै पठाउने वा वाट्एपमा पठाउने विकल्प ल्याउन खोजेको थियो । यो फिचर पनि उसले गुपचुपमै परीक्षण गरेको तथ्य बाहिर आएको थियो । तर, वास्तवमा यस्तो फिचर प्रयोगकर्ताले कहिल्यै प्रयोग गर्न पाएनन् । त्यसैले अहिले परीक्षणमा रहेको यो फिचर पनि के होला, यसै भन्न सकिन्न ।

३५ किलोमिटर प्रतिलिटरको माइलेज दिन्छ । दस सेकेन्डमै एक सय किलोमिटर प्रतिघन्टाको गति लिन सक्ने एसएस २०० बढीमा १ सय ३६ किलोमिटर प्रतिघन्टाको स्पीडमा कुद्न सक्ने बताइएको छ । नेपालमा यो बाइकको मूल्य २ लाख ९२ हजार रुपियाँ छ ।

इन्स्टाग्राम लाइभमा फेस फिल्टर



इन्स्टाग्राममले पनि अहिले नयाँ फिचर ल्याएको छ । प्रयोगकर्ताले अब लाइभ भिडियोमै फेस फिल्टर प्रयोग गर्न पाउने भएका छन् ।

फेस फिल्टर फिचर इन्स्टाग्राममा चार महिनाअघिबाट मात्रै सुरू भएको थियो । त्यसबेला प्रयोगकर्ताले इन्स्टाग्राम पोस्ट वा म्यासेजमा मात्रै यो प्रयोग गर्न सक्थे । अब यो लाइभ भिडियोमा पनि प्रयोग गर्न सक्नेछन् । चार महिनाअघि फेस फिल्टर इन्स्टाग्राममा आउँदा यसले स्न्यापच्याटको सिको गरेको भनिएको थियो । अहिले थपिएको नयाँ फिचरलाई लिएर फेरि पनि यस्तै टिप्पणी सुरू भएको छ ।

लाइभ भिडियो सुरू हुनुअघि वा लाइभ भिडियो चलिरहेकै बेला प्रयोगकर्ताले यो फिचर प्रयोग गर्न सक्छन् । दायाँतिरको तल एउटा फेस आइकन हुन्छ, यहीँबाट प्रयोगकर्ताले थुप्रै फेस फिल्टर प्रयोग गर्न सक्छन् । फेस फिल्टरमा पनि अहिले पहिलेको भन्दा बढी विकल्प राखिएको छ । र, लाइभ भिडियो चलिरहेकै बेला प्रयोगकर्ता एउटा फिल्टरबाट अर्कोमा जान सक्नेछन् वा यस्तो फिल्टर बन्द गर्न पनि सक्छन् ।

संयोजन : ज्ञानेन्द्र आचार्य

बाघ गर्जन

शब्द/तस्बिर : सागर गिरी

बर्दिया राष्ट्रिय निकुञ्जमा एक-आपसमा गर्जिरहेका यस्ता पाटे बाघको संख्या ६२ पुगेको अनुमान छ । निकुञ्जले आन्तरिक जानकारीका लागि सन् २०१५ मा गरेको अनुगमनमा ५६ वटा वयस्क पाटे बाघ रहेकामा सन् २०१६ मा त्यो संख्या बढेर ६२ पुगेको अनुमान गरेको थियो । संरक्षणका कारण नेपालमा बाघको संख्या बर्सेनि बढिरहेको छ । पाटे बाघको तौल भालेको १ सय ८० देखि २ सय ८० किलोसम्म र पोथीको १ सय १५ देखि १ सय ८५ किलोसम्म हुन्छ । पाटे बाघ सामान्यतया २० वर्षसम्म बाँच्छ ।

ज्ञातव्य रहोस्, चोरीसिकार, वासस्थान विनाश र आहाराको कमीका कारण पाटे बाघ संसारबाट लोप हुने अवस्थामा पुगेका छन् । ◆

उडायो सपना

डेब्यु फिल्म *नाईं नभन्नु ल ४* मा भीडमै हराएकी थिइन्, आँचल शर्मा । *जोनी जेन्टलम्यान*मा भने प्रमुख भूमिका पाइन् । तर, उनी यस फिल्मसँग आशावादी हुनुको कारण मुख्य भूमिका भएर मात्र होइन । 'रियल प्रेमी' पल शाहसँगको अनस्क्रिन रोमान्सले आँचल उत्साही बनेकी थिइन् । पलको दोस्रो फिल्म *म यस्तो गीत गाउँछु* हिट भएपछि त उनी झन् फुरुंग । तर, *जोनी जेन्टलम्यान*बाट जोडी नै चम्कने आँचलको सपना हुरीले उडाएको छ । कारण, ३० भदौमा प्रदर्शित यस फिल्मले न बक्स अफिसमा कमाल गर्‍यो, न सकारात्मक समीक्षा नै बटुल्यो । कतिसम्म भने उनीहरूको अभिनयले समेत प्रशंसा पाएन । फिल्म फ्लप भएपछि सम्बन्धमा पूर्णविराम लागेका उदाहरण प्रशस्त छन् । अनि, आँचलको ढुकढुकी नबढोस् पनि कसरी ? ◆

प्रदीपको चुरीफुरी

प्रदीप खड्का अभिनीत *प्रेमगीत २* हिट भयो । नयाँ फिल्म *लिलीबिली*बाट २३ लाख रुपियाँ पारिश्रमिक लिए । यही फिल्मको प्रेस मिटमा चार जना बडीगार्डसहित उपस्थित भए । शंकै छैन, प्रदीप 'टक अफ द टाउन' बनेका छन् । तर, यत्तिमै सीमित भएन चर्चा । *प्रेमगीत २* का निर्माता सन्तोष सेनले ५३ लाख रुपियाँ पर्ने कार उपहार दिएपछि त उनीतिर पूरै फिल्मवृत्तको ध्यान तानिएको छ । कतिपयले यसलाई आत्मरतिमा रमाउने मेलोका रूपमा टिप्पणी गरेका छन्, कतिले सस्तो प्रचारबाजी । त्यस्तै, उनको स्टारडमको प्रभाव मान्ने पनि उत्तिकै छन् । जे होस्, प्रदीपले आमअभिनेता, अझ अनमोल केसीभन्दा आफूलाई माथि उभ्याउने प्रयास गरेकै छन् । त्यति मात्र होइन, राष्ट्रपतिलाई जस्तै आफूलाई पनि सुरक्षागार्ड दिएर 'सम्मान' गरिएको भन्नसमेत बाँकी राखेनन् । तर, यो चुरीफुरीलाई टिकाइराख्न सक्षम होलान् त उनी ? शंकै छ । यस्तै प्रवृत्तिका कारण रमेश उप्रेती, धीरेन शाक्यदेखि आर्यन सिग्देलसम्म पाखा लागेको तीतो यथार्थ जो छ । ◆

चुनौतीको पहाड

फिल्म करिअर त ओरालो लागेकै थियो, राजनीतिमा समेत रेखा थापाले सन्तोषको श्वास फेर्न पाइनन् । कमल थापाको हातबाट टीका लगाएर अन्तिम पार्टी भन्दै राप्रपा प्रवेश गरे पनि वर्ष दिन टिक्क सकिनन् । यतिबेला पशुपतिशमशेर राणाको नयाँ पार्टीतिर लागेकी छन् । तर, अहिलेकै लागि राजनीतिभन्दा चिन्ता छ, *रूद्रप्रियाको* । फ्लप फिल्मको 'हयाट्रिक' बाट बच्नुपर्ने विडम्बना जो छ । उनका पछिल्ला दुई फिल्म *पलास* र *डायरी* असफल भएका थिए । त्यसैले आफ्नै होम प्रोडक्सनको *रूद्रप्रियाको* सन्दर्भमा निकै संवेदनशील छिन् उनी । 'चिरबिर चिरबिर..' गीतले धेरथोर चर्चा बटुल्यो । रेखा मक्ख । तर, ट्रेलरले भने टाउको दुखाएको छ । किनभने, दुई सातामा *यूट्युबमा* चार लाख भ्युज बटुल्नै मुस्किल पऱ्यो । न त नेपाल ट्रेन्डिङको अग्रस्थानमै आयो । अर्कातिर 'तिमी बाहेक..' गीतले पनि अपेक्षाकृत लोकप्रियता हासिल गर्न सकेन । क्या फसाद ! ♦

दंग दीपिका

गिनेचुनेकी र नयाँ हिरोइनमध्ये निर्माण युनिटले पक्का पनि पुरानै हिरोइनलाई प्राथमिकता दिन्छ प्रचारप्रसारमा । किनभने, दर्शकमाझ फिल्म 'मार्क' गराउन सहज हुन्छ । तर, *ऐश्वर्यको* हकमा ठ्याक्कै उल्टो भइरहेको छ । दिवाकर भट्टराई निर्देशित यस फिल्ममा केकी अधिकारी र दीपिका प्रसाईंको अभिनय छ । हिट हिरोइन हुनुको नाताले प्रमोसनमा केकी अग्रभागमा हुनुपर्ने हो तर दीपिकाको एकछत्र राज छ- पोस्टर, टिजरदेखि गीतसम्म । प्रेस मिटमा समेत दीपिकाकै वर्चस्व हुने गर्छ । अहिलेसम्म केकीलाई पूरापूर गुपचुप राखिएको छ । पहिलो फिल्ममै यस्तो गज्जबको 'ब्रान्डिङ' भएपछि दंग छिन् दीपिका । तर, रिलिजपछि पनि दीपिकाकै पल्ला भारी होला त ? फिल्म ९ कात्तिकमा प्रदर्शन हुँदैछ । ♦

भद्दा मजाक

★★☆☆☆

गोकर्ण गौतम

बक्स अफिसमा पैसा छाप्ने 'ब्रान्ड' बनिसकेको जोडी दीपकराज गिरी र दीपाश्री निरौलाको नयाँ फिल्म *छक्का-पञ्जा* २ ले फेरि उधुम मच्चाइरहेको छ । फिल्मले व्यापार गर्नु सुखद हो । तर, व्यापारले मात्र फिल्मको स्तर र सफलता मापन गर्न सकिन्न/मिल्दैन । फिल्मको मुटु हो, कलात्मकता । कथालाई विश्वसनीय शैलीमा पस्कनु पनि उत्तिकै आवश्यक हुन्छ । *छक्का-पञ्जा* २ यही कसीमा चुकेको छ। कारण, कथा अनुरूपका दृश्य र संवादमार्फत हास्य पैदा गरिएको छैन। कन्टेन्टमाथि कमेडी गरेर बलजफ्ती हँसाउने प्रयास छ, निर्देशक दीपाश्रीको । त्यसमा पनि फिल्मी स्वाद होइन, टेलिसिरियल र रेडियो नाटकको 'ह्याङओभर' छ। जबकि, यो फिल्म ६ जना मिलेर लेखिएको हो। विकासराज आचार्य र सामिप्यराज तिमिल्सेनाको कथालाई दीपकराज गिरीले पटकथामा ढालेका हुन्। जितु नेपाल, केदार घिमिरे र अभिमन्यू निरवीलाई लेखक समूहमा राखिएको छ। तर, *छक्का पञ्जा* २ मा फिल्मी गुणको खडेरी छ, बेतुकका 'कमेडी प्याकेज'जस्तो लाग्छ । अनि, नामका पछाडि २ थपिए पनि यो *छक्का-पञ्जाको* कथानक 'सिक्वेल' होइन ।

आकांक्षा (स्वस्तिमा खड्का)लाई जसरी पनि अस्ट्रेलिया जानु छ। तर, आइईएलटीएसमा अंक कम आउँछ । उता, प्रज्ज्वल (स्वरूपपुरुष ढकाल)ले आइईएलटीएसमा उच्च अंक ल्याए पनि पैसा नभएकाले अस्ट्रेलिया जान पाएको छैन। यसरी उस्तै सपना पालेर छटपटिरहेका प्रज्ज्वल र आकांक्षाको भेट गराइदिन्छन्, कन्सलटेन्सी मामा (केदार घिमिरे)ले । विदेश जानकै लागि उनीहरूको नक्कली विवाह गराइन्छ। तर, विवाह प्रमाणित गर्ने सरकारी कागजात बनाउने क्रममा अनेक झन्झट आइलाग्छ। तिनै झन्झटबाट उम्कने ध्याउन्नमै फिल्म घुमेको छ।

'डिपेन्डेन्ड'मा विदेश जान विवाहको नाटक गर्ने प्रवृत्ति केही वर्षयता निकै मौलाएको छ । जसका नकारात्मक प्रभाव देखिन थालिसकेका छन् । यस्तो यथार्थपरक विषय उठान गर्नु प्रशंसनीय हो । तर, निर्देशकले गम्भीर विषयलाई मजाकका रूपमा पर्दामा पेस गरेकी छन् । निर्देशक र पटकथाकारको अपरिपक्वता र हेलचेक्र्याइँ झल्कने घटनाक्रम बग्रेल्ती छन् । जस्तो : २० वर्षअघि र पछिको राजा (दीपक) र उमाको हुलियामा खास अन्तर छैन। न 'फ्ल्यासब्याक' का दृश्यमा तत्कालीन समयको झल्को दिने 'सेटिङ' नै छ । विवाह दर्ता गराउन हिँडेकी केटीले उत्तिखेरै पतिको हात समाउँदै 'ए दाजु नसमाउ नाडीमा...' भन्दै कम्मर मर्काउँछिन्।

आधारभूत अदालती प्रक्रियालाई समेत बेवास्ता गरिनु अर्को लाजमर्दो पक्ष हो । दर्ता भइसकेको मुद्दा मिलाउन अदालतले प्रहरीलाई आदेश दिन्छ, त्यो पनि प्रहरी अधिकृत तोकेरै । उमा छिनभरमा वकिल हुन्छिन्, छिनमै साक्षी । बहस चलिरहेका बेला तेस्रो पक्ष हक माग्दै अदालतमै आइपुग्छ। न्यायाधीशको चरित्रचित्रण पनि पचाउन मुस्किल पर्छ। 'सिनेमा लिबर्टी' वा कमेडीका नाममा गरिएका यस्ता गम्भीर त्रुटिले फिल्ममेकरको बोधस्तरमाथि प्रश्न उठाएको छ।

फिल्मका संवादले हाँसो पैदा गर्छन् । तर, फिल्मको वजन घटाउने प्रमुख कारक पनि संवाद नै बनेका छन् । किनभने, पात्रको मनोविज्ञान र परिस्थिति अनुसारका संवाद छैनन् । द्विअर्थी, जबर्जस्ती अनुप्रास मिलाइएका र महिलालाई होच्याइएका संवादको बोलवाला छ । कति दृश्य त पञ्चलाइनकै लागि तन्काइएको छ। कथामा जस्तै पात्रहरूमा पनि निर्देशकको लगाम फुत्किएको छ । अधिकांश घटनाक्रम मूल कथालाई 'जस्टिफाइ' गर्नेभन्दा हास्य सिर्जना गर्न ढंगले मात्र अगाडि बढाइएको छ । निर्देशक अनुत्तीर्ण भएको प्रमाण हो यो । लाग्छ, निर्देशक र पटकथाकारले गहन विषयलाई पर्दामा बुन्ने लोभ गरे । तर, विषय अनुरूपको गाम्भीर्य पस्कन सकेनन् । पर्याप्त गृहकार्यबिना फिल्म बनाउन हतार गरिएको छ।

केन्द्रीय द्वन्द्व स्पष्ट छैन । सहायक 'प्लट' र असरल्ल पात्रले मूल कथाको बहावलाई बिथोलेको छ । *छक्का-पञ्जा* हेरेकालाई कुनै 'ट्वीस्ट'ले चक्मा दिँदैनन् । मध्यान्तरपछि कमेडीमा 'मेलो ड्रामा' मिसाइएको छ। अन्तर्यमा हरेक पात्र यही समाजका प्रतिनिधि हुन् । तर, तिनको प्रस्तुति अतिरञ्जित छ । बरू, प्राविधिक रूपमा फिल्मले अब्बलता हासिल गरेको छ। दृश्य अनुरूपका 'लोकेसन' छन्। त्यस्तै, दृश्यलाई भव्यता बनाउन निर्माताले लोभ गरेका छैनन्। 'म त यता किनारामा...' गीतको कोरियोग्राफी लोभलाग्दो छ। सुजील कर्माचार्यको पृष्ठभूमि संगीतले दृश्यको भाव आत्मसात् गरेको छ। सिनेमाटोग्राफर दीर्घ गुरुङ पनि प्रशंसाका हकदार छन्।

स्वस्तिमा र स्वरूपको जोडीले मन जित्छ। दुवैको चरित्र र अभिनय सम्झनालायक छ । *जात्रा*बाट सम्भावना देखाएकी वर्षा राउतले यसपटक निराश पार्छिन् । प्रियंका 'ओभरएक्टिङ'को सिकार भएकी छन् । केदार घिमिरेको न चरित्र विश्वसनीय छ, न अभिनयमा नयाँपन। उनी माग्ने बूढाको दलदलबाट माथि उठ्न सकेका छैनन्। दीपकले घमन्डी स्वभावको चरित्रलाई धेरै हदसम्म आत्मसात् गरेका छन्। शिवहरि पौड्याल, जितु नेपाल, आयुष्मान देशराजलगायतका कलाकारको काम पनि सराहनीय छ। दीपाश्रीका लागि भने निर्देशकका रूपमा यो गर्व गर्नलायक फिल्म होइन । ♦

KANTIPUR DIGITAL CORP

KMG

GLOBAL COLLEGE OF MANAGEMENT PRESENTS

ekantipur

onlinexpo

STUDY FAIR 2017

Nepal's first online exhibition

IN ASSOCIATION WITH UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY HERALD COLLEGE KATHMANDU

Find all the colleges, consultancies and educational institutions to further your career, right here!

expo.ekantipur.com

TITLE SPONSOR: GLOBAL COLLEGE OF MANAGEMENT

IN ASSOCIATION WITH: UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY: HERALD COLLEGE KATHMANDU

SPONSORS: LANDMARK EDUCATION; EEVS EXPERT EDUCATION & VISA SERVICES; Kangaroo EDUCATION FOUNDATION; KIEC; PHOENIX COLLEGE OF MANAGEMENT BBA MBA; Mate's education; hub int'l education; GLOBAL REACH

PARTNER: NIC ASIA; VMAG; Einstein International Inc.; Sparrow; EVEREST GLOBAL EDUCATION; Nesfield INTERNATIONAL COLLEGE

ekantipur

It's time for the next.

नोटबुक

॥ **विमल खतिवडा**

साइकल्नी आमै

साइकल सहरको उपाधि पाएको चितवनलाई अहिले त्यो साख जोगाउनै मुस्किल परेको छ, सहरी क्षेत्रमा ठूला सवारी साधनको चापले गर्दा । यद्यपि, भित्री गाउँहरूमा भने अटुट साधनका रूपमा साइकल नै प्रयोग भइरहेको छ । गाउँघरको मुख्य साधन साइकल नै हो । *नेपाल* साप्ताहिकले दसैं अंकमा साइकलसँग मानव जीवनको सम्बन्धबारे सामग्री तयार गर्ने भएछ । यसमा चितवन अछूतो रहने कुरै भएन । यही मौका छोपेर चितवनका सहरसँगै भित्री गाउँ घुमियो ।

कांग्रेसका जिल्ला सभापति जितनारायण श्रेष्ठले साउन महिनातिर एक वृद्ध आमाले साइकलमा तरकारी बोकेर घरघर पुगेको फोटो *फेसबुकमा* राखेका थिए । मैले त्यो फोटोलाई आफ्नो मोबाइलमा 'सेभ' गरेको थिएँ । ताकि, ती आमालाई भेटेर स्टोरी गरौँ । उनको ठेगाना पत्ता लगाउन निकै सकस पर्‍यो । निकै खोजेँ । उनले तरकारी बिक्री गर्ने पसल-होटल चहारेँ । उनको घर पत्ता लगाउन दुई दिन लाग्यो ।

तस्बिरहरू : विमल खतिवडा

उनी रहिछन्, भरतपुर महानगरपालिका-१० की ललिता सापकोटा, ६९ । घर पुग्दा उनी भर्खर तरकारी बेचेर फर्किएकी थिइन् । उनले पटक-पटक साइकलको वर्णन गरिन् । अचम्मको कुरा, उनलाई साइकल चलाउनै आउँदो रहेनछ । डोर्‍याउन सिक्न मात्र दुई दिन लागेछ । "पहिला थाप्लोमै बोकेर बिक्री गर्न लैजान्थेँ, टाउकाले निकै सास्ती खेपेको थियो," उनले भनिन्, "अहिले यही साइकलको भरमा बाँचेकी छु ।"

हुन पनि उनी बिहान ४ बजे नपाउँदै उठ्छिन् । नुहाइधुवाइ गरेर पूजापाठ सक्छिन् । त्यसपछि साइकलमा सानो डोको अड्याएर उनी नारायणगढको मण्डीबाट तरकारी उठाएर भरतपुरका होटल र घर चाहर्छिन् । यही उनको दैनिकी हो ।

उनीसँग दुई घन्टा गफिने मौका मिल्यो । भोलिपल्ट तरकारी बिक्री गरिरहेको उनको फोटो खिच्नु थियो । त्यसका लागि हाकिमचोकमा बोलाइन् । मैले फोटो खिचेँ । आमाको मिहिनेत देखेर मलाई पनि तरकारी किनेर सहयोग गर्न मन लाग्यो । निगुरो समातेँ । तर, पैसा दिन खोज्दा उनले लिन मानिनन् । उल्टै 'पैसा दिने भए मेरो फोटो क्यामेराबाट मेटाउनूस्, मेरो समाचार नलेख्नूस्' भन्दै कड्किन थालिन् । 'तपाईं मेरो छोरोजस्तो, आमाले दिएको तरकारी सम्भेर खानू' भन्दै उनी हातमा निगुरो थम्याएर साइकल डोर्‍याएर अघि बढिन् । मन भारी भयो । ५० रूपियाँको निगुरो हातमा थम्याइदिँदा एक हजार रूपियाँ नै राखिदिएजस्तो भयो ।

फेरि कहिल्यै नहोस्

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको गृहजिल्ला चितवन धाउने क्रम बढेको बढ्यै छ । अब त नधाऊन् पनि किन ? प्रतिनिधि र प्रदेशसभाको चुनाव हुने पक्का भएपछि चुनावी प्रचारप्रसार त थाल्नै पर्‍यो । प्रधानमन्त्री हुँदा उनले गृहजिल्लालाई बिर्सिएनन् । पटक-पटक आए । एक अर्ब रूपियाँभन्दा बढीको विभिन्न 'प्याकेज' कार्यक्रम ल्याए । भदौ अन्तिममा गृहजिल्लामै पत्रकार सम्मेलन गरेर चितवनबाट चुनाव लड्ने घोषणा गरेका उनले १० असोजमा आउँदा भने आफ्नो चुनाव क्षेत्रको टुंगो लगाए । उनले क्षेत्र-३ बाट चुनाव लड्ने पक्का भएको सुनाए, जुन कांग्रेसको पकेट क्षेत्रमा पर्छ ।

भरतपुर महानगरपालिकाको मेयरमा छोरी रेणु दाहाललाई अघि सारेका दाहाल अब भने गृहजिल्लामा आफैं चुनाव लड्ने भएका हुन् । चुनावी तालमेलमा उनकी छोरी रेणुलाई कांग्रेसले सघाएको थियो ।

दसैं सकिनेबित्तिकै सुरु भएको एमाले-माओवादी केन्द्र तालमेल र एकीकरणको प्रसंगले अब उनी कुन पार्टीको उम्मेदवार हुन्छन्, एकीकृत पार्टीको वा माओवादी केन्द्रकै ? यो प्रश्नको जवाफ असोज तेस्रो साताभित्र तय भइसक्नेछ । जे होस्, रोल्पा, काठमाडौं र सिरहाबाट चुनाव लडिसकेका दाहाल पहिलोपटक गृहजिल्लामा आई चुनावी प्रतिस्पर्धामा उत्रँदै छन् । स्मरणीय छ, मेयरको मतगणनामा अन्तिम समयमा माओवादी कार्यकर्ताले मतपत्र च्यातेपछि भरतपुर-१९ मा पुनः मतदान भएको थियो । फेरि अध्यक्ष दाहाल उठेको क्षेत्रको मतगणना गर्ने क्रममा त्यही घटना दोहोरियो भने के होला ? तर, कामना गरौं, फेरि त्यस्तो कहिल्यै नहोस् ।

पिङ खोज्दै देवघाट

दसैं नजिकिँदै गर्दा पहिला-पहिला घटस्थापनाको अघिल्लो दिन नै घर-गाउँमा पिङ लगाउँथे । काठको रोटे पिङ र डोरी बाटेर लगाइने लिंगे पिङको महत्त्व नै छुट्टै हुन्थ्यो । जताततै पिङ खेल्नेको घुइँचो लाग्थ्यो । अहिले यस्ता दृश्य धेरै कम भएका छन् । सहर-बजारमा त विरलै मात्र यस्ता दृश्य देख्न पाइन्छ । गाउँघरमा पनि मिहिनेत धेरै लाग्ने भएकाले रोटे पिङ हराउँदै गएको छ । लिंगे पिङ हाल्न भने अहिले पनि गाउँघरमा प्रतिस्पर्धा चल्छ । अनि, पिङ खेलिरहेको फोटोले पत्रपत्रिकामा ठाउँ पनि पाउँछ ।

त्यही सपना साँचेर पिङ खोज्दै भरतपुर महानगरपालिका-१ भित्र पर्ने देवघाटवारि पुगियो । त्यहाँको रामजानकी बालिका आश्रममा लिंगे पिङ लगाइएको रहेछ । बालिकाहरू मच्चीमच्ची पिङ खेलिरहेका थिए । आश्रमको पोसाकमै पिङ खेल्न प्रतिस्पर्धा गरिरहेका बालिका देखेर फोटो खिच्ने जाँगर चल्यो । साना बालिकादेखि ठूलासम्म रमाइरहेका थिए । आश्रमले चाडबाडको महत्त्व बुझाउन पिङ लगाइदिएको रहेछ । आश्रमले यसरी पिङ लगाएर संस्कृतिको जगेर्ना गरेको छ । आशा गरौं, हराएका कला र संस्कृतिको यसरी नै जगेर्ना हुनेछ । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Dominar 400	Pulsar RS 200	Pulsar AS 200	Pulsar AS 150	Pulsar 200NS	Pulsar NS160	Pulsar 220F DTS-i	Pulsar 180 DTS-i	Pulsar 150 DTS-i	Avenger Cruise 220	Avenger Street 220	Avenger Street 150	V	Discover 150	Discover 125 Disc	Discover 125 Drum	Platina ES
Rs. 4,69,900/-	Rs. 3,99,900/-	Rs. 2,86,900/-	Rs. 2,51,900/-	Rs. 2,92,900/-	Rs. 2,59,900/-	Rs. 2,89,900/-	Rs. 2,51,900/-	Rs. 2,39,900/-	Rs. 3,04,900/-	Rs. 2,92,900/-	Rs. 2,58,900/-	Rs. 2,11,900/-	Rs. 2,01,900/-	Rs. 1,84,900/-	Rs. 1,76,900/-	Rs. 1,53,900/-

HH SOLE DISTRIBUTOR FOR NEPAL:
Hansraj Hulaschand & Co. Pvt. Ltd., Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 520974, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520316, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Parasi 520048, Bhairahawa 521855, Butwal 544549, Jeetpur (4 No.) 550249, Palpa 521349, Tamghas 520419, Arghakhanchi 420288, Rampur 400480, Waling 9856055684, Chandruata 540457

MID-WESTERN REGION:
Lamahi 540647, Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320,Tulsipur 522753, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055